# श्रीअन्तु क्षेत्रका घरबास र यसले स्थानीय समुदायमा पारेको प्रभाव

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभाग अन्तर्गत

दर्शनाचार्य (M.Phil) उपाधि प्रयोजन लागि

प्रस्तुत

शोधपत्र


प्रस्तुतकर्ता

देव नारायण बराल

रोल नः १४

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व

केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर


२०८०

## सिफारिस पत्र

शोधार्थी देव नारायण बरालद्वारा दर्शनाचार्य तहको उपाधि प्राप्तिका निमित्त **"श्रीअन्तु क्षेत्रका घरबास र यसले स्थानीय समुदायमा पारेको प्रभाव"** शीर्षकमा प्रस्तुत शोधप्रबन्ध मेरो सुपरिवेक्षणमा पूरा गरिएको हो । यो शोधप्रबन्ध इलामका श्रीअन्तुमा सञ्चालित घरबासहरूका विविध पक्षबारे अध्ययन गरी सम्पन्न गरिएको छ । शोधकर्ताले गरेको यस शोधकार्यबाट म सन्तुष्ट छु । दर्शनाचार्य स्तरीय शोधका दृष्टिले यो शोधप्रबन्ध स्वीकार्य देखिएकाले मूल्यांकनका लागि सिफारिस गर्दछु ।

....................................

सह-प्रा. डा.महेश कुमार आचार्य

शोध निर्देशक

मितिः २०८०/०३/०१

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिकशास्त्र संकाय**
**नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग**
**दर्शनाचार्य तह**
**कीर्तिपुर, काठमाण्डौ**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य तहको तेस्रो सत्रको पाठ्यांशको प्रयोजनका लागि शोधार्थी देव नारायण बरालले तयार पार्नुभएको प्रस्तुत **"श्रीअन्तु क्षेत्रका घरबास र यसले स्थानीय समुदायमा पारेको प्रभाव"** शीर्षकको शोधप्रवन्ध आवश्यक मूल्याङ्कन गरी स्वीकृति गरिएको छ ।

### शोधप्रबन्ध मूल्याङ्कन समिति

(१) सह प्रा.डा. महेशकुमार आचार्य ...............................
(शोधनिर्देशक)

(२) प्रा.डा. सोमप्रसाद खतिवडा .............................
(विभागीय प्रमुख)

(३) प्रा.डा. कन्हैया सापकोटा ................................

(वाह्य परीक्षक)

मिति २०८०/०३/२०

## कृतज्ञताज्ञापन

"श्रीअन्तु क्षेत्रका घरबास र यसले स्थानीय समुदायमा पारेको प्रभाव" शीर्षकको यो शोधपत्र त्रि. वि. मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत दर्शनाचार्य तहमा संस्कृतिको विषयको उपाधि प्राप्तिका लागि नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत गरिएको हो । यस शोधकार्यमा श्रीअन्तु क्षेत्रमा सञ्चालित घरबासहरूको इतिहास, यिनले यहाँको पर्यटन प्रवर्द्धनमा खेलेको भूमिका तथा यहाँको सांस्कृतिक, आर्थिक र पर्यावरणीय क्षेत्रमा पारेका प्रभाव सम्बन्धी विषयमा अनुसन्धान गरिएको छ ।

यो अनुसन्धान सम्पन्न गर्ने क्रममा सुरुदेखि नै हौसला र सहयोग गर्नुहुने नेपाली इतिहास, संस्कृति तथा पूरातत्व केन्द्रीय विभागका विभागीय प्रमुख प्रा. डा. सोमप्रसाद खतिवडाज्यूलाई विशेष धन्यवाद ज्ञापन गर्दछु । यस शोधपत्र तयारीको क्रममा हरेक अध्याय, शीर्षकलाई अध्ययन गरी आवश्यक सल्लाह र सुझाव दिनुहुने शोधनिर्देशक सह-प्रा. डा. महेश कुमार अचार्यज्यूप्रति विशेष आभार व्यक्त गर्दछु । शोधकार्यको विषय छनौटदेखि शोधको स्वीकृतिसम्म प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने यस विभागमा अध्यापनरत आदरणीय गुरुहरू प्रा.डा. मदन कुमार रिमाल, सहप्रा. डा. पुनम राज्यलक्ष्मी राणा, सहप्रा. डा. सन्ध्या खनाल लगायत सम्पूर्ण गुरुवर्गहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । साथै शोधपत्र तयार पार्ने क्रममा  शोधदर्शन, अध्ययन विधि तथा सिद्धान्तजस्ता विषयमा सल्लाह, सुझाव र परामर्श दिनुहुने आदरणीय गुरुद्वय प्रा.डा. जीवलाल सापकोटा तथा डा. महेन्द्र सापकोटाज्यूहरूप्रति म आभारी छु । त्यस्तै अध्ययन गर्ने वातावरण मिलाई दिनुहुने महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामका क्याम्पस प्रमुख सहप्रा. खगेन्द्र प्रसाद चापागाई तथा अन्य मित्रहरूप्रति पनि म आभारी छु ।

शोधकार्य सम्पन्न गर्न तथ्यांक सङ्कलनको क्रममा श्रीअन्तु घरबास क्षेत्रमा पुग्दा हरतरहले सहयोग गर्नुहुने घरबास सञ्चालकज्यूहरू, सूर्योदय नगरपालिकाका नगर प्रमुख, वडा नं. ४ र ५ का वडाध्यक्ष, सचिवज्यूहरू लगायत सम्पूर्ण उत्तरदाताज्यूहरूलाई धन्यवाद दिन चाहन्छु । त्यस्तै सहपाठी मित्रहरू, टाइपिङ सेटिङमा सहयोग पुऱ्याउनु हुने इलामदेखि काठमाडौंसम्मका मित्रहरूलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, मेरो यो अध्ययन अनुसन्धान कार्यमा हौसला प्रदान गर्नुहुने मेरा बुबाआमाप्रति म अनुगृहित छु । यस शोधकार्यका लागि सधैँभरी सहयोग र उत्प्रेरणा दिने जीवनसंगिनी कल्पना तथा प्यारी छोरी स्मारिका बराललाई धेरै माया सहीत धन्यवाद दिन चाहन्छु ।

शोधार्थी

देव नारायण बराल

मिति : २०८० असार १ गते

## अध्ययनसार (Abstract)

गन्तव्य स्थलमा हुने मानिसहरूको अस्थायी र छोटो क्रियाकलापलाई पर्यटन भनिन्छ । पर्यटन शब्दले घुम्नु भन्ने अर्थ लाग्दछ । फुर्सद तथा बिदाको समयमा मानिसहरू आन्तरिक तथा वाह्य पर्यटकको रूपमा देश-विदेश घुमिरहेका हुन्छन् । मानव विकासको प्रारम्भिक चरणमा मानिसहरू आहारको खोजीमा घुमन्ते जीवन बिताउँथे, जुन पर्यटन थिएन । समयक्रमसँगै नवपाषण युगसम्ममा स्थायी रूपमा बसोबास सुरु गरेको मानिस धार्मिक स्थलहरूको यात्रा गर्न थाल्यो । समाज विकासको क्रमसँगै सभ्यता र संस्कृतिको विकासका विभिन्न चरणहरू पार गर्दै अघि बढ्ने क्रममा मानिसहरू दैनिक आवश्यकता, धार्मिक उद्देश्यका साथै भौगोलिक खोजी र व्यापारको उद्देश्यले पनि यात्रा गर्न थाल्यो ।

सभ्यताकालीन समयमा विभिन्न सभ्यताहरूबीच व्यापारिक तथा अन्य सम्बन्ध कायम भए । मध्यकालमा मानिसहरू आनन्दका लागि हिंड्न थाले । चौधौँ शताब्दीमा युरोपमा आएको पुनर्जागरणसँगै परिवर्तन भएको समाज तथा विस्तारै आविष्कार भएका रेल, पानीजहाज, हवाइजहाज र मोटरगाडी जस्ता यातायातका साधन र सञ्चारका साधनहरूको विकासले विश्व सानो गाउँमा परिणत हुन पुग्यो । फलस्वरूप विभिन्न उद्देश्य राखी विश्वको एक कुनाको मान्छे अर्को कुनामा पुग्न थाल्यो । घुमाइलाई व्यवस्थित बनाउन आवश्यक यातायात, होटल, रिसोर्ट र घरबासको विकाससँगै पर्यटन विश्वव्यापी उद्योग बन्न पुग्यो । नेपाल पनि विश्वको एक गन्तव्य स्थल हो ।

बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक, प्राकृतिक सुन्दरताले भरिपूर्ण नेपाल विश्वका प्रख्यात गन्तव्य स्थलहरू मध्ये पर्दछ । नेपाल भित्र पनि आफ्ना विशेषता, ऐतिहासिकता, सुन्दरताका कारण प्रख्यात काठमाडौं, पोखरा, चितवन, लुम्बिनी, वन्दिपुर, जनकपुर, मुस्ताङ र इलाम जस्ता अनेक स्थलहरू छन् । पूर्वी नेपालमा अवस्थित इलाममा कन्याम, सन्दकपुर, श्रीअन्तु, माइपोखरी, इलाम बजार जस्ता धेरै पर्यटकीय गन्तव्य छन् । कोशी प्रदेशमा अवस्थित इलाम समुद्री सतहदेखि २५० मिटरदेखि ३६३३ मिटरसम्मको उचाइमा फैलिएको छ । विभिन्न धार्मिक स्थलहरू, सांस्कृतिक विविधता, हरियाली डाँडापाखा, चियाबगान, रेड पाण्डा लगायत विभिन्न जीव-जन्तु, अग्ला हिमश्रृङ्खला, सूर्योदयको दृश्यावलोकन आदि यहाँका पर्यटकीय आकर्षण हुन् ।

यस शोधकार्यमा पूर्वी नेपालको पर्यटकीय गन्तव्य स्थल इलामको सूर्योदय नगरपालिका वडा नं. ४ र ५ मा सञ्चालित घरबासका विविध पक्षबारे अध्ययन/ अनुसन्धान गरिएको छ । पर्यटन व्यवसायमा स्थानको आकर्षण पछि बासस्थानको ठुलो महत्व रहन्छ । इलाम घुम्न आउने पर्यटकको लागि यहाँका पर्यटकीय क्षेत्रहरूमा घरबासको व्यवस्था गरिएको छ । घरबासमा स्थानीय गाउँले वास्तुशैलीको घरमा स्थानीय परिकार खुवाई, लोकसंस्कृति, नृत्य प्रदर्शन सहीत विशेष रूपमा अतिथि सत्कार गरी आफ्नै घरमा पाहुनालाई बास दिइन्छ । नेपालका घलेगाउँ, सिरुबारी, घान्द्रुक, बन्दीपुरसँगै श्रीअन्तु घरबासको चर्चा हुने गर्दछ । यी मध्ये श्रीअन्तुका घरबासहरू कहिलेदेखि कुन रूपमा सञ्चालनमा आए ? यिनीहरूको वर्तमान अवस्था के रहेको छ ? जस्ता समस्याहरू खड्किएको र मेरो बुझाइमा यी विषयवस्तुहरूबारे अध्ययन भएको नदेखिएकोले यसको व्यवस्थित रूपमा प्राज्ञिक अध्ययन हुन जरुरी देखिएकाले यो शोधकार्य गरिएको हो । यी समस्याहरूको समाधानका लागि निम्न लिखित अनुसन्धान प्रश्नहरूको उत्तर खोज्ने कोशिश गरिएको छ ।

श्रीअन्तुमा घरबास सुरुवातको पृष्ठभूमि के कस्तो रहेको छ ? यहाँ अतिथि सत्कार कस्तो रहेको छ ? र यहाँको पर्यटन विकासमा किन र कस्तो भूमिका खेलेको छ ? यहाँका घरबासको वर्तमान स्थितिले स्थानीय समुदायमा कसरी र कस्तो प्रभाव पारेको छ ? यी समस्याहरूको सम्बोधन गर्न यो शोधकार्यका निम्न लिखित उद्देश्यहरू राखिएको छ । श्रीअन्तुमा घरबास सुरुवातको पृष्ठभूमि बारे प्रकाश पार्नु, श्रीअन्तु क्षेत्रको अतिथि सत्कार तथा यहाँको पर्यटनको विकासमा घरबासको योगदानबारे अध्ययन गर्नु र यहाँका घरबासको वर्तमान स्थितिले स्थानीय समुदायमा पारेका प्रभावहरूको विश्लेषण गर्नु । सात अध्यायमा विभाजित यस शोधकार्यमा समग्र इलामका घरबासको नभएर श्रीअन्तुका घरबासबारे मात्र अध्ययन गरिएको छ ।

कुनै पनि अनुसन्धानलाई वैज्ञानिक, विश्वसनीय वनाउन निश्चित दर्शन, ढाँचा र विधि अवलम्बन गर्नुपर्ने हुन्छ । यो अध्ययन पनि निश्चित दर्शन र विधिमा टेकेर गरिएको छ । यो इलामको श्रीअन्तु क्षेत्रको घरबास तथा त्योसँग जोडिएको समाज संस्कृति, अतिथि सत्कार र यहाँका पर्यटनको अध्ययन भएकाले यो एक सामाजिक अनुसन्धान हो । त्यसकारण यहाँ गुणात्मक अनुसन्धान ढाँचा अवलम्बन गरिएको छ । ज्ञान र सत्यता समाजबाट निर्मित हुन्छ भन्ने मान्यता अनुसार यहाँ Constructivism विधि अवलम्बन

गरिएको छ । संसारको सत्यतालाई हेर्ने दृष्टिकोण Ontology अनुसार निर्माणवादीहरू सत्य सामाजिक रूपले मानिसका दिमागमा निर्माण हुन्छ भन्ने विश्वास गर्दछन् । पर्यटन र संस्कृतिले विषयगत सत्यता (Subjective Reality) बोकेको हुन्छ भन्ने मान्यतामा यो अध्ययन आश्रित छ । दर्शनको अर्को पाटो ज्ञान मीमांशा (Epistemology) हो जसले ज्ञानको स्वरूप र स्रोतको कुरा गर्दछ । समाज र यहाँको प्रकृतिमा घटेका घटना बिचार, भनाइ, बुझाइ, अनुभव, गराइ यस अध्ययनका ज्ञानका स्रोत हुन् । संस्कृति र पर्यटनसँग जोडिएको यो अध्ययनको ज्ञानको स्रोत विषयगत हुन् ।

संस्कृतिका Cultural Ecology तथा पर्यटनका Irridex Model मा आश्रीत भएर ज्ञान प्राप्त गरिएको छ । साथै अन्तवार्ता, स्थलगत अवलोकन, लक्षित समूह छलफल तथा यी विषयवस्तुबारे हालसम्म प्रकाशित विभिन्न पुस्तक लगायत द्वितीयक स्रोतबाट प्राप्त विषयगत तथ्याङ्क, सूचनाहरूको वर्गीकरण, तुलना, विश्लेषणबाट प्राप्तिहरूको व्याख्या गरी निष्कर्षमा पुगिएको छ । अध्ययनको क्रममा के कस्ता नैतिक वा आचरणगत सवालहरू आउन सक्लान् भनी दार्शनिक दृष्टिकोण मूल्य मीमांशा (Axiology) प्रति सचेत र स्पष्ट दृष्टिकोण वनाई अनुसन्धान सम्पन्न गरिएको छ । साथै यस अध्ययनमा सम्भावनायुक्त नमुना छनौट विधि अपनाई घरबास सञ्चालक, विज्ञहरू, पालिका प्रमुख, वडाध्यक्ष, स्थानीय व्यक्तिहरूसँग एकल तथा लक्षित समुह छलफल गरी तथ्यांक सङ्कलनको त्रिकोणात्मक (Triangulation) विधि अवलम्बन गरिएको छ ।

पटक पटक स्थलगत अवलोकन सरोकारवालाहरूसँगको छलफलबाट यहाँ घरबास सञ्चालन हुनुमा प्रकृतिको देन श्रीअन्तुडाँडा नै यहाँको मुख्य वरदान देखिन्छ । सूर्योदय सहीत हिमाल, पहाड, तराईसम्मका नेपाल भारतका भू-भागहरू देख्न सकिने यस क्षेत्रमा मानव वस्तीसँगै मानिसहरूको आवाज-जावत हुने गरेको स्पष्ट हुन्छ । कुनै पनि स्थानको वातावरण अनुसार संस्कृतिको विकास हुन्छ भन्ने सांस्कृतिक पर्यावरणवादको अवधारणा अनुसार यस क्षेत्रको चिसो मौसम, चिया खेतीको लागि अनुकुल वातावरण, अन्तु पोखरी, श्रीअन्तु डाँडा तथा संस्कृतिले यहाँ पाहुनालाई आकर्षण गरेको छ ।

हिन्दु धर्ममा आस्था राख्ने साधु-सन्त, धर्मावलम्वीहरूको श्रीअन्तु डाँडाबाट सूर्य दर्शन गर्न आउने क्रममा पछि सूर्योदयको दृश्यावलोकन गर्ने क्रम सुरु भयो । सूर्योदय हेर्न यातायातको सुविधा नभएको त्यस ठाउँमा अघिल्लो बेलुका नै यात्रीहरू जान थालेपछि वि.सं. २०५२ सालदेखि स्थानीयहरूले Paying Guest को रूपमा बास दिन थाले पछि

समय क्रमसँगै यहाँ घरबासको विकास हुन पुग्या । हाल यहाँ नीजि र सामुदायिक गरी ७० वटा घरबासहरू सञ्चालनमा रहेका छन् ।

सामान्य गाउँले घरभित्र खाना खाने, बस्ने, अँगेनो, चुल्होमा आगो ताप्ने क्रमबाट सुरुवात भएको यहाँका घरबासमा वर्तमान अवस्थासम्म आइपुग्दा धेरै परिवर्तन आइसकेको छ । पुरानो घर छेउमा आधुनिक सुविधा सहीतका नयाँ घरहरू बनेका छन् । फुलका माला, अविर र खादाले गरिने स्वागत र बिदाई बिरलै देख्न पाइन्छ । अतिथि सत्कारमा पर्यटनको Irridex Model लागु भएको देखिन्छ । यहाँका घरबासको मौलिकता र अतिथि सत्कार खस्कदो क्रममा रहेको छ । व्यापारिक रूपमा घरबास क्षेत्रमा खोलिएका होटल र घरबास बीच अस्वस्थ प्रतिश्पर्धा हुँदा समयानुसार घरबास सञ्चालकहरू पनि मौलिकता बिर्सदै होटलको सुविधा दिन वाध्य देखिन्छन् ।

श्रीअन्तु डाँडा, श्रीअन्तुपोखरी र चिया बगानका आसपासमा रहेका घरबासहरूले यहाँको पर्यटन प्रवर्द्धनमा ठुलो भूमिका खेलेका छन् । तथापि यहाँको प्रकृति, श्रीअन्तु डाँडा र चिसो हरियाली वातावरण पर्यटन प्रवर्द्धनका द्योतक हुन् । दैनिक हजारौं मानिसहरूको आगमनले यहाँका घरबास सञ्चालकहरूले प्रशस्त आय-आर्जन गरेकोले उनीहरूको जीवनशैली नै परिवर्तन हुन पुगेको छ । स्वरोजगार बन्नु, नानीबाबुहरू राम्रा विद्यालयमा पढाउन सक्नु, घर गाडी गर्नुमा घरबासको आम्दानीको नै देन रहेको छ । घरबास सञ्चालनबाट श्रीअन्तुडाँडाको कायापलट भएको देखिन्छ । बुकी फूल्ने डाँडामा महँगो घडेरी विक्री हुनु, ठु-ठुला होटल, घरहरू बनिनु, यातायात सञ्चारको विकास हुनु यसका परिणामहरू हुन् ।

सांस्कृतिक रूपमा पनि सकारात्मक/नकारात्मक प्रभावहरू परेका छन् । कतिपय संस्कृति जगेर्नाको सोच आउनु, जातिय नृत्यहरू देखाउनु राम्रो कुरा हो भने परम्परागत कुरा भुलेर आधुनिक संस्कृति, खानपान, पहिरनमा रमाउनु नराम्रा पक्ष हुन् । प्रशस्त आय आर्जनका कारण सामाजिक सहयोग, सद्भाव घट्दै जानु, अतिथि सत्कारलाई ध्यान नदीनु नराम्रा पक्षहरू हुन् । चियावारी फडानी गरी होटल/कटेजहरू निर्माण गर्नु, फोहोर मैला व्यवस्थित नगर्नु ठुलो सङ्गीतको धुनले वन्यजन्तु, वृद्ध, विद्यार्थीलाई असर पुऱ्याउनु, वातावरणीय संरक्षणमा ध्यान नदीनु जस्ता समस्याहरू पनि यहाँ देखिन्छन् । तथापि घर वरिपरि स-साना वोट बिरुवा, फूल रोप्ने, चिया बगान लगाउने, अर्गानिक खेतीको सुरुवात गरी वातावरणलाई सहज बनाउने प्रयत्न गरेको पनि देखिन्छ ।

श्रीअन्तु डाँडासँग जोडिएको यहाँको घरबासमा हुनुपर्ने जुन अतिथि सत्कार, मौलिकता, दिन प्रतिदिन खस्कँदै जानुमा यहाँ राई, लिम्बु, मगर, ब्राम्हण, क्षेत्री तथा लोपोन्मुख जाति लाप्चाहरूको मिश्रित बसोबास रहनु रहेको छ । यसकारण यहाँका बासिन्दाहरू घलेगाउँ, सिरुबारीमा जस्तै आफ्नो मौलिक संस्कार र संस्कृति जगेर्नामा अलमलिनु तथा सरोकारवाला र स्थानीय सरकारले पनि लाप्चा लगायत यस्ता सबै समुदायलाई घरबास सञ्चालन प्रक्रियामा समावेश नगर्नु, नगराउनुले यस क्षेत्र तथा यहाँका घरबासको मौलिक वातावरण खस्कँदै आधुनिकतातर्फ उन्मुख भएको अध्ययनको निष्कर्ष रहेको छ ।

अध्ययनको निष्कर्ष अनुसार संसारका कुनै पनि स्थानमा बसोबास गर्ने जनजातिहरूलाई पर्यटनमा समावेश नगराउँदा त्यहाँको पर्यटन असफल हुन पुग्दछ र त्यो दीगो हुन सक्दैन । बाहिरबाट व्यापारिक उद्देश्य बोकेर आएका मानिसहरूलाई भन्दा स्थानीय समुदायलाई नै यस्ता कार्यहरूमा सरिक गराउन सकेमा स्थानीय संस्कृति र मौलिकता कायम रहने देखिन्छ भन्ने अध्ययनको सैद्धान्तिकरण रहेको छ ।

सामाजिक अध्ययन भएकाले यो नै पूर्ण भन्ने भने होइन तथापि यहाँका घरबास बारे अध्ययन गर्न चाहने जिज्ञाशुलाई यसले पक्कै पनि मद्दत गर्नेछ । यस अध्ययनको निष्कर्षबाट पालिकाहरूलाई नीतिगत निर्णय गर्न तथा घरबास होटलहरूलाई अनुगमन/नियमन गर्न सहयोग पुग्नेछ । श्रीअन्तुका घरबासमा आउने पाहुनाहरूको चापबाट आन्तरिक तथा ग्रामिण पर्यटनलाई कसरी व्यवस्थापन गर्नुपर्ने रहेछ स्थानीय समुदायलाई घरबास लगायत पर्यटनका विभिन्न गतिविधिमा सामेल नगराउँदा घरबासको मौलिकता र अतिथि सत्कार खस्कदै जाने रहेछ भन्ने ज्ञान यसले दिएको छ । घरबासहरू कसरी आधुनिकतातर्फ मोडिरहेका छन् ? समाजमा यसको प्रभाव न्यूनीकरण गर्दै मौलिकता जोगाउन के गर्नु पर्ने रहेछ भन्ने अध्ययनको योगदान रहेको छ । यहाँका घरबासहरूमा मौलिकपन कायम राख्न, पर्यावरण र संस्कृति जगेर्ना गर्न स्थानीय सरकार, सरोकारवाला बेलैमा लाग्नु जरुरी छ । अन्यथा अध्ययनको निष्कर्ष अनुसार केही वर्ष पछि यो मौलिक घरबास क्षेत्रभन्दा पनि पूर्णतः आधुनिकताले गर्दा केवल व्यवसायिक पर्यटकीय गाउँमा परिणत नहोला भन्न सकिन्न ।

*शब्दकुञ्जी* : घरबास, अतिथिसत्कार, श्रीअन्तु, सास्कृतिक-पर्यावरणवाद, लाप्चा ।

## **विषयसूची (Table of Contents)**

**पृष्ठ सङ्ख्या**


| | |
|---|---|
| सिफारिस पत्र | क |
| स्वीकृतिपत्र | ख |
| कृतज्ञताज्ञापन | घ |
| अध्ययनसार | झ |
| विषयसूची | ञ |
| तालिका सूची | ड |
| **पहिलो अध्याय : परिचय (Introduction)** | १ |
| १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study) | १ |
| १.२ समस्याको कथन (Statement of the Problem) | ४ |
| १.३ अध्ययनको उद्देश्य (Objectives of the Study) | ५ |
| १.४ अध्ययनको महत्व (Importance of Study) | ५ |
| १.५ अध्ययनको सीमा (Limitation/ Delimitation of the Study) | ६ |
| १.६ अध्याय विभाजन (Chapter Outline) | ६ |
| १.७ अवधारणत्मक ढाँचा (Conceptual Framework) | ७ |
| **दोस्रो अध्याय : पूर्व साहित्य समीक्षा (Review of Literature)** | १० |
| २.१ अवधारणागत/सैद्धान्तिक समीक्षा (Conceptual/Theoretical Review) | १० |
| २.२ विषयगत समीक्षा (Empirical Review) | १३ |
| २.३ नीतिगत समीक्षा (Policy Review) | १७ |
| २.४ अनुसन्धान रिक्तता (Knowledge Gaps) | २० |
| **अध्याय-तीन : अध्ययन विधि (Research Methodology)** | २२ |
| ३.१ शोध दर्शन (Research Philosophy) | २३ |
| ३.२ अनुसन्धान ढाँचा (Research Design) | २७ |
| ३.३ अध्ययन क्षेत्र (Study Area ) | २८ |
| ३.४ तथ्याङ्क सङ्कलन विधि (Methods of Selecting and Collecting Data) | २९ |
| ३.५ तथ्याङ्क विश्लेषण विधि तथा मुख्य सैद्धान्तिक आधार (Major Theoretical Insights for Analyzing and Interpreting Data) | ३२ |

३.६ नैतिक आचार (Ethical Consideration) ३३

**अध्याय चार : श्रीअन्तुमा घरबास सुरुवातको पृष्ठभूमि (Background of Shree Antu Homestay Initiation)** **३५**

४.१ नेपालमा घरबास (Homestay in Nepal) ३५

४.२ इलाम जिल्लाको भौगालिक अवस्थिति (Geographical Location of Ilam) ३६

४.३ इलामको नामाकरण तथा यससँग सम्बन्धित केही रमाइला प्रसङ्गहरू (Naming of Ilam and Some Interesting Facts) ३८

४.४ इलाम जिल्लाको ऐतिहासिक पृष्ठभूमि (Historical Background of Ilam) ४०

४.५ सूर्योदय नगरपालिका र श्रीअन्तु क्षेत्र (Suryodaya Municipality and Shree Antu Area) ४४

४.६ श्रीअन्तुडाँडामा घरबास सञ्चालनका आधारहरू (Basics of Homestay Operation in Shreeantu) ४४

४.७ श्रीअन्तु डाँडा र घरबास सुरुवातको पृष्ठभूमि (Shreeantu Danda and Background of Homestay Initiation) ४५

**अध्याय पाँच : घरबासको अवस्था, अतिथि सत्कार र पर्यटन प्रवर्द्धन (Status of Homestay, Hospitality and Promotion of Tourism)** **५१**

५.१ श्रीअन्तुका घरबासको वर्तमान अवस्था (Current Situation of Shree Antu Homestay) ५२

५.२ पर्यटकको आगमन (Flow of Tourist) ५४

५.३ औसत बसाइ (Average Stay) ५५

५.४ अतिथि सत्कार (Hospitality) ५६

५.५ घरबास क्षेत्रमा होटल सञ्चालन (Hotel at Homestay Area) ५८

५.६ घरबासले पर्यटन प्रवर्द्धनमा दिएको योगदान (Contribution of Homestay to Promote Tourisim) ५९

५.६.१ श्रीअन्तु पोखरी (Antu Pokhari) ६१

**अध्याय छ : घरबासले स्थानीय समुदायमा पारेको प्रभाव (Impact of Homestay in Local Community)** **६३**

६.१ आर्थिक प्रभाव (Economic Impact) ६६

६.२ सांस्कृतिक प्रभाव (Cultural Impact) ६९

६.२.१ श्रीअन्तुमा मूर्त-अमूर्त संस्कृति र घरबास (Tangible and Intangible Culture and Homestay) ७१
६.२.२ स्थानीय लोपोन्मूख आदिबासी जनजाति लाप्चा र घरबास (Endangered Nationalities Lapcha and Homestay) ७३
६.३ पर्यावरणीय प्रभाव (Ecological Impact) ७५
**अध्याय सात : सारांश, निष्कर्ष र सैद्धान्तीकरण (Summary, Conclusion and Theorization)** **७९**
७.१ सारांश (Summary) ७९
७.२ छलफल र निष्कर्ष (Discussion & Conclusion) ८२
७.३ अध्ययनको सैद्धान्तीकरण (Theorization of the Study) ९०
७.४ अध्ययनको योगदान (Contribution of the Study) ९०
**सन्दर्भग्रन्थ सूची (References)** **९२**
**परिशिष्टहरू (Appendices)** **९५**

# तालिका सूची (List of Tables)

पृष्ठ संख्या


| | |
|---|---|
| तालिका नं. १ : प्रस्तावित अवधारणात्मक ढाँचा | ९ |
| तालिका नं. २ : तथ्याङ्क सङ्कलन विधि विवरण | ३१ |
| तालिका नं ३ : घरबासले पारेका प्रभावहरू | ७७ |

# पहिलो अध्याय

## परिचय (Introduction)

### १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study)

यस शोधकार्यमा पूर्वी नेपालको सुन्दर जिल्लाको रूपमा परिचित इलाम जिल्ला सूर्योदय नगरपालिका वडा नं. ४ र ५ मा अवस्थित श्रीअन्तुक्षेत्रमा सञ्चालित घरबास (Homestay) बारे अध्ययन/अनुसन्धान गरिएको छ । पर्यटनमा गन्तव्य स्थलको आर्कषण पछि बासस्थानको महत्व रहन्छ । त्यस स्थानमा पुगि सकेपछि बासको व्यवस्था भित्र होटल, रिसोर्ट, रेष्टुरेन्ट, घरबास पर्दछन् । इलाम घुम्न आउँने पर्यटकको लागि यहाँका पर्यटकीय स्थलहरूमा घरबासको व्यवस्था गरिएको छ । घरबासमा स्थानीय गाउँले वास्तुशैलीको घरमा स्थानीय परिकार खुवाई लोक संस्कृति, नृत्य प्रर्दशन सहीत विशेष रूपमा अतिथि सत्कार गरी आफ्नै घरमा पर्यटकलाई बास दिइन्छ । इलामका विभिन्न घरबास मध्ये श्रीअन्तु घरबास पनि एक हो । श्रीअन्तुमा घरबास सुरुवातको पृष्ठभूमि के रहेको छ ? यहाँको घरबासको अवस्था तथा अतिथि सत्कार कस्तो रहेको छ ? घरबासले यहाँको स्थानीय समुदायमा के-कस्तो प्रभाव पारेको छ भन्ने कुरा यो शोधकार्यमा खोजी गरिएको छ ।

अङ्ग्रेजी शब्द Tourism फ्रेन्च भाषाको Tourisme बाट आएको हो । यसले पर्यटनलाई संकेत गर्दछ । त्यस्तै केही विद्धानहरूले Tourism वा Tourist शब्द ल्याटिन भाषाको Tornus शव्दबाट आएको मान्दछन् । जसको अर्थ circle वा गोलो घेरा वा घुम्नु भन्ने अर्थ लगाइन्छ (कार्की २०६४, पृ. १) । यसैबाट Roundtour, package tour अस्थित्वमा आएको मान्ने पनि गरिन्छ । स्वीस प्राध्यापकहरू Hunziker & Krapf ले पर्यटनलाई "Tourism is the totality of the relationship and phenomenon arising from the travel and stay of strangers, provided the stay does not imply the establishment of a permanent residence and is not connected with a remunerated activity" भनि परिभाषित गरेका छन् (Jayapalan, 2001, p. 5) । यसबाट पर्यटन भन्नाले मानिसहरूको गन्तव्य स्थलमा हुने अस्थायी तथा छोटो क्रियाकलाप जहाँ पर्यटकहरू रहन्छन् र विभिन्न कार्य र गतिविधि सम्पन्न गर्दछन् भन्ने बुझिन्छ ।

मानव विकासको प्रारम्भिक चरणदेखि मानव एक ठाउँबाट अर्को ठाउँमा पुग्ने गर्दथे । ढुङ्गेयुग, सभ्यताको युग हुँदै युरोपमा आएको औद्योगिक क्रान्ति पछि  विकास भएका यातायात तथा सञ्चारका माध्यमको विकासपछि  विकसित र परिस्कृत बन्न पुगेको पर्यटन विश्वव्यापी उद्योग बन्न पुग्यो । ढुङ्गे युगको घुमन्ते जीवन विताउने मान्छे आफ्ना दैनिक आवश्यकताहरू परिपूर्ति गर्न एक ठाउँबाट अर्को ठाउँमा जाने गर्दथ्यो र जहाँ पुगिन्छ त्यहीँ रात बस्थ्यो तर त्यो पर्यटन थिएन । विस्तारै नवपाषण युगपछि खेतीपाती, पशुपालन गरी सभ्यता र संस्कृतिको विकास गर्दै अघि बढ्ने क्रममा मानिसले कुनै अदृश्य शक्तिको परिकल्पना गरी ईश्वर वा देवी देवताको स्तुति, पूजा उपासना सुरु गरे र विभिन्न धार्मिक स्थलहरूको भ्रमण गर्न थाले (पुरी, २०५३, पृ. ३) ।

इसापूर्व कालतिर इजिप्टका शासक शुल्गी (King Shulgi) को समयमा चौडा बाटो, बगैंचा र आरामगृहहरू बनेको उल्लेख पाइन्छ (Bhatia, 2002, p. 12) । ऐतिहासिक प्रमाणहरूको अभावमा प्राचीन यात्राको वास्तविकतालाई प्रमाणित गर्न गाऱ्हो भए तापनि मुद्राहरूको प्रयोग र स-साना डुंगाको आविस्कारले गर्दा वेविलोनिया, फोनिसिया, इजिप्ट, ग्रीस जस्ता सभ्यता बिच व्यापारिक सम्बन्ध सुरुवात भई बिस्तारै मानिसहरू भारत र चीनसम्म आइपुगेका थिए (पुरी, २०५६, पृ. ४) । विश्वमा रोम बासहीरूले आनन्दको लागि पनि हिड्न थालेर यात्रालाई फराकिलो बनाए । पानीजहाज, घोडा, वग्गी अन्य यातायातका साधनको विकाससँगै उनीहरूले आनन्द र आलिशान जीवन विताउन विभिन्न स्थानहरूको भ्रमण तथा विश्वका बहुमूल्य बस्तुहरू संग्रह गर्न सुरु गरेपछि विस्तारै पर्यटनको अवधारणा नयाँ चरणमा प्रवेश गऱ्यो । मध्यकाल (इ.सन् ११००-१४००) मा यात्रालाई चर्चित गराउने काम  Marco polo, Alexander the Great, Benjamin of Tudela / Ibn Batuta ले गरेका थिए उनीहरूले विश्वका विभिन्न स्थानहरूको भ्रमण, खोजी गरी यात्रा विवरणहरू समेत तयार पारेका थिए (Bhatia, 2002, p.10) । चिनियाँ यात्रीहरूले भारत-नेपाल भ्रमण गरी तयार पारेको यात्रा विवरणहरू इतिहासमा महत्वपूर्ण मानिन्छ ।

चौधौं शताब्दीपछि युरोपमा आएको पुर्नजागरण (Renaissance) ले मानिसको सोचाई ,गराइमा परिवर्तन आउन पुग्यो । त्यसपछि ब्यापार र धार्मिक उद्देश्य मात्र नभई अर्को ठाउँको आर्थिक, सामाजिक, भौगोलिक अवस्थाको अवलोकनको लागि पनि यात्रा गर्न थालियो । उन्नाइसौं शताब्दीमा John Loudon/Thomas Telford ले सडक व्यवस्थामा नयाँ प्रविधिको विकास गरे । सन् १८२५ मा रेलयात्रा सुरु भएपछि यात्रा सुगम र छिटो हुन पुग्यो

जसले यात्रामा क्रान्तिकारी परिवर्तन ल्यायो (Jayapalan, 2001, p. 8)। बिस्तारै युरोपका Liverpool र Manchester तथा फ्रान्सको पेरिस (Paris) र न्यूरिम्वर्ग (Nuremberg) जोड्ने रेलमार्गहरू बने । सन् १८०० को दशकमा वास्पले चल्ने पानीजहाजहरूको विकासले प्रथम विश्वयुद्धताका हजारौं मानिसहरू पानी जहाजबाट यात्रा गर्न थाले । सन १८४१ मा Thomas cook ले ५७० जनाको समुहलाई प्रतिव्यक्ति केही निश्चित रकम लिएर यात्रा गराई Travel Agency को काम गरेपछि युरोप अमेरिकामा पर्यटनले ब्यापकता पाउन पुग्यो (Jayapalan , 2001, p.9) ।

यसरी घुमन्ते जीवन, यातायातका परम्परागत साधन हुँदै उन्नाइसौं शताब्दीमा आइपुग्दा रेल, पानीजहाज, हवाइजहाज र बिसौं शताब्दीमा आइपुग्दा अनेक प्रकारका मोटर गाडीहरूको विकास तथा सञ्चार क्षेत्रको विकासले पर्यटन विश्वव्यापी उद्योगको रूपमा स्थापित हुन पुग्यो । जसका कारण आज विश्वको एक कुनाको मान्छे विश्वको अर्को कुनामा विभिन्न उद्देश्य राखी घुम्न निस्किरहेका छन् । आफ्नो व्यस्त दैनिकीमा केही फुर्सद निकाली जीवनलाई उल्लासमय बनाउन निरस जीवनमा थप उर्जा थप्न, व्यक्तिगत, पारिवारिक र समुहगत रूपमा आन्तरिक तथा वाह्य पर्यटकको रूपमा मानिस घुम्न निस्कन्छन् । हिजोको दैनिक आवश्यकता पूरा गर्न, धार्मिक यात्रा गर्ने मानिस आज आराम गर्न, छुट्टि मनाउन स्वास्थ्योपचार, अध्ययन, ब्यापार, खेलकुद, मनोरञ्जन, धार्मिक, सांस्कृतिक विभिन्न उद्देश्यले घुम्ने गरेका छन् (Kunwar, 1997, p.15) ।

कुनै पनि व्यक्ति आफ्नो बासस्थान छाडेर अन्य स्थान वा मुलुक गई कम्तिमा एक रात वा २४ घण्टा बिताउछ भने त्यसलाई पर्यटक भनिन्छ भनी विश्व पर्यटन संगठनले व्याख्या गरेको छ । जहाँ उसले कुनै आय आर्जन गर्ने काम गर्न पाउदैन । पर्यटकसँग सम्बन्धित कुराहरू पर्यटन भित्र पर्दछन् । पर्यटनमा विभिन्न 6As को महत्वपूर्ण भूमिका रहन्छ । आकर्षण, पुग्न सम्भव, होटल सुविधा, अन्य सुविधा, विज्ञापन तथा क्रियाकलाप (Attraction, Accessibility, Accommodation, Amenities, Advertisement and Activities) हुन् । यी मध्ये पर्यटकलाई कुनै पनि नयाँ गन्तव्यमा जान त्यहाँको आर्कषणले उत्प्रेरणा जगाउँदछ । कुनै पनि स्थानको आर्कषण विना यात्रा सम्भव छैन । आर्कषण प्राकृतिक र मानव निर्मित गरी दुई प्रकारका हुन्छन् (Bhatia, 2002, p. 16) । प्राकृतिक सुन्दरता, हिमश्रृङ्खला, नदी, ताल, वन्यजन्तु, भौगोलिक संरचना आदि प्राकृतिक आर्कषण भित्र पर्दछन् । त्यस्तै मानव निर्मित संरचनाहरू, कला, संस्कृति, धर्म, रीतिरिवाज, भेषभूषा,

खानपान, बाजागाजा, जात्रा, पर्व, उत्सव, नृत्य आदि मानव निर्मित आर्कषण भित्र पर्दछन् । विभिन्न उद्देश्य र इच्छा अनुरूप विश्वको मानव यिनै आर्कषणको पछि दौडिरहेको छ । सूचना, संचार र यातायातको सर्वसुलभ सुविधाको कारण विश्व एउटा सानो गाउँको रूपमा विकसित भैसकेको विश्वका कुनै पनि भू-भाग बारे जान्नु र पुग्नु अब कुनै नौलो कुरा रहेन ।

विश्वका प्रख्यात पर्यटकीय गन्तव्यहरू मध्ये वहुभाषिक, वहुसांस्कृतिक, वहुधार्मिक, प्राकृतिक सुन्दरताले भरिपूर्ण नेपाल पनि एक हो । नेपाल भित्र पनि आफ्ना विशेषता, ऐतिहासिकता, सुन्दरताका कारण प्रख्यात काठमाडौं, पोखरा, चितवन, लुम्बिनी, बन्दीपुर, जनकपुर, मुस्ताङ, इलाम जस्ता अनेक स्थलहरू रहेका छन् । पूर्वी नेपालमा अवस्थित इलाम जिल्ला एक पर्यटकीय स्थल हो यहाँ कन्याम, सन्दकपुर, श्रीअन्तु, माइपोखरी, इलाम बजार जस्ता धेरै पर्यटकीय गन्तव्य स्थलहरू रहेका छन् । कोशी प्रदेशमा अवस्थित मेची अञ्चलको एक पहाडी जिल्ला इलाम समुन्द्री सतहदेखि २५० मिटरदेखि ३६३३ मिटरसम्मको उचाइमा फैलिएको छ । सूर्योदयको जिल्लाको रूपमा पनि चिनिने यहाँका सन्दकपुर, सिद्धिथुम्का, श्रीअन्तुडाँडाबाट सूर्योदयको मनोरम दृष्य देख्न सकिन्छ । विभिन्न धार्मिक स्थलहरू, सांस्कृतिक विविधता, हरियाली डाँडापाखा, चियाबगान, रेड पाण्डा लगायत विभिन्न जिव-जन्तु, अग्ला हिमश्रृङ्खला, सूर्योदयको दृश्यावलोकन आदि यहाँका पर्यटकीय आकर्षण रहेका छन् । त्यसैले इलाम पर्यटनका लागि नेपालको प्रख्यात गन्तव्य रहेको छ । इलाम र श्रीअन्तुको ऐतिहासिकता बारे पछाडिका अध्यायहरूमा चर्चा गरिएको छ । इलामको एक पर्यटकीय गन्तब्य श्रीअन्तुमा सञ्चालित घरबासका विविध पक्षबारे यहाँ अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन (Statement of the Problem)

प्राकृतिक रूपमा सुन्दर तथा सांस्कृतिक रूपमा विविधतापूर्ण इलाम जिल्ला आन्तरिक तथा छिमेकी राष्ट्र भारतका पर्यटकको आकर्षणको केन्द्र विन्दु रहेको छ । चिया बगानको जिल्लाको रूपमा पनि रहेको इलामका कन्याम, श्रीअन्तु, इलाम सदरमुकाम लगायत चिया बगान आसपास विभिन्न घरबासहरू सञ्चालित छन् । श्रीअन्तुमा कहिलेदेखि घरबासहरू कुन रूपमा सञ्चालनमा आए ? श्रीअन्तुको पर्यटन प्रवर्द्धनमा यिनको के योगदान रहेको छ ? समाजमा घरबासले के-कस्तो प्रभाव पारेको छ ? यहाँ यी र यस्ता समस्याहरू खड्किएको र मेरो बुझाईमा यी विषयमा अध्ययन भए जस्तो लाग्दैन । त्यसैले यसको

व्यवस्थित रूपमा प्राज्ञिक अध्ययन हुन जरुरी देखिएकाले यो अध्ययन  गर्न लागिएको हो । मुख्य रूपमा श्रीअन्तुमा सञ्चालित घरबासबारे नयाँ ज्ञान प्राप्त गर्ने उद्देश्य सहीत यस अध्ययनमा निम्नलिखित अनुसन्धान प्रश्नहरूको उत्तर खोज्ने कोसिस गरिएको छ ।

क) श्रीअन्तुमा घरबास सुरुवातको पृष्ठभूमि के कस्तो रहेको छ ?

ख) यहाँको अतिथि सत्कार कस्तो रहेको छ ? र घरवासले यहाँको पर्यटनको विकासमा किन र कस्तो भूमिका खेलेको छ ?

ग) यहाँका घरबासको वर्तमान स्थितिले स्थानीय समुदायमा कसरी र कस्तो प्रभाव पारेको छ ?

## १.३ अध्ययनको उद्देश्य (Objectives of the Study)

माथि उल्लेखित समस्याहरूको सम्बोधन गर्नका लागि यस शोधकार्यका निम्न उद्देश्यहरू राखिएको छ ।

क) श्रीअन्तुमा घरबास सुरुवातको पृष्ठभूमि बारे प्रकाश पार्नु ।

ख) श्रीअन्तु क्षेत्रको अतिथि सत्कार तथा यहाँको पर्यटनको विकासमा घरबासको योगदान बारे अध्ययन गर्नु ।

ग) यहाँका घरबासको वर्तमान स्थितिले स्थानीय समुदायमा पारेको प्रभावहरूको विश्लेषण गर्नु ।

## १.४ अध्ययनको महत्व (Importance of Study)

पूर्वी पहाडी जिल्ला इलाम प्रशस्त पर्यटकीय सम्भावना बोकेको जिल्ला हो । हरियाली चिया बगानसँगै विकसित यहाँको सांस्कृतिक पर्यटन, ग्रामीण पर्यटन पनि उत्तिकै महत्वपूर्ण रहेको छ । स्थानीय मौलिक परम्परा, खानपान, संस्कृतिलाई उजागर गर्ने यहाँका घरबास पनि यसैका उपजहरू हुन् । यो अध्ययन यिनै घरबाससँग जोडिएका र हालसम्म बाहिर नआएका विषयहरू उजागर गर्न महत्वपूर्ण रहेको छ । जुन अवश्य नयाँ कुरा हुनेछ । यहाँका घरबासको इतिहास, यसले समाजमा पारेको प्रभाव, यहाँको प्राकृतिक सुन्दरता र संस्कार संस्कृतिलाई घरबासले नव आगन्तुक पाहुनालाई कसरी जोडिरहेका छन् भन्ने ज्ञान यसले निर्माण गर्दछ । यस अध्ययनले नेपालको सुदुर पूर्वी क्षेत्र श्रीअन्तुका घरबासको

इतिहास, अतिथि सत्कार शैली र यसले समाजमा पारेका प्रभाव (सांस्कृतिक, आर्थिक, पर्यावरणीय-सकरात्मक/नकरात्मक) बारे ज्ञानको उजागर गर्ने हुनाले घरबास बारे जिज्ञासु व्यक्ति, अनुसन्धानकर्तालाई यो महत्वपूर्ण हुनेछ । यो अध्ययनको निष्कर्षलाई हेरेर स्थानीय पालिकाहरूलाई नीतिगत निर्णय गर्न सजिलो हुन सक्दछ साथै  अध्ययनबाट प्राप्त तथ्यहरू माथि टेकी भविष्यमा आउने पिढीहरूलाई थप अध्ययन गर्न, उद्धृत गर्न पनि यसले मद्धत गर्ने हुँदा यस अध्ययनको महत्व रहेको छ ।

### १.५ अध्ययनको सीमा (Limitation/ Delimitation of the Study)

सास्कृतिक र सामाजिक अध्ययन एक जटिल प्रक्रिया हो । कुनै एउटा अध्ययनले कुनै स्थान, समाज र सस्कृतिको अध्ययन पूर्ण हुन सक्दैन । पर्यटन, घरबास र संस्कृतिका केही सिद्धान्तहरूलाई आधार मानी यो अनुसन्धान गरिएको छ । यी विषयसँग सम्बन्धित धेरै सिद्धान्तहरू भए तापनि केही निश्चित सिद्धान्तहरू तथा गुणात्मक अनुसन्धान ढाँचाका विधिहरू अवलम्वन गरिएको छ । त्यस्तै यस शोधकार्यमा इलामका समग्र घरबास र तिनले स्थानीय समुदायमा पारेको प्रभावको अध्ययन गरिएको छैन । यहाँ स्थानीय समुदाय भन्नाले अध्ययन क्षेत्रमा बसोबास गर्ने सम्पूर्ण बासिन्दाहरू पर्दछन् । समय र विषयवस्तुका कारण यस सोधकार्यमा श्रीअन्तु क्षेत्रका घरबासले यहाँका स्थानीय समुदायको सांस्कृतिक, आर्थिक र पर्यावरणीय जीवनमा पारेको प्रभावबारे मात्र अध्ययन गरिएको छ । यहाँ सूर्योदय नगरपालिका वडा नं. ४ र ५ मा सञ्चालित घरबासहरूको मात्र अध्ययन गरिएको छ, अन्य पालिका तथा गन्तव्य स्थलबारे अध्ययन गरिएको छैन ।

### १.६ अध्याय विभाजन (Chapter Outline)

प्रस्तुत शोधपत्रमा गुणत्मक अनुसन्धान ढाँचा अपनाई विभिन्न विषयवस्तुहरूलाई निम्न लिखित अध्यायमा राखी प्रस्तुत गरिएको छ । गुणात्मक अनुसन्धान आगमनात्मक स्वरूपको हुने भएकाले तथा केही लचिलो ढाँचा भएकाले प्रतिवेदनमा एकै संरचना नहुन पनि सक्दछन् । यो शोधपत्रको प्रारम्भिक खण्डमा आवरण पृष्ठदेखि चित्रसूचीसम्मका विभिन्न आवश्यक सामग्रीहरू राखिएको छ ।

मुख्य खण्डलाई विभिन्न विषयवस्तु समेटेर सात वटा अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा अनुशन्धानको परिचय राखिएको छ । जसभित्र विभिन्न उपशीर्षकमा अध्ययनको छोटो परिचय, समस्याको कथन, अध्ययनको उद्देश्य, महत्व, अध्ययनको सीमा, अध्याय विभाजन, अवधारणात्मक ढाँचाबारे उल्लेख गरिएको छ । त्यस्तै शोधपत्रको दोस्रो

अध्यायमा शोधकार्यको महत्वपूर्ण खण्ड पूर्व साहित्य समीक्षा राखिएको छ । पर्यटन र संस्कृतिका विभिन्न सिद्धान्तहरू पर्यटन घरबास तथा इलामसँग सम्बन्धित विभिन्न पुस्तकहरूको समीक्षा गरी विभिन्न चार उपशीर्षकमा राखिएको छ । अवधारणगत/ सैद्धान्तिक, व्यवहारिक, नीतिगत समीक्षा गरी अनुसन्धान रिक्तता वा प्रस्थान विन्दु पत्ता लगाइ शोध कार्य अघि वढाइएको छ । Key variables, theoritical design र primary text गरी पूर्व साहित्य समीक्षाको three pronged नीति अनुरूप गरी विषयवस्तु लाई समेटिएको छ ।

अध्याय तीनमा शोध विधि समावेश गरिएको छ । यस भित्र शोध दर्शन, अनुसन्धान ढाँचा, अध्ययन क्षेत्र रोज्नुको कारण, तथ्याङ्क सङ्कलन विधि, विश्लेषण विधि, मुख्य सैद्धान्तिक आधार तथा नैतिक आचार जस्ता उपशीर्षकहरू राखिएका छन् ।

अध्याय चारमा इलामको भौगोलिक अवस्थिति, छोटो इतिहास हुँदै श्रीअन्तुको परिचय तथा यहाँको घरबास सञ्चालनको पृष्ठभूमि बारे प्रकाश पारिएको छ ।

अध्याय पाँचमा यहाँका घरबासको अवस्थाभित्र पर्यटकको आगमन, वसाई अवधि, अतिथि सत्कार, यहाँको कला संस्कृति जगेर्ना गर्दै पर्यटन प्रर्वद्धनमा घरबासले दिएको योगदान जस्ता उपशीर्षकहरूमा व्याख्या गरिएको छ ।

अध्याय छमा घरबासले श्रीअन्तुको स्थानीय समुदायको जीवनमा पारेको प्रभाव बारे उल्लेख गर्ने क्रममा आर्थिक, पर्यावरणीय, सांस्कृतिक (धर्म, संस्कृति, जात्रा) प्रभावका उपशीर्षकहरू राखिएका छन् ।

अध्याय सातमा शोधकार्यको छलफल, निष्कर्ष, सैद्धान्तिकरण र अध्ययनको योगदान राखिएको छ ।

शोधपत्रको तेस्रो भाग या सन्दर्भ खण्डमा सन्दर्भ ग्रन्थसुची, परिशिष्ट तथा फोटाहरू, नक्साहरू राखिएका छन् ।

### १.७ अवधारणत्मक ढाँचा (Conceptual Framework)

सामाजिक अनुसन्धान समाजमा भएका ज्ञान र शोधकर्ताले खोज्न पर्ने ज्ञानमा आधारित रहेको हुन्छ । यही समाजमा रहेको सत्य, तथ्य पत्ता लगाउनु नै सामाजिक अनुसन्धान हो । कुनै पनि विषयवस्तु बारे अनुसन्धान गरी निष्कर्षमा पुग्नको लागि सम्पूर्ण अनुसन्धान योजनाको अवधारणागत योजना बनाउनु पर्ने हुन्छ । कस्ता कस्ता चर (Independent, dependent and controlled Variables) बिच कस्तो सम्बन्ध (Cause-and-

effect) रहेको छ भन्ने कुरा पत्ता लगाई सही निष्कर्षमा पुग्न त्यो विषयसँग सम्बन्धित अनुसन्धानका सिद्धान्त तथा विधिहरू समेटेर अनुसन्धान पूर्व एक अवधारणात्मक ढाँचा Conceptual framework बनाउनु आवश्यक हुन्छ । जुन एउटा अनुसन्धानको मार्गदर्शक योजना हो (Berman & Smyth, 2015, p. 125)।

प्रस्तुत अनुसन्धानको शीर्षक श्रीअन्तु क्षेत्रमा घरबासको स्थिति र यसले पारेको सांस्कृतिक प्रभाव एक सामाजिक अध्ययन भएकाले यहाँ गुणात्मक अनुसन्धान ढाँचा अवलम्वन गरिएको छ । यो अध्ययन श्रीअन्तु चिया बगान आसपासका समाज, घरबाससँग सम्बन्धित अध्ययन भएकाले यहाँका मानिसको संस्कार, संस्कृति, मानवीय भावना, व्यवहारको अध्ययन गरिन्छ । यो एक सामाजिक अध्ययन भएकाले विषयको गहिराइसम्म पुग्न Anti positivism research paradigm विधि अवलम्वन गर्दै ज्ञान र सत्यता समाजबाट निर्मित हुन्छ भन्ने मान्यता constructivism लाई अवलम्वन गरिएको छ । संस्कृति र पर्यटनसँग सम्बन्धित चरहरू बिचको सम्बन्ध पत्ता लगाई निष्कर्षमा पुग्नको लागि संस्कृतिका प्रकार्यवाद र सांस्कृतिक पर्यावरणवादलाई अवलम्वन गरिएको छ ।


मानव समाज र वातावरण बिचको अन्तरसम्बन्धबारे अध्ययन गर्न सांस्कृतिक पर्यावरणवाद अनुसन्धान विधि अवलम्वन गरिन्छ । यसमा संस्कृतिलाई मुख्य अवयव मानेर अध्ययन गरिन्छ । समग्र human ecology लाई दुई भागमा बाँडेर अध्ययन गरिन्छ Human biological ecology (मानवले कसरी जैविक विधिबाट अनुकरण गऱ्यो) र Human cultural ecology (मानवले संस्कृतिबाट कसरी अनुकरण गऱ्यो) । Julian Steward (1902-1972) द्वारा प्रतिपादित सांस्कृतिक पर्यावरणवाद वातावरणसँग घुलमिल हुँदै संसारका विभिन्न ठाउँमा मानव कसरी के कस्ता संस्कृतिहरूको विकास गरी आफूलाई अनुकुलन गर्दै अघि बढी रहेका छन् भन्ने कुरा अध्ययन गर्न महत्वपूर्ण रहेको छ ।

नेपालका पूर्वी पहाडी जिल्लाहरू मध्ये चिया खेतीको लागि इलाममा मिल्दो हावापानी भएकाले वि.सं. १९२० मा चिया लगाउन सुरु गरिएको थियो । (लामा, १९५९, पृ. ३१) । यो सँगै विस्तारै इलाममा इलाम सदरमुकाम, कन्याम, पानीटार, श्रीअन्तु जस्ता विभिन्न चिया बगानको विकास हुन पुग्यो । जसले गर्दा यहाँको पर्यटन प्रवर्द्धन हुन पुगी यहाँका मानिसहरूको सामाजिक आर्थिक जीवनमा ठुलो प्रभाव पर्न गयो । श्रीअन्तु क्षेत्रमा भने श्रीअन्तुडाँडाका साथै चिया बगान बिच घरबासहरूको विकास हुन पुग्यो । यो अध्ययन यिनै घरबासको वरिपरि रहेको छ । त्यस्तै पर्यटकीय गन्तव्यस्थलमा पर्यटकलाई हेर्ने

दृष्टिकोणसँग सम्बन्धित Doxey's model लाई पर्यटन र संस्कृतिबिचको सम्बन्ध अध्ययन गर्न अवलम्वन गरिएको छ । पर्यटन र संस्कृतिले विषयगत सत्यता बोकेको हुन्छ भन्ने मान्यतामा यो आश्रीत रहेको छ । यो अनुसन्धानलाई विशेष गरेर संस्कृतिका सांस्कृतिक पर्यावरणवाद र प्रकार्यवाद तथा पर्यटनका स्थापित सिद्धान्तहरूमा आधारित भई निष्कर्षमा पुऱ्याएको छ ।

प्रस्तुत शोधकार्यको उद्देश्यअनुरूपका कुराहरू पत्ता लगाई निष्कर्ष पुग्न निम्नानुसारको अवधारणा बनाइएको छ ।

**तालिका नं. १ : प्रस्तावित अवधारणात्मक ढाँचा**



# दोस्रो अध्याय

## पूर्व साहित्य समीक्षा (Review of Literature)

### २.१ अवधारणागत/सैद्धान्तिक समीक्षा (Conceptual/Theoretical Review)

सामाजिक अनुसन्धान समाजमा भएका ज्ञान र शोधकर्ताले खोज्न पर्ने ज्ञानमा आधारित रहेको हुन्छ । यही समाजमा रहेको सत्य, तथ्य पत्ता लगाउनु नै सामाजिक अनुसन्धान हो । अनुसन्धानले प्रस्तावित विषयवस्तुका बारेमा हुनु पर्ने ज्ञान र विद्यमान ज्ञानबिच भएको अपूर्णतालाई पूर्णता प्रदान गर्ने कार्य गर्दछ । त्यसैले शोधकर्ताले पत्ता लगाउन खोजेको ज्ञान, पहिलाका अग्रज शोधकर्ताले गरेको अनुसन्धान प्रतिवेदन, लेखिएका पुस्तक र लेख रचना लगायतका सामग्रीहरूको अध्ययनबाट प्रष्ट पार्न सकिन्छ । यसरी एउटा नयाँ शोधकर्ताले आफूले पत्ता लगाउन लागेको तथ्य वा सत्यको विषयमा अन्य लेखकले के कति अध्ययन गरेका छन् ? वा छैनन् ? भनी गरिने कार्य नै पूर्व साहित्यको समीक्षा हो । वैज्ञानिक अनुसन्धान पद्धतिको प्रयोग गरी पुराना ज्ञानको संश्लेषण र नयाँ तथ्यहरूमा विश्लेषण गरी नविनतम ज्ञानको सार निर्माण गर्नु नै अनुसन्धानको मुख्य कार्य हो । यहाँ गर्न लागिएको शोध कार्यसँग सम्बन्धित लेखिएका विभिन्न पुस्तकहरूको अध्ययन गरिएको छ ।

Jayapalan (2001) द्वारा लेखिएको ***An introduction to tourism*** नामक पुस्तकमा पर्यटन भनेको के हो ? यसको प्रकृति, प्रकारहरू, इतिहास, विकासक्रम, पर्यटन, बजारीकरण, यसको आर्थिक, सामाजिक, सास्कृतिक महत्व, धार्मिक-सांस्कृतिक पर्यटन, पर्यटनका विश्वव्यापी विभिन्न संघ-संस्था, Accommodation, Travel Agency, Travel document, Cultural tourism In India लगायत पर्यटन सम्बन्धी महत्वपूर्ण सैद्धान्तिक कुराहरू समेटिएको छ । पर्यटन, घरबास सम्बन्धीको अध्ययनमा यो सहयोगी पुस्तक भए तापनि यहाँ नेपालका पर्यटकीय गतिविधि, होटल, घरबास बारे चर्चा गरिएको छैन ।

A.K. Bhatia (2002) ले आफ्नो ***Tourism development*** पुस्तकमा पर्यटन आज विश्वको ठुलो उद्योगको रूपमा स्थापित भएको उल्लेख गरेका छन् । पर्यटनले विश्वलाई जोड्ने मात्र नभएर आर्थिक रूपमा धेरै देशलाई समुन्नत बनाएको छ । यसै प्रसङ्ग यो पुस्तकमा पर्यटनको इतिहाससँगै पर्यटनका पूर्वाधार लगायतको चर्चा गरिएको छ । दुई

भागमा विभाजित यो पुस्तकको पहिलो खण्डमा पर्यटनको इतिहास तथा आर्थिक, सांगठनिक पक्षको चर्चा गरिएको छ भने अर्को भागमा पर्यटन उद्योगका क्रियाकलाप, सेवा तथा व्यवस्थापकीय कुराको चर्चा गरिएको छ । चौध अध्यायमा विभाजित यस पुस्तकमा पर्यटन सम्बन्धी धेरै कुराको चर्चा गरिएको भए पनि नेपालको घरबासबारे चर्चा गरिएको छैन ।

Verstrate (2007) ले ***Homestay 101 for hosts : Complete guide to start and run a successful homestay*** भन्ने पुस्तकमा घरबास के हो ? भइरहेका घरबासलाई कसरी सुधार गर्ने, कसरी अन्तराष्ट्रिय पाहुना भेटाउने, पाहुना कोठाहरू कसरी बनाउने, घरबासका नियमहरू कसरी र के बनाउने जस्ता कुराहरू समेटेका छन् । त्यस्तै यसमा Host का कर्तव्यहरू के हुन् ? कानुनी कुराहरू, कसरी सफल घरबास सञ्चालक बन्न सकिन्छ आदि घरबाससँग सम्बन्धित सैद्धान्तिक कुराहरू उल्लेख गरिए तापनि नेपालका घरबासहरूको अवस्था बारे यहाँ चर्चा गरिएको छैन।

***Be our guest-'perfecting the art of customer service'*** Kinni (2011) ले लेखेको यस पुस्तकमा पर्यटकको सेवा तथा अतिथि सत्कार बारे लेखिएको छ । अतिथिलाई नयाँ, स्मरणीय र अद्वितिय ढंगमा उनीहरूको इच्छा अनुसार सेवा दिई कसरी सन्तुष्ट पार्न सकिन्छ भनेर ब्याख्या गरिएको छ । पर्यटन उद्योगमा अतिथि सत्कारको महत्व र तरिकाबारे यसमा चर्चा गरिए पनि यो गर्न लागिएको अध्ययनको विषयवस्तु बारे चर्चा गरिएको छैन ।

Laws & Thyne (2012) ले ***Hospitality, tourism and lifestyle concepts : Implications for quality management and customer satisfaction*** नामक २५८ पेज भएको पुस्तकमा Host र Guest बिचको सम्बन्ध, खानपान, घरबासमा हुनुपर्ने सेवाको गुणस्तर,पर्यटकको सन्तुष्टिबारे चर्चा गरेका छन् । एक्काइसौं शताब्दीको पर्यटक आफ्नो इच्छा अनुसारको गन्तव्य स्थल र त्यहाँ पाइने सेवा सुविधाबारे सचेत रहेकाले विश्वका विभिन्न स्थानका घरबास र त्यहाँको अतिथि सत्कार र व्यक्तिको जीवनशैली बिच तालमेल हुनुपर्ने भन्ने दृष्टिकोणबाट यो पुस्तक तयार पारिएको छ । पर्यटकको इच्छा अनुसार सेवा प्रदान गर्न सकेमा मात्र पयर्टन व्यवसाय फस्टाउन सक्ने कुराको चर्चा गरिए तापनि इलामका घरबासको उल्लेख गरिएको छैन ।

पर्यटन उद्योगको विश्वव्यापी विस्तारसँगै पर्यटकलाई गरिने, दिइने अतिथि सत्कार सम्बन्धमा उचित मार्गदर्शन सहीत केही पुस्तकहरू लेखिएका छन् । Micah Solomon (2016) ले ***The heart of hospitality*** पुस्तकमा पर्यटकलाई कसरी सत्कार गर्ने, सेवा सुविधा

दिने र उसलाई नर्विसिने बनाउने भन्ने चर्चा गरेका छन् । अङ्ग्रेजी माध्यममा प्रकाशित १९२ पृष्ठको यो पुस्तकमा घरबासबारे केही कुरा समेट्न खोजिए पनि नेपालको पर्यटन, Home Stay बारे चर्चा गरिएको छैन।

Hargrove (2017) ले ***Cultural heritage tourism five steps for success and sustainability*** भन्ने पुस्तकमा सांस्कृतिक सम्पदा क्षेत्रमा पयटकलाई कसरी आर्कषण गर्न सकिन्छ, सांस्कृतिक पर्यटन भनेको के हो ? त्यस्ता क्षेत्रको विकासको लागि कस्ता योजनाहरू बनाउनुपर्दछ ? लगायत सफलता र दीगोपनका लागि पाँचवटा तह सहीतका विषयवस्तुहरू प्रस्तुत गरेका छन् । जुन पर्यटनको सैद्धान्तिक विषयवस्तुका लागि महत्वपूर्ण रहेको छ ।

Robinson & Luck, (2020) द्वारा लिखित ***Tourism*** नामको पुस्तकमा पर्यटनको परिभाषा, आधुनिक परिवेश, व्यवस्थापन, नीतिनियमहरू, योजना, सम्पदाहरूको व्यवस्थापन, पूर्वाधार विकास लगायत पर्यटन सम्बन्धी विविध विषयवस्तु समेटेर लेखेका छन् । सन् २०२० मा अङ्ग्रेजी माध्यममा प्रकाशित ४८० पृष्ठ यो पुस्तक धेरै बिक्री भएको सूचीमा पर्दछ, यद्यपि यसमा चिया पर्यटन र घरबास लगायतका विषयमा भने चर्चा रहेको छैन ।

Oktadiana & Aters (2022) द्वारा लिखित लेखहरू संङ्ग्रहीत ***Current issues in tourism, gastronomy and tourist destination resrarch*** प्रकाशित गरेका छन् । यस पुस्तकमा Guest र Host बिचमा हुनुपर्ने वार्तालाप, कोठाको समिप्यता, बाहिरी वातावरण कस्तो हुन जरुरी छ, पाहुनासँगको गफगाफ, भलाकुसारी, सफा वातावरणसँगै अतिथि सत्कार धेरै महत्वपूर्ण हुने कुराको चर्चा रहेको छ। Covid 19 पछि घुम्न निस्कने पर्यटकीय गन्तब्य तथा घरबास भएका समाजहरू सफा-सुग्घर हुनुपर्ने तथा हावापानी, खानपानमा सचेत भएकाले सोही प्रकारको तयारी घरबासमा हुनुपर्ने कुरा उल्लेख छ। विश्वका विभिन्न क्षेत्रबाट भेला भएका पर्यटनविद्ध, विद्धानहरू तथा सरोकारवालाहरूले 3rd Tourism Gastronomy and Destination International Conference (TGDIC 2021) Jakarta, Indonesia मा पर्यटन सम्बन्धी अनुभव र ज्ञान बाड्ने क्रममा प्रस्तुत कार्यपत्रहरू समेटेर यो ४७० पृष्ठ लामो पुस्तक तयार पारिएको छ। तथापि यसमा नेपाल तथा इलामका घरबास बारे चर्चा गरिएको पाइएन ।

Langgat (2022) ले लेखेको ***Insights into the hospitality, industry in Sabah : Issues and challenges*** नामक पुस्तकमा विभिन्न अनुसन्धानबाट प्राप्त निष्कर्षलाई समेटेर

पर्यटन गन्तव्यमा हुनुपर्ने सेवा सुविधा, अतिथि सत्कार, गन्तव्य स्थलमा बासको व्यवस्था, खानपान, अतिथि सत्कार बारे चर्चा भएको यो पुस्तक पर्यटन व्यवसायको लागि धेरै महत्वपूर्ण र मार्गदशकको रूपमा रहेको छ । Sabah को Hospitality का Issues and Challenges बारे चर्चा गर्दै समग्र उद्योगलाई सहयोग पुग्ने ज्ञान यहाँ प्रस्तुत गरिएको छ । तथापि नेपालका घरबासको अवस्थाबारे यहाँ चर्चा गरिएको छैन ।

साथै यहाँ पर्यटनको Irridex model को पनि समीक्षा गरिएको छ । Host / Guest सम्बन्ध Euphoria बाट Apathy, irritation हुँदै Antagonism सम्म पुग्दछ भन्ने Doxey's Model रहेको छ । Irridex Model को रूपमा पनि रहेको यो Model अनुसार जब पर्यटकको संख्या बढ्छ तब Host को पर्यटकलाई हेर्ने दृष्टिकोण परिवर्तन हुन्छ त्यहाँ प्रतिक्रिया (Reaction/Emotion) बढ्न थाल्दछ । गन्तव्यस्थलका जति पनि नराम्रा कामको जिम्मा पर्यटकलाई लगाइन्छ ।

विश्वव्यापी उद्योगका रूपमा स्थापित पर्यटन र यससँग सम्बन्धित विविध बिषयवस्तु समेटेर धेरै पुस्तकहरू लेखिएका छन् । पर्यटन सेवामा आधारित उद्योग भएकाले पाहुनाको सेवा, सत्कार, सुविधाको लागि पूर्वाधारको विकास गर्नु आवश्यक हुन्छ । पर्यटन, घरबास सम्बन्धी लेखिएका सैद्धान्तिक र अवधारणात्मक यस्ता धेरै पुस्तकहरू मध्ये विश्वव्यापी रूपमा केहीको मात्र यहाँ समीक्षा गरिएको छ । जुन पुस्तकहरू पर्यटनका विभिन्न सिद्धान्त र अनुसन्धानका विभिन्न ढाँचामा लेखिएका छन् ।

### २.२ विषयगत समीक्षा (Empirical Review)

मानव विकास क्रमसँगै एकाइसौं शताब्दीको Science and Technologicalage को आजको मानव आफ्नो ब्यस्त दैनिकीबाट केही फुर्सद निकाली निरस जीवनलाई उल्लासमय र उर्जासिल बनाउन विभिन्न उद्देश्य राखी बाह्य तथा आन्तरिक पर्यटकको रूपमा घुम्न निस्कन्छ । पर्यटकलाई घुम्न जान कुनै पनि गन्तब्यको आकर्षणले उत्प्रेरणा जगाउँछ साथै यहाँ प्राप्त हुने सेवा सुविधाको पनि ठुलो महत्व रहन्छ ।

प्रस्तुत विषय श्रीअन्तु घरबासको इतिहास यहाँका घरबासको अवस्था तथा पर्यटन प्रवर्द्धनमा खेलेको भूमिका र यसले यहाँको समाजमा पारेको प्रभावबारे अध्ययन गर्ने क्रममा इलामका विभिन्न क्षेत्रको स्थलगत अवलोकन गर्ने तथा यस विषयसँग सम्बन्धित विभिन्न साहित्यिक स्रोतको खोजी गर्ने कार्य गरिए पनि यसबारे धेरै अध्ययनहरू भएको पाउन

सकिएन । राष्ट्रिय, अन्तराष्ट्रिय पुस्तकहरूले पर्यटन सम्बन्धी सैद्धान्तिक विषयवस्तु उठान गरे पनि इलाम, श्रीअन्तु र यहाँका घरबास केन्द्रित अध्ययन त्यति पाइन्न ।

लामा (१९५९) ले इलामबारे सर्वप्रथम नोभेम्बर १९५९ मा दार्जिलिङबाट ***इलाम दर्पण*** भन्ने पुस्तक प्रकाशन गरेका थिए । इलामका प्राकृतिक, सांस्कृतिक स्थलहरू, इलामको साँध, सीमाना, अड्डा-अदालत , उद्योग वाणिज्य तथा तत्कालिन प्रशासन व्यवस्था र वडा हाकिमहरू बारे चर्चा गरेका छन् । छोटकरीमा इलामका पर्यटकीय स्थलहरूबारे चर्चा गरिए पनि यहाँ उठान गरिएको विषयवस्तुबारे चर्चा गरिएको छैन ।

***Schwerzel*** & Aters (२०००) ले काठमाडौंबाट प्रकाशित ***The Lepcha of Nepal*** भन्ने अङ्ग्रेजीमा लेखिएको करिव ७० पेजको सानो खोजमुलक पुस्तकले इलामका आदिबासी लाप्चाबारे विस्तृत रूपमा प्रष्टाएको छ । लाप्चाको उद्‌गम बासस्थान, इलाममा यी जातिको अस्तित्व आदिबारे चर्चा भए तापनि यिनीहरूको भेषभूषाबारे यसले खासै उल्लेख गरेको देखिन्न । इलाममा मात्र रहेको लाप्चाबारे यस पुस्तकले धेरै कुरा अवगत गराई राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रसम्म उनीहरूको परिचय गराएको छ । तथापि श्रीअन्तुका घरबासमा उनीहरूको योगदान बारे चर्चा गरिएको छैन ।

रावल (२०४५) ले आफ्नो पुस्तक ***चिया हेर्दा सुन जस्तो*** मा चिया खेती, चियाको लागि उपयुक्त माटो, भारत, जापानमा चिया विकासको इतिहासबारे चर्चा गरेका छन् । भारतका दार्जिलिङ, लगायतका ठाउँको चिया खेती, यसका प्रकारहरूको चर्चाको साथै त्यहींबाट नेपालमा पनि चिया भित्रिएको छोटकरीमा उल्लेख गरेका छन् तर यसमा चिया बगानसँगै जोडिएका घरबासहरूको चर्चा गरिएको छैन । त्यसकारण मेरो अध्ययन यो भन्दा पृथक रहेको छ ।

कार्की (२०५८) ले ***इलाम दर्शन*** नामक पुस्तकमा इलामका हरेक पक्षलाई समेटेर २३४ पृष्ठमा समावेश गरी नयाँ बानेश्वर काठमाडौंबाट प्रकाशित गर्नुभएको छ । कुल ३९ शीर्षकमा विभाजित यस पुस्तकमा इलामको सांस्कृतिक, प्राकृतिक क्षेत्रहरूलाई समेटे तापनि संक्षिप्त रूपमा उल्लेख गरिएको छ । यसले इलामका विभिन्न क्षेत्रमा ख्याती कमाउनु भएका महानुभावहरूको बारेमा भने फोटो सहीत विस्तृत रूपमा चर्चा गरेको छ। तथापि घरबासबारे यहाँ चर्चा गरिएको छैन ।

कार्की (२०६४) ले लेखेको पुस्तक ***सांस्कृतिक पर्यटन*** मा पर्यटनको परिचय, प्रकार, विकासक्रम, नेपालमा सांस्कृतिक, पर्यावरणीय पर्यटन, पर्यटकीय गतिविधिहरू, पर्यटनसँग

सम्बद्ध उद्योगहरूबारे चर्चा गरिएको छ । उक्त पुस्तकबाट पर्यटन सम्बन्धी धेरै जानकारी पाउन सकिन्छ । जुन अध्ययनको क्रममा आंशिक रूपमा उपयोगी हुने छ ।

त्यसैगरी कर्मचारी बचतकोष जिल्ला विकास समितिको कार्यालय इलामले प्रकाशन गरेको ***चियाबारी दर्पण*** (२०६२) मा इलामका विभिन्न विषयबस्तु समावेश गरिएको छ । सूर्योदय र सुर्यास्तको दृश्यावलोकन गर्न सकिने इलामका सिद्धिथुम्का, सन्दकपुर, श्रीअन्तु डाँडा तथा यहाँ पाइने चराचुरुङगी, जनावर र बनस्पतिको चर्चा गरिएको छ । तथापि यहाँ घरबास बारे चर्चा गरिएको छैन त्यसकारण मेरो अध्ययन योभन्दा पृथक रहेको छ । गौतम (२०६५) को ***इलाम र इलामको साहित्य*** नामक सानो पुस्तकमा पनि इलामका पर्यटकीय स्थलको बारेमा छोटकरीमा लेखिएको छ ।

Subba (2011) ले ***History culture and customs of Sikkim*** नामक पुस्तकमा सिक्किमको इतिहास, विगतमा पूर्वी नेपालसम्म फैलिएको लिम्वुवानको इतिहास, यो क्षेत्रको संस्कृति तथा इलामको श्रीअन्तु क्षेत्रमा वसोबास गर्ने लाप्चाहरूको इतिहास, लिम्बुवान हुदै सुगौलीसन्धिपछिको नेपालबारे चर्चा गरेका छन् । ४४५ पृष्ठ लामो अङ्ग्रेजीमा लेखिएको यो पुस्तकले एकीकरण अगाडिको पूर्वी नेपाल, इलाम र समग्र सिक्किम बारे उल्लेख गरेको छ । भुटियाहरूभन्दा अगाडि सिक्किममा लिम्बु, मगर, लाप्चाहरूको बसोबास रहेको र बिस्तारै पूर्वी नेपालसम्म छरिएको उल्लेख गरिए तापनि यो शोधकार्यमा गर्न लागिएको विषयवस्तु बारे चर्चा गरिएको छैन ।

Sen (2017) ले ***Everyday sustainability gender justice and fair trade tea in Darjeeling*** नामक २७२ पृष्ठको पुस्तकमा दार्जिलिङको इतिहास, त्यहाँका नेपाली दाजुभाइहरू, उनीहरूको संस्कार, संस्कृति, बानी-व्यहोँराका साथै दार्जिलिङको चिसो मौसममा व्रिटिसकालमा चीनबाट करिब २०० वर्ष अघि चियाका बुटा ल्याएर अर्गानिक चिया खेती सुरुवात गरिएको जुन अहिले विस्तारित हुँदै त्यहाँको १७५०० हेक्टर जमिनमा फैलिएको र दार्जिलिङ व्राण्डको चिया यूरोप, अमेरिका तिर निर्यात भइरहेको कुरा उल्लेख गरेका छन् । यहिबाट नेपालमा चियाको विरुवा ल्याएर इलाममा पनि चिया खेती सुरुवात गरिएको थियो जुन चिया बगान आसपासमा आज पर्यटकीय गतिविधिहरू भइरहेका छन् । तथापि यस पुस्तकमा इलामका चिया बगान आसपासका घरबासहरूको चर्चा भने गरिएको छैन ।

काजी जगत वहादुर लाप्चा स्मृतिग्रन्थ प्रकाशन समितिद्वारा प्रकाशित ***आथिङ काजी जगत वहादुर लाप्चा* (२०७५)** नामक स्मृतिग्रन्थमा इलामका विभिन्न व्यक्तित्वहरूले श्रीअन्तु क्षेत्रको विकास, पहिचान र स्थानीय लोपोन्मुख जाति लाप्चाको उत्थानका लागि काजी जगत बहादुर लाप्चाको योगदान बारेमा लेखिएका ५५ वटा लेखहरू समेटिएको छ । यसमा आदरणीय जगत बहादुर लाप्चाको योगदान यहाँका लाप्चाहरूको बारेमा तथा श्रीअन्तु क्षेत्रमा विकास निर्माण, बाटोघाटो निर्माण, लाप्चा सङ्ग्रहालय निर्माणमा उहाँको योगदान बारे चर्चा गरिएको छ । श्रीअन्तु क्षेत्र यहाँका लाप्चाहरू, उनीहरूको संस्कृति, जगत वहादुर लाप्चाको यो क्षेत्रको विकास र सामाजिक सेवामा रहेको योगदानको बारेमा जान्न बुझ्न यो स्मृतिग्रन्थ निकै महत्वपूर्ण रहेको छ । तथापि यहाँका घरबासहरूको वर्तमान अवस्था आदि को बारे भने यसमा कुराहरू समेटिएको छैन ।

पौडेल (२०७८) ले ***विश्वशीशामहल श्रीअन्तु*** नामक १६६ पृष्ठको पुस्तक प्रकाशन गरी श्रीअन्तुका धार्मिक क्षेत्रहरू, यहाँको शिक्षा, कृषि, वनजङगल, कला, साहित्य, टोलहरू, महत्वपूर्ण व्यक्तिहरू तथा यहाँको पर्यटन र घरबासबारे संक्षिप्तमा लेखहरू समावेश गरेका छन् । शोधकार्यमा यो पुस्तक केही सहयोगी हुने भए तापनि यसमा यो शोधकार्यका धेरै विषयवस्तुहरू उठान भएको छैन ।

Neufeld र Finnis (2022) द्वारा लिखित ***Recipes and reciprocity : Building relationships in research*** नामक २४८ पृष्ठको पुस्तकमा विभिन्न खानेकुरा बनाउने तरिकासँगै यीसँग सम्बन्धित अनुसन्धान समेटिएको छ । यसको अध्याय तीनमा रहेको Drinking tea in Nepal शीर्षकभित्र चिया खेतिको इतिहास, चिया र चिया संस्कृतिको सुरुवातबारे चर्चा गरिएको छ । चीनबाट भारतको दार्जिलिङ हुदै नेपालका इलाम, झापा लगायत जिल्लामा यसको खेती सुरुवात भएको थियो । सन् १८०० तिर वेलायतको चीनसँग चियाको व्यापार सुरु भएको थियो । यसमा नेपालमा दुध चिनी राखेर शक्तिवर्द्धकको रूपमा निरन्तर चिया पिइन्छ । कामदार, कार्यालयका कर्मचारीले चिया व्रेकको रूपमा लिने संस्कृतिको विकास भएको उल्लेख छ । नेपालमा राणा शासनको अन्त्यसँगै निजी क्षेत्रबाट पनि सुरु गरिएका धेरै चिया बगानहरू र उत्पादित चिया निर्यातबाट नेपालले पनि राम्रो आय- आर्जन गरिरहेको उल्लेख छ । सन् १९६६ मा नेपाल सरकारले नेपाल चिया विकास निगमको स्थापना गरेपछि चिया खेतीमा प्राविधिक र आर्थिक सहयोग प्राप्त भई यसको विकास हुन पुग्यो । हाल चिया नेपालको महत्वपूर्ण पेय

पदार्थ (Beverage) बनेको छ । अतिथि सत्कारमा चिया सुरुमा नै आउँदछ तथापि नेपालका घरबास अतिथि सत्कारबारे यहाँ उल्लेख गरिएको छैन ।

Ways (2022) द्वारा लिखित ६४४ पृष्ठ लामो पुस्तक ***Nepal Guide Book*** मा नेपालका विश्व सम्पदा सुचीमा परेका स्थानहरू लगायत उत्कृष्ट पर्यटकीय क्षेत्रहरू जस्तै चितवन, पोखरा, धुलिखेल, नुवाकोट, पूर्वीनेपाल, इलाम, अन्नपूर्ण-एभरेष्ट पदमार्ग बारे उल्लेख गरिएको छ । ९४८ वटा महत्वपूर्ण फोटोहरू, १२३ वटा चित्र पनि राखिएको यो नेपालको बारेमा निस्किएका Guide book भन्दा धेरै राम्रो र विषयवस्तु समेटिएको पुस्तक हो । जसमा नेपालमा सन् 2015 मा गएको Earthquake, Covid 19 को प्रभावबारे पनि उल्लेख गरिएको छ ।नेपालका विभिन्न होटल, रेष्टुरेन्टको विस्तृत रूपमा चर्चा गरिए तापनि इलामका प्रमुख पर्यटकीय स्थलहरू, आसपासका होटल, घरबास तथा त्यहाँको अतिथि सत्कार बारे यहाँ चर्चा गरिएको छैन ।

त्यस्तै सूर्योदय नगरपालिकाले ***पर्यटकीय नगरी सूर्योदय नगरपालिका आवधिक विकास योजना आ.व.२०७७/७८ देखि २०८१/८२*** मा त्यस क्षेत्रका समग्र विषयवस्तुका साथै आवश्यक तथ्याङ्कहरू, विकासका आयोजना, प्रयासहरूबारे चर्चा गरिएको छ तर घरबासबारे चर्चा गरिएको छैन । उल्लेखित विभिन्न पुस्तकहरूले इलामको चिनारी गराएका छन् तथापि यो अध्ययनको बिषयबस्तुमा गहिराइसम्म गएका छैनन् ।

यसरी इलाम र श्रीअन्तुका विषयवस्तुहरू समेटेर लेखिएका पाएसम्मका सामग्रीहरूको यस खण्डमा समीक्षा गरिएको छ । साथै स्थलगत अवलोकन, सम्वाद, समुह छलफलबाट पनि परिस्थिति वुभ्mने प्रयत्न गरिएको छ ।

## २.३ नीतिगत समीक्षा (Policy Review)

ढुङ्गे युगको घुमन्ते जीवन बिताउने मानव खानेकुराको खोजीमा एक ठाउँबाट अर्को ठाउँमा पुग्ने गर्दथ्यो, जुन पर्यटन थिएन । मानव विकास र समाज विकासको क्रमसँगै सभ्यताकालिन मानव समकक्षी सभ्यताहरूमा व्यापार, वाणिज्यका क्रममा पुग्ने गर्दथे भने विज्ञान र प्रविधिको युगको आधुनिक मानव यातायात, संचार जस्ता पूर्वाधारको विकाससँगै विश्वका विभिन्न भागमा घुम्न निस्कन्छन् । नेपालमा पनि वि.सं. २००७ सालपछि मानिसहरूको आवत-जावत बढ्न गएको देखिन्छ । विश्वमा पर्यटकीय गन्तव्य स्थलको रूपमा चिनिएको नेपालमा बेला-बेलामा पर्यटन क्षेत्रलाई व्यवस्थित बनाउन विभिन्न पर्यटन नीतिहरू बनेका छन् ।

नेपालमा पहिलो पल्ट ***पर्यटन ऐन वि.सं. २०२१*** मा लागु भएको थियो भने वि.सं. २०२१ मा अर्को ऐन जारी भई वि.सं. २०५३ मा संशोधन भएर विभिन्न कानुन तथा नियमहरू बनेका थिए (पूरी, २०५६, पृ. १५३) । ***नेपाल अधिराज्यको संविधान-२०४७*** को भाग ४ को धारा २६ मा नेपालको संस्कार, संस्कृति पर्यटन सम्बन्धी व्यवस्था गरिएको थियो । वि.सं. २०५३ मा नेपाल पर्यटन बोर्डको स्थापनासँगै पर्यटकीय गतिविधि बढ्नुको साथै नेपाल अन्तर्राष्ट्रिय क्षेत्रमा भरपर्दो पर्यटकीय गन्तव्यका रूपमा स्थापित हुन पुग्यो ( पुरी, २०५६, पृ. १५७) ।

वि.सं २०६३ पछि भएको राजनैतिक परिवर्तन, ***अन्तरिम संविधान - २०६३*** हुँदै बनेका पर्यटनका विभिन्न ऐन, नियमहरूले पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण सहयोग गरेका छन् । वि.स. २०६५ सालमा बनेको ***पर्यटन नीतिमा*** देशको सामाजिक, आर्थिक विकासको लागि पर्यटनलाई महत्वपूर्ण मानी पर्यटकलाई दिइने सेवा सुविधा तथा गुणस्तरीयता सुधार गरी यो क्षेत्रमाबाट बढि भन्दा बढि रोजगार सिर्जना गर्ने, राजश्व, कर सङ्कलन गर्ने तथा यहीँबाट नेपाली जनताको जीवनस्तर माथि उठाउने नीति लिइयो ।

नेपाल सरकारले २०६७।४।३ मा स्वीकृति प्रदान गरी ***होमस्टे सञ्चालन कार्यविधि-२०६७*** जारी गरेको छ । ग्रामीण क्षेत्रका जनसमुदायमा स्वरोजगारको अवसर सिर्जना गरी ग्रामीण पर्यटनको माध्यमबाट विपन्न, महिला, मदेशी, आदिबासी जनजाति र समेट्न नसकिएका समुहको समेत संलग्नता रहने गरी आम्दानी वृद्धिको माध्यमबाट सर्वसाधारण मानिसको जीवनस्तर सुधार्ने गरी पर्यटन नीति २०६५ बमोजिम यो कार्यविधि जारी गरिएको समीक्षामा प्राप्त भयो । होमस्टेको माध्यमबाट पर्यटनको विकास, प्रर्वद्धन, व्यवस्थापन गर्ने नीति अनुरूप जारी गरिएको यस कार्यविधिमा होमस्टेलाई कम्तीमा पाँचवटा घरधनीले सामुहिक व्यवस्थापन गरी सञ्चालन गरेकोलाई सामुदायिक ग्रामीण होमस्टे तथा ग्रामीण वा सहरी क्षेत्रमा निजी स्तरमा संञ्चालितलाई निजी होमस्टे भनी वर्गीकरण गरेको छ ।

यसको साथै होमस्टेका उद्देश्य, दर्ता प्रक्रिया, आवश्यक कागजात, नियमन गर्ने निकाय, स्थानीय जात्रा, मेला, सांस्कृतिक सम्पदाको जगेर्ना, स्थानीय कृषि, घरेलु तथा हस्तकलाको संरक्षण गर्नेदेखि होमस्टे सञ्चालन समिति गठन प्रकृया, काम-कर्तव्य अधिकार, होमस्टे एसोसिएसनको गठन प्रकृया तथा होमस्टे सञ्चालनका आधारभूत मापदण्डहरू समेत यसमा उल्लेख गरिएको छ । घरहरू मौलिक संस्कृति झल्कने सफा सुग्घर हुनुपर्ने, दुईवटा मात्र ओछ्यान भएको कम्तिमा एउटा कोठा पाहुनालाई छुट्याउनु

पर्ने, स्थानीय नाचगान तथा फूलमालाका साथ स्वागत र स्थानीय संस्कृति झल्कने मायाको चिनो सहीत फूलमाला पहिराई विदाई गर्नु पर्ने सम्मका कुराहरू यो कार्यविधिको समीक्षामा पाइयो । जुन घरबास सञ्चालकहरूको लागि एकरूपता प्रदान गर्न र सहज रूपमा सञ्चालन गर्न सहयोगी नै देखिन्छ ।

***नेपालको संविधान २०७२*** को भाग-४ को ठ मा आफ्नो संस्कार, संस्कृति धर्मको संरक्षण, सम्बर्द्धन गर्न पाउने तथा ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक, पर्यटकीय स्थल, सम्पदाहरूको संरक्षण, अध्ययन-अनुसन्धान, प्रचार-प्रसार गर्न पाउने प्रावधान राखिएको छ । अनुसुची ९ मा सङ्घ प्रदेश र स्थानीय तहको अधिकार उल्लेख गरिएको छ । नीतिगत कुराहरू माथिदेखि  तलसम्म आउने उल्लेख गरिएको छ ।

नेपाल सरकारले सन् २०२३ देखि Visit Nepal Decade घोषणा गरी यो आर्थिक वर्षमा कम्तिमा एक मिलियन पर्यटक भित्राउने लक्ष्य लिए पनि विविध कारणले त्यो भइरहेको देखिदैन । धेरैभन्दा धेरै वाह्य पर्यटक भित्राउन सकेमा इलाम जस्ता पर्यटकीय जिल्लामा पनि विदेशी पाहुनाहरू आइपुग्ने थिए । नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालयले सन् २०२३ देखि सन् २०३२ लाई नेपाल भ्रमण दशक घोषणा गरी धेरै योजनाहरू बनाउनुको साथै भारत बाहेक ३.५ मिलियन पर्यटक भित्राउने लक्ष्य लिइएको छ ।

नेपाल सरकारले विगतमा Nepal Tourism Year 2011 लाई लक्षित गरी घरबास नीतिहरू ल्याएको थियो । त्यस्तै नेपाल सरकारले नेपाल भ्रमण वर्ष २०२१ को आयोजना गरे पनि २०१९ मा फैलिएको कोभिड-१९ का कारणले स्थगीत हुन पुग्यो ।  मौलिक गाउँले खानपान, अतिथि सत्कारमा जुटेका घरबास सञ्चालकहरूलाई सस्तो दरमा सुविधा दिन व्यापारिक रूपमा खुलेका होटलहरूले घरबास क्षेत्रको वातावरण विगारेको आरोप छ । यसले गर्दा घरबास क्षेत्रमा अस्वस्थ्य प्रतिस्पर्धा हुन पुगेकाले नेपाल घरबास सञ्चालक संघले हाल नेपाल सरकारसँग यस्ता कुरालाई नियमन गर्न र व्यवस्थित ढंगले घरबास सञ्चालन गर्ने वातावरण बनाउन चाडै संशोधित घरबास सञ्चालन निर्देशिका ल्याउन अनुरोध गरेको नीतिगत समीक्षामा प्राप्त भयो । यो नियम आएमा श्रीअन्तु क्षेत्रका घरबास, होटल तथा मौलिक रूपमा नचलाइएका घरबासलाई व्यवस्थित बनाउन मद्धत गर्ने देखिन्छ ।

चियाको जिल्लाको रूपमा चिनिएको इलामको चिया, चिया पर्यटन र घरबासलाई जोडेर अघि बढ्न स्थानीय पालिकाहरूले नीतिगत निर्णयहरू गरेका छन् । कतिपय

अवस्थामा संघीय कानुनसँग त्यस्ता नीतिहरू बाझिएका पनि छन् । नीतिगत रूपमा केन्द्रीय, प्रदेश र स्थानीय सरकारले पर्यटनका समग्र क्षेत्रको विकासका लागि सहज वातावरण बनाउदै लगे तापनि विश्वव्यापी रूपमा विगत २/३ बर्षदेखि फैलिएको कोरोना भाइरसका कारण पर्यटन क्षेत्र ठुलो मारमा पर्न गयो । जसको प्रभाव इलामको पर्यटन, यहाँका होटल, घरबासहरूमा समेत पर्न गयो । केही समय घरबासहरू पनि बन्द हुन पुगे । हाल महामारीको असर कम हुदै गएको तथा पर्यटन क्षेत्रलाई पहिलाको अवस्थामा पुऱ्याउन नेपाल सरकारले विभिन्न नीतिगत निर्णयहरू गर्दै गएकाले यो क्षेत्रमा सकरात्मक प्रभाव परि पुन : पर्यटकीय गतिविधि सुचारु हुन पुगेको छ । यहाँ पर्यटन र घरबास सम्बन्धी भएका नीतिगत कुराहरूको समीक्षा गरियो ।

## २.४ अनुसन्धान रिक्तता (Knowledge Gaps)

आवधारणागत/सैद्धान्तिक समीक्षा अनुसारको साहित्य समीक्षामा प्रकार्यवादी तथा प्रसारवादी सैद्धान्तिक ढाँचामा वर्णन गरिएको पाइयो । सांस्कृतिक अध्ययन अनुसन्धानका धेरै सिद्धान्तहरू छन् । जस्तै उद्विकासवाद, नवउद्विकासवाद, प्रसारवाद, सांस्कृतिक पर्यावरणवाद, प्रकार्यवाद आदि । यहाँ गर्न लागिएको अनुसन्धानमा सांस्कृतिक पर्यावरणवाद र प्रकार्यवादलाई आधार लिइएको छ । अन्तराष्ट्रिय, राष्ट्रिय रूपमा पर्यटन र योसँग सम्बन्धित लेखिएका विभिन्न पुस्तकहरूको समीक्षा गरियो । यसबाट पर्यटनको परिभाषा विकासक्रम, यसका विभिन्न अवयवहरू, लामो इतिहास बोकेको पर्यटनका विभिन्न सैद्धान्तिक कुराहरू जानकारी भयो ।

व्यवहारिक समीक्षामा उल्लेख भएका विभिन्न साहित्यहरूलाई केलाउँदा इलाम जिल्लाको विभिन्न विषयवस्तुहरू समेटेर स-सानादेखि केही ठुला पुस्तक तथा संस्थागत योजना, रिपोर्टहरू लेखिएको पाइयो । यसले छोटकरीमा इलामका विषयवस्तुहरू समेटिएको देखिन्छ तथापि अनुसन्धानका सबै विधिहरू प्रयोग गरेर विषयको गहिराइसम्म पुगेको देखिदैन । द्वितीयक स्रोतलाई आधार मानी पुस्तकहरू लेखिएको पाइन्छ । मेरो अध्ययन श्रीअन्तुको स्थलगत अवलोकन, स्थानीय तथा विज्ञहरूसँग अन्तवार्ता, प्राथमिक तथा द्वितीयक दुवै स्रोतहरूको आधारमा गरिएको छ ।

प्राकृतिक सुन्दरता तथा सांस्कृतिक रूपमा विविधता भएको हाम्रो देश नेपालका पर्यटन, संस्कार, संस्कृति, धर्म, पुरातात्विक, सांस्कृतिक सम्पदाहरूको संरक्षण, सम्बर्द्धन गर्न

नेपालको संविधान २०७२ तथा यी क्षेत्रसँग सम्बन्धित विभिन्न नीति नियमहरू बनेर कार्यान्वयन भइरहेको कुरा नीतिगत समीक्षामा प्राप्त भयो ।

यसरी पर्यटन इलाम र घरबास सम्बन्धी लेखिएका विभिन्न स्रोतहरूको विभिन्न दृष्टिकोणबाट समीक्षा गर्दा श्रीअन्तुको घरबासबारे गहिराइमा पुगेर अध्ययन गरिएको पाइएन । यी सबै विषयवस्तुहरूको समीक्षा गर्दा इलाममा घरबास कहिलेदेखि सुरुवात भयो ? यहाँको सांस्कृतिक पर्यटनको विकासमा घरबासको भूमिका के रहेको छ ? श्रीअन्तुमा सञ्चालन गरिएका घरबासको वर्तमान अवस्था के रहेको छ ? श्रीअन्तुमा घरबासको इतिहास के र कस्तो रहेको छ ? अतिथि सत्कार कस्तो रहेको छ ? यसले यहाँको स्थानीय समुदायमा कसरी र कस्तो प्रभाव पारेको छ ? यहाँको पर्यटन र संस्कृति बिच के-कस्तो सम्बन्ध रहेको छ ? यहाँको पर्यटन प्रवर्द्धनमा घरबासको के योगदान रहेको छ ? यी कुराहरू छुटेको पाइयो । मुख्यतः यी अनुसन्धान रिक्तता पूरा गर्नका लागि यो अध्ययन अगाडि बढाइएको छ ।

# अध्याय-तीन

## अध्ययन विधि (Research Methodology)

अनुसन्धान शव्दको अर्थ खोज गर्नु, नयाँ तथ्य पत्ता लगाउनु भन्ने हुन्छ । कुनै खास प्रकृया वा विधिको अवलम्वन गरी तथ्यहरूको खोजी गरी त्यसबाट ज्ञान निर्माण गर्ने प्रकृयालाई सामान्य अर्थमा अनुसन्धान भन्न सकिन्छ । कुनै पनि विषयवस्तुको बारे थप ज्ञानका लागि पुन : खोजी कार्य गरिने हुनाले यसका लागि अंग्रजीको Research शब्द प्रयोग गरिएको छ । Research is systematized effort to again new knowledge (Redman 1923. p.3) "The search for knowledge through objective and systematic method of finding souLtion to  a problem on research" (Kothari, 1995.p.2) हरेक ज्ञानको खोजी तथ्यमा आधारित भई वैज्ञानिक विधिबाट गर्नुपर्छ भन्ने आजको एक्काइसौ शताब्दिको युगमा अनुसन्धानको परम्परागत धारणा परिवर्तन भई धेरै नविनतम परिभाषाहरू विकसित भैसकेका छन् । Cresswell (2012, p.3) का अनुसार Research is a process of steps us to collect and analysis information to increase our understanding of a topic or issue. यसरी अनुसन्धान भन्नाले विभिन्न किसिमका घटना वा सवालहरूलाई जान्ने, वुझ्ने, खोज्ने, विश्लेषण गर्ने, व्याख्या गर्ने र अर्थ निर्माण गर्ने प्रकृया हो ।

अनुसन्धान धेरै क्षेत्र, विषय वस्तुसँग जोडीएको हुन्छ । ती मध्ये सामाजिक अनुसन्धान पनि एक हो । मानव, उसको समाज उसका गतिविधि र क्रियाकलापका बारेमा जानकारी पाउन गरिने खोजी नै सामाजिक अनुसन्धान हो । यस भित्र मानवको विगत, वर्तमानका विविध पक्षको अध्ययन गरिन्छ । मानवीय चालचलन, सस्कार, परम्परा, आस्था र विश्बास किन, कहिले देखि सुरु गरिए र कसरी अन्तर पर्दै गए, एक अर्काका समाज र संस्कृतिका समानता र असमानता के के छन्, तिनीहरूमा के कस्तो परिर्वतन आएको छ । एकले अर्कालाई कस्तो प्रभाव पारेको छ जस्ता विषय वस्तुहरूको खोजी सामाजिक अनुसन्धानमा गरिन्छ (दाहाल र खतिवडा, २०७७, पृ. ३७) । तसर्थ सामाजिक अनुसन्धानलाई नयाँ ज्ञान प्राप्त गर्ने व्यवस्थित प्रयास पनि भनिन्छ । यो पनि एउटा सामाजिक अनुसन्धान हो जुन निश्चित दर्शन, ढाँचा, विधि अवलम्वन गरेर गरिएको छ ।

कुनै पनि अनुसन्धानलाई वैज्ञानिक, व्यवस्थित, विश्वसनिय बनाउन निश्चित दर्शन, ढाँचा तथा विधिहरू रहेका छन् । यिनै मध्येको एक अनुसन्धानको सैद्धान्तिक खाका

(Research paradigm) हो । Paradigm लाई प्रतिमान, भाष्य वा रूपावली (model, pattern) भनि अर्थ लगाइन्छ । कुनै पनि कुरालाई हेर्ने दृष्टिकोण paradigm हो । paradigm शव्द अनुसन्धान क्षेत्रको आधारभूत शब्दको रूपमा स्थापित भएको छ । अनुसन्धानको दार्शनिक तथा विधि शास्त्रीय आधार paradigm हो जसभित्र अनुसन्धानका नियम विधिका साथै दार्शनिक आधार समावेश गरिएको हुन्छ । यो अनुसन्धानमा अवलम्बन गरिएको अध्ययन विधिलाई निम्नानुसार राखिएको छ ।

## ३.१ शोध दर्शन (Research Philosophy)

अनुसन्धानको परम्परागत धारणा र अर्थमा परिवर्तन आए सँगै कुनै पनि अनुसन्धान कुन दर्शनमा आधारित भएर गरिएको हो महत्वपूर्ण विषय बनेको छ । दर्शन बिनाको अनुसन्धानको त्यति अर्थ रहन्न । वर्तमान प्राज्ञिक समुदायमा अनुसन्धानलाई विभिन्न दार्शनिक खाकामा वर्गीकरण गरेर हेर्न थालिएको छ । यस्ता खाका वा आधारलाई सैद्धान्तिक खाका (paradigm) भनिन्छ ।

संसारको सत्यतालाई हेर्ने दृष्टिकोण (Ontology), ज्ञान शास्त्रीय दृष्टिकोण (Epistemology), मूल्य शास्त्रीय दृष्टिकोण (Axiology), विधि शास्त्रीयदृष्टिकोण (Methodology), जस्ता विषयवस्तुमा अनुसन्धान कर्ताले प्रारम्भमा नै स्पष्ट दृष्टिकोण निर्माण गर्नु पर्छ जसले अनुसन्धानलाई सही मार्ग प्रशस्त गरी तथ्यपरक निष्कर्षतर्फ डोऱ्याउँदछ । A basic set of beliefs or world view र research perspective पनि भनिने paradigm का विभिन्न आयाम रहेका छन् । paradigm लाई Denzin and Lincoln (2013) ले ontology, epistemology, methodology भनेर तथा Licoln र Guba (1985) ले Axiology थप गरी यिनीहरूको दार्शनिक दृष्टिकोण के हुने उल्लेख गरेका छन् (Licoln & Guba, 1985, p. 7)। कुनै पनि अनुसन्धान कार्यमा शीर्षक छनौट भए पछि त्यसको दर्शन कुन हुने र सो दर्शन अनुरूप सैद्धान्तिक खाका (research paradigm) के र कस्तो हुने भन्ने कुरा ध्यान दिनु जरुरी हुन्छ ।

Ontology वास्तविकता वा सत्य के हो भन्ने कुरासँग सम्बन्धित छ । सामान्यत सत्य विषयगत र वस्तुगत दुई प्रकारका हुन्छन् । सत्य के हो ? कस्तो सत्य हो ? सत्यको स्वरूप कस्तो छ ? मानव, संसार र सत्यलाई हेर्ने दृष्टिकोणको निर्माण गर्नु वास्तविकताको सिद्धान्तको अडान रहेको छ । विज्ञान, गणितसँग सम्बन्धित परिमाणात्मक विधिबाट वस्तुगत

सत्यता पत्ता लाग्दछ भने सामजिक विषयवस्तुहरूको अध्ययनमा गुणात्मक विधिबाट विषयगत सत्यता पत्ता लाग्दछ । यो इलामको श्रीअन्तु क्षेत्रका घरबास तथा त्योसँग जोडिएको समाज संस्कृति अतिथि सत्कार तथा पर्यटनको अध्ययन भएकाले यो एक सामाजिक अनुसन्धान हो । त्यसैले यहाँ ज्ञान र सत्यता समाजबाट निर्मित हुन्छ भन्ने मान्यता अनुसार अनुसन्धानमा Constructivism विधि अवलम्बन गरिएको छ (Creswell, 2011, p. 6) । निर्माणवादीहरू वस्तुगत सत्यको अस्तित्वलाई इन्कार गर्दछन् । सत्य सामाजिक रूपले मानिसका दिमागमा निर्माण हुन्छ भन्ने विश्वास गर्दछन् (Licoln & Guba, 1989, p. 4)। पर्यटन र संस्कृतिले विषयगत सत्यता (subjective reality) बोकेको हुन्छ भन्ने मान्यतामा यो अध्ययन आश्रित छ। यो अध्ययनको Ontology हो।

त्यस्तै दर्शनको अर्को पाटो ज्ञान मिमांशा (Epistemology) हो जसले ज्ञानको स्वरूप र यसको वैधता सम्बन्धित विषयको अध्ययन गर्दछ। ज्ञान के हो ? ज्ञानको स्रोत के हो ? ज्ञान कसरी प्राप्त हुन्छ। भन्ने जस्ता प्रश्नहरूको खोजी नै ज्ञान मिमांशाको विषयगत क्षेत्र हो (Licoln & Guba, 1989, p.108)। कुनै पनि अनुसन्धानकर्ताले आफ्नो अनुसन्धान आरम्भ गर्नु पूर्व यी प्रश्नहरूमा स्पष्ट हुन जरुरी हुन्छ । संस्कृति र पर्यटनसँग जोडिएको यो अनुसन्धानको ज्ञानको स्रोत विषयगत हुन् । समाजमा र यहाँको प्रकृतिमा घटेका घटना, बिचार, भनाइ, बुझाइ, गराइ यसका ज्ञानका स्रोत हुन् । यो यसको epistemology हो । साथै संस्कृतिको Cultural Ecology, तथा पर्यटनको Doxey's model मा आश्रित भई अन्तर्वार्ता, स्थलगत अवलोकनबाट प्राप्त विषयगत तथ्याङ्क, सूचनाहरूको तुलना, विश्लेषणबाट ज्ञान प्राप्त भएको छ।

दार्शनिक दृष्टिले ज्ञान मिमांशा अन्तरगत विधिशास्त्र (Methodology) पर्दछ । विधि शास्त्रले अनुसन्धान प्रकृया कसरी सञ्चालन गर्ने हो भन्ने कुराको सैद्धान्तिक मार्ग चित्र प्रस्तुत गदर्छ (Guba & Lincoln 1994, p. 108) । Wills (2007) का अनुसार संसारको वौद्धिक समुदायले स्वीकार गर्ने स्तरमा अनुसन्धान गतिविधि सञ्चालन गर्न अनुसन्धानकर्ताले आधारभूत अवधारणाहरू स्पष्ट पार्नुपर्दछ । विधिशास्त्रमा अनुसन्धानलाई कसरी अघि वढाउने भन्ने कुरा उल्लेख गरिन्छ । यसभित्र सैद्धान्तिक अवधारणा र अध्ययनका व्यवहारिक तरिकाहरू समावेश हुने हुँदा अनुसन्धानमा यसको ठुलो महत्व रहेको छ। कुन दर्शन, ढाँचामा सूचना सङ्कलन गर्ने, सूचनाको व्यवस्थापन मूल्याङ्कन विश्लेषण,

व्याख्या कसरी गरी प्रतिवेदन तयार गर्ने कुरा Methodology सँग सम्बन्धित छन् । प्रस्तुत अनुसन्धानको Methodology सम्बन्धी चर्चा यही अध्यायको विभिन्न शीर्षकमा गरिएको छ ।

त्यस्तै मूल्य मिमांशा (Axiology) अन्तरगत दार्शनिक दृष्टिले मूल्यहरू विषयगत हुन्छन् कि वस्तुगत हुन्छन् ? मूल्यहरू स्थिर हुन्छन् कि गतिशील हुन्छन् (Kneller, 1971, p. 220) भन्ने जस्ता विषय पनि यसको चर्चामा पर्दछन् । मूल्यलाई नैतिक (Moral) र सौन्दर्य शास्त्रीय (Aesthetic) गरी दुई पक्षमा विभाजन गरी हेर्न सकिन्छ । नैतिक वा आचरण र सौन्दर्यशाष्त्रसँग यो सम्बन्धित छ । यिनीहरूको आधार के हो ? किनकि मूल्य, नैतिकता, सुन्दरता जस्ता कुराहरू (Kneller, 1971, p. 220) समय, परिस्थिति ठाउँ र व्यक्ति विशेष फरक हुन सक्दछन् ।

अनुसन्धान कर्ता अनुसन्धान सुरु गर्नु भन्दा पहिलेदेखि नै मूल्य सम्बन्धी कुराहरूमा स्पष्ट हुनु जरुरी छ । आफूले गर्न लागेको विषय, क्षेत्र, ठाउँ र अनुसन्धानमा सहभागी हुने व्यक्तिहरू, उनीहरूको संस्कृति आदि विषयमा स्पष्ट हुनुपर्दछ । अध्ययनको क्रममा के कस्ता नैतिक वा आचारणगत सवालहरू आउन सक्लान ? तीनलाई कसरी सम्बोधन गर्ने ? के-के कुरालाई ठिक, सुन्दर वा उपयुक्त ठान्ने जस्ता कुरा प्रतिको सचेतता र स्पष्ट दृष्टिकोण नै अनुसन्धानकर्ताको मूल्य मिमांशीय अडान हो । यो अध्ययनमा अनुसन्धान कर्ता यी सबै कुरामा सचेत भएर कार्य गरिएको छ । तथ्याङ्क सङ्कलनको क्रममा मूल्य मिमांशालाई ध्यान दिइएको छ ।

शोधदर्शनका उल्लेखित विभिन्न आयामहरूले अनुसन्धानको दार्शनिक बाटो तय गर्दछन् । यसका साथै research paradigm का सुनिश्चितता वाद ( Positivism) र उत्तर-सुनिश्चिततावाद (Post-positivism) गरी अनुसन्धानका मुख्य दुई वटा धारहरू रहेका छन् । सत्य सुनिश्चित छ, खास किसिमको संरचनात्मक अनुसन्धानबाट सत्यको पहिचान गर्न सकिन्छ । निश्चित तरिकाबाट निश्चित ज्ञानको अनुशीलन गर्न सकिन्छ भन्ने बिचारको धरातलबाट यो वाद विकास भएको हुनाले यसलाई positivism भनिएको हो । (Baden & Major, 2010, p.172) । इन्द्रियजन्य अनुभवबाट ज्ञानको निश्चितताको वोध गर्न सकिन्छ भन्ने यो मतले objective reality र एकल सत्यमा विश्बास गर्दछ । उन्नाइसौं शताब्दीमा प्राकृतिक तथा भौतिक विज्ञानका अनुसन्धान विधिहरूलाई सामाजिक विज्ञानमा पनि प्रयोग गर्नुपर्छ भनी यो समाज शास्त्रका पिता Auguste Comte ले सामाजिक उद्विकासका Theological, metaphysical र Positive भनी तिन वटा तहको उल्लेख गरेका थिए (

देवकोटा, २०६६, पृष्ठ. ७) । Positivism को सत्य एउटै र वस्तुगत हुन्छ भन्ने ontological assumption रहेको छ । प्रयोगशालाबाट तथ्यहरूको परीक्षण गर्न pure science तथा गणितीय तथ्यहरूबाट objective reality पत्ता लगाउन यो paradigm को प्रयोग हुने हुँदा बहु र विषयगत सत्य खोजिने यस्तो सामाजिक अनुसन्धानमा यो खाकाको प्रयोग गरिएको छैन ।

समय, परिस्थितिसँगै सत्यलाई हेर्ने दृष्टिकोणमा आएको परिवर्तन, दार्शनिक चिन्तन मनन् तथा दोस्रो विश्वयुद्धपछि अनुसन्धान क्षेत्रमा उत्तर-सुनिश्चिततावाद (post-positivism) research paradigm देखा पर्यो र यसलाई पछिल्लो समयमा Anti-Positivism का रूपमा पनि व्याख्या गरिएको पाइन्छ । उत्तर सुनिश्चितता वाद भन्ने शव्दले सुनिश्चितता वाद पछिको सोचाइलाई वुझाउछ (Creswell, 2011, p. 7) । सामाजिक अध्ययनको क्षेत्रमा यो research paradigm लोकप्रिय रहेको छ । यो मतले कुनै पनि कुरालाई परीक्षण गर्नेभन्दा ज्ञानको सिर्जना गर्नेतर्फ जोड दिन्छ ।

यसपछि कुनै पनि अनुसन्धान धेरै सिद्धान्तहरूद्वारा निर्देशित हुन्छ, कुनै परीक्षण गरिएको एउटा सिद्धान्तबाट मात्र हुदैन भन्ने धारणाको विकास भयो (Cook & Campbell, 1997, p. 24) । यो मत अनुसार कुनै पनि एउटा अध्ययनबाट पूर्ण सत्य/ज्ञान प्राप्त हुन सक्दैन । सत्य विषयगत र बहु हुन्छन् भन्ने यसको ontological assumption रहेको छ । साथै अनुसन्धानलाई खुल्ला र अन्त्यहीन प्रकृयाको रूपमा लिदै जसरी सत्य बहुरूपी हुन्छन् प्राप्ति पनि वहुप्रक्रिया बाट नै हुन्छ भन्ने epistemological assumption रहेको छ (Creswell, 2009, p. 6) । गुणात्मक अनुसन्धान ढाँचामा प्रयोग हुने अनुसन्धानको यो खाका प्रयोग गरी श्रीअन्तु घरबासको अवस्था र यसले पारेको सांस्कृतिक प्रभाव सम्बन्धी यो अनुसन्धान गरिएको छ । यो समाजका धेरै विषयवस्तु र आयमसँग सम्बन्धित छ । विषयगत बहुसत्यको खोजिबाट ज्ञानको निर्माण गर्न यहाँ उत्तर-सुनिश्चिततावादलाई अवलम्बन गरिएको छ । यो अध्ययन नै पूर्ण सत्यको लागि पर्याप्त नहुन सक्दछ ।

यो शोधकार्य दर्शनका विभिन्न भाष्य (paradigm) अवलम्वन गर्दै उत्तर सुनिश्चितता वाद भित्रका अन्य भाष्यहरू (जस्तै Constructivism, Criticalism, pragmatism and post-modernism) मध्ये पनि निर्माणवाद (Constructivism) को अवधारणामा गरिएको छ । किनकि यो अध्ययन विशिष्ट प्रकृतिको भएको कारणले यो अवधारण अवलम्बन गरिएको हो । समाजका घटना र व्यक्तिहरूको सहभागीताबाट ज्ञानको निर्माण हुन्छ । सत्य सामाजिक रूपले मानिसका दिमागमा निर्माण हुन्छ (Guba & Lincoln 1989, p. 4) ।

संसारलाई कुनै एउटा तरिकाले मात्र हेरेर यसलाई जान्न सकिदैन । यसलाई विविध तरिकाले हेर्नु पर्दछ भन्ने मान्यता अनुरूप यो अनुसन्धान गरिएको छ । साथै यस शोधकार्यमा तथ्याङ्कहरूलाई व्याख्यात्मक (Interpretivism) विधिबाट सिलसिलेवार ढंगमा राखिएको छ ।

### ३.२ अनुसन्धान ढाँचा (Research Design)

कुनै पनि अनुसन्धान गर्नु पूर्व अनुसन्धान ढाँचा निर्माण गर्नु अति आवश्यक हुन्छ । अनुसन्धान कर्ताले दार्शनिक तथा सैद्धान्तिक आधार, अध्ययनको विषय, आफ्नो ज्ञान, अनुभव तथा अन्तरदृष्टि, सूचनाको स्रोत आदिका आधारमा आफ्नो अनुसन्धानको ढाँचा तयार गर्नु पर्दछ । अनुसन्धानको सैद्धान्तिक खाका अनुसार अनुसन्धानका ढाँचा पनि फरक-फरक हुन्छन् । Positivism र post positivism research paradigm अनुसार अनुसन्धान ढाँचा फरक पर्दछन् । कुनै पनि अनुसन्धानलाई विश्वसनीय, तथ्यपरक, वैधता प्रदान गर्न तथा कलात्मक ढंगले प्रस्तुत गर्न निश्चित योजना बनाएर त्यसैको परिधिमा रहेर सिलसिलेवार ढंगामा प्रस्तुत गरिन्छ । अनुसन्धानको लागि तयार पारिने त्यस्तो योजना र पूर्व निर्धारित स्वरूपलाई अनुसन्धान ढाँचा भनिन्छ (दाहाल र खतिवडा, २०७७, पृ. १३१) । "A research design is a plan that shows how a researcher intends to fulfill the goals of a purposed study" (Jhonson & Joslyn,1989, p. 87)।

जसरी कुनै पनि घर बनाउनु अघि इन्जिनियरले कति कोठे, कस्तो घर, कोठामा झ्याल ढोका, लम्वाइ,चौडाइ, कति र कहाँ राख्ने भनी नक्सा बनाउदछन् त्यसैगरी अनुसन्धान ढाँचाले पनि के विषयमा अनुसन्धान गर्ने ?तथ्याङ्क/प्रमाणहरू कहाँबाट जुटाउने, कसरी व्याख्या-विश्लेषण गर्ने, कति समयमा गर्ने, प्रतिवेदन कसरी लेख्नेसम्मको सारा विवरण यसमा समावेश गरिन्छ जसले अनुसन्धानलाई तार्किक निष्कर्षमा पुऱ्याउन निर्देशित गर्दछ (दाहाल र खतिवडा, २०७७, पृ.१३३) । यसै प्रसङ्गमा Kothari ले अनुसन्धान ढाँचालाई यसरी परिभाषित गरेका छन् । "Research Design is the conceptual structure within which research is conducted; it constitues the blueprint for the collection, measurement and analysis of data." (Kothari, 1985, p. 39) । त्यसकारण अनुसन्धानको मार्गदर्शक (blueprint) को रूपमा अनुसन्धान ढाँचा रहेकाले आफ्नो शोधकार्य सुरु गर्नु पूर्व यसको निर्माण गर्नु आवश्यक र महत्वपूर्ण हुन्छ ।

सामान्यतया हाल अनुसन्धानका गुणात्मक, परिमाणात्मक र मिश्रित विधि चलन चल्तीमा रहेका छन् । प्रयोगशालाबाट परीक्षण गरेर वस्तुगत परिणाम निकाल्नु पर्ने

विषयवस्तुहरूमा परिमाणात्मक विधि अवलम्बन गरिन्छ भने सामाजिक अनुसन्धान जुन व्यक्ति, समाज, संस्कृति जस्ता विषयवस्तुमा केन्द्रित भएर गरिन्छ र परिणाम विषयगत निस्कन्छ । यस्तो अध्ययनमा गुणात्मक अनुसन्धान ढाँचा अवलम्बन गर्ने गरिन्छ ।

यो एक सामाजिक अध्ययन भएकाले यहाँ गुणात्मक अनुसन्धान ढाँचा अवलम्वन गरिएको छ । किनभने यो श्रीअन्तुका घरबाससँग सम्बन्धित अध्ययन भएकाले यहाँका मानिसको संस्कार, संस्कृति, मानवीय भावना, व्यवहार जस्ता विषयको अध्ययन गरी निष्कर्ष निकालिएको छ । गुणात्मक अनुसन्धान ढाँचाको परिधि र नियमभित्र रहेर यो शोधकार्य सम्पन्न गरिएको छ । यस अध्ययनमा तथ्याङ्कहरू स्थलगत अवलोकन, अन्तर्वार्ता आदिबाट प्राथमिक तथा द्वितियक दुवै स्रोतबाट लिइएको छ ।

### **३.३ अध्ययन क्षेत्र (Study Area )**

कुनै पनि शोधकार्य गर्नु अघि कुन क्षेत्र र कस्तो विषयवस्तुमा गर्ने हो आफ्नो इच्छा अनुसारको क्षेत्र, विषयवस्तु छान्नु पर्दछ । तवमात्र लामो अनुसन्धानबाट सही निष्कर्ष निस्कन्छ । यहाँ अनुसन्धानको सैद्धान्तिक योजना अनुरूप निम्न ढंगमा अध्ययन क्षेत्र रोजिएको हो ।

Area -पर्यटन

Genera -सांस्कृतिक पर्यटन

Sub-Genera -इलामको पर्यटन

Subject -घरबास ( Homestay)

Topic -श्रीअन्तु घरबास

Issue -श्रीअन्तु क्षेत्रका घरबासको अवस्था तथा यसले पारेको सांस्कृतिक प्रभाव ।

यो अध्ययन सामान्यबाट विशिष्टिकृत हुँदै गएकाले पर्यटन, सांस्कृतिक पर्यटन, इलामको पर्यटनलाई कम र श्रीअन्तुका घरबासलाई मुख्य प्राथमिकता दिइएको छ । आन्तरिक पर्यटनका लागि प्रख्यात समग्र इलाम जिल्ला नै सांस्कृतिक पर्यटनको दृष्टिकोणबाट अध्ययन क्षेत्र बन्न सक्दछ । किनकि यहाँका प्राकृतिक, सांस्कृतिक धरोहर अध्ययनका विषयवस्तु बन्न सक्दछन् । यहाँ ३० भन्दा बढी चिया बगानहरू,श्रीअन्तु, बालनगाउँ, कन्याम, पानीटार लगायतका ठाउँमा धेरै घरबासहरू रहेको र वर्षेनि हजारौ पर्यटकहरू इलाम भित्रने गरेका छन् । तथापि यी क्षेत्रहरूको प्राज्ञिक ढङ्गमा अध्ययन/अनुसन्धान भएको देखिदैन ।श्रीअन्तुका घरबासको इतिहास इलामको पर्यटन

प्रवर्द्धनमा तिनले खेलेको भूमिका र घरबास सञ्चालनले त्यहाँको समाज र संस्कृतिमा पारेको प्रभावको अध्ययन गर्न इलामको नै प्रख्यात स्थान श्रीअन्तु घरबास क्षेत्रलाई अध्ययन क्षेत्रको रूपमा रोजिएको छ । दैनिक धेरै पर्यटकहरूको आगमन रहने यहाँबाट सूर्योदय लगायत हिमाल, पहाड, तराईसम्मको दृश्यावलोकन समेत गर्न सकिन्छ । इलामका अन्य पर्यटकीय स्थलमाभन्दा यहाँ धेरै पर्यटकको प्रवेश हुने र घरबास पनि सञ्चालन भएकाले यो क्षेत्र रोजिएको हो । इलामका श्रीअन्तु, माइपोखरी, बालनगाउँ, कन्याम लगायत क्षेत्रहरूमा धेरै घरबासहरू रहेका छन् । तर यहाँ निम्न आधारमा श्रीअन्तु घरबास क्षेत्रलाई अध्ययनको नमुनाको रूपमा लिइएको छ ।

क) इलामको पहिलो र ऐतिहासिक घरबास भएकाले ;

ख) सिमित ग्रामीण बस्तीमा अत्याधिक पाहुनाको प्रवेशले पारेको सामाजिक सांस्कृतिक प्रभाव पहिल्याउनु पर्ने कारणले र

ग) सूर्योदय लगायत हिमाल, पहाड, तराईसम्मको दृश्यावलोकनको लागि प्रख्यात रहेकोले ।

## ३.४ तथ्याङ्क सङ्कलन विधि (Methods of Selecting and Collecting Data)

अनुसन्धान सूचनामा आधारित हुन्छ । जुन सूचना सङ्कलन गर्ने विभिन्न विधिहरू रहेका छन् । अनुसन्धान कार्यनीति जस्तो भए पनि अनुसन्धानका सूचनाका स्रोतहरू मानिस र उनीहरूका व्यवहार, कुनै खास घटना, सामाजिक गतिविधिहरू र तीसँग सम्बन्धित विभिन्न पक्षहरू हुन सक्दछन् । अनुसन्धान गर्ने क्रममा आफ्नो अध्ययनसँग सरोकार राख्ने सबै जनसंख्यामा सूचना सङ्कलन गर्न कठिन हुने भएकाले ठुलो जनसंख्या (Universe) बाट केही व्यक्ति वा घटनाहरू छनौट गर्ने प्रकृया नै नमुना छनौट हो । गुणात्मक अध्ययनको मुख्य उद्देश्य विषयको गहिराईसम्म पुग्नु भएकाले नमुनाको आकार वा संख्या यति नै हुनुपर्छ भन्ने नभएकाले यस अध्ययनमा अध्ययन क्षेत्रबाट एउटा व्यक्ति, घटना वा स्थान आवश्यकता अनुसार नमुनाहरू सम्भावनायुक्त नमुना (Probability Sampling) छनौट पद्धति अपनाई तथ्याङ्क सङ्कलन गरिएको छ। यहाँ अन्तवार्ता र छलफलमा यही विधि अपनाइएको छ ।

यस शोधकार्यमा तथ्याङ्क सङ्कलनमा प्राथमिक र द्वितियक दुवै स्रोत प्रयोग गरिएको छ । कुनै पनि अनुसन्धानमा प्राथमिक तथ्याङ्क स्थलगत अवलोकन, अन्तर्वार्ता विधिबाट सङ्कलन गर्ने गरिन्छ । अन्तर्वार्ता गुणात्मक तथा मात्रात्मक दुवै किसिमका अनुसन्धान

ढाँचाहरूमा लोकप्रिय रहेको छ । तर मात्रात्मक अनुसन्धानमा संरचित (structure) अर्न्तवार्ता बढी प्रयोग हुन्छ । जहाँ पूर्व निर्धारित प्रश्नहरूमा आधारित भई गणितीय र वस्तुगत तथ्याङ्क सङ्कलन गर्ने गरिन्छ भने गुणात्मक अन्तर्वार्ता लचिलो संरचना भएको वा संरचना नै नभएको खुल्ला हुन सक्दछ जहाँ सहज ढङ्गमा सहभागीहरूका बिचार, भावना, अनुभव आदि सँग सम्बन्धित सूचना प्राप्त गर्ने उद्देश्य राखिन्छ ।"A qualitative interview occurs when researchers ask one or more participants general, open-ended questions and record their answers. The researcher then transcribes and types the data on to a computer file for analyis" (Cresewell, 2012, p.217)।

यस्तो अन्तर्वार्तामा प्राय खुल्ला प्रश्न राखी सहभागीका अनुभव, बुझाइ अभिव्यक्त गर्ने अवसर प्रदान गरिन्छ । अन्तर्वार्ताका विभिन्न किसिमहरू अनुसार यस शोधकार्यमा एकल अन्तर्वार्ता जसमा पनि विज्ञ, सर्वसाधारण मानिसहरू, घरबास सञ्चालक आदिसँग गरिएको छ । सूर्योदय नगरपालिकाका प्रमुख, घरबास सञ्चालन भएका यस पालिकाका वडा नं. ४ र ५ का वडा अध्यक्षज्यू, सचिवज्यूहरू, घरबास सञ्चालन समितिका अध्यक्ष, त्यस्तै सामान्य सम्भावनायुक्त नमुना छनोट विधिबाट केही घरबास सञ्चालकहरू, स्थानीय लोपोन्मुख लाप्चा समुदायका केही अग्रज व्यक्तित्वहरू घरबास सञ्चालन नगर्नुहने व्यक्तित्वहरू स्थानीय विज्ञहरू, सूर्योदय नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सँग एकल अन्तर्वार्ता लिई विभिन्न तथ्याङ्क सङ्कलन गरियो । प्राथमिक तथ्याङ्क मिति २०७९ पुसदेखि २०८० जेठसम्म अध्ययन क्षेत्रमा गई गरियो । त्यस्तै घरबास सञ्चालकहरू, सञ्चालन समिति र स्थानीय बासिन्दासँग लक्षित समुहमा छलफल गरी तथ्याङ्क सङ्कलन गरियो । आफ्नो अनुसन्धानसँग महत्वपूर्ण सरोकार राख्ने मानिसहरूको समूहलाई लक्षित समुह भनिन्छ । यसबाट व्यक्तिको मात्र नभएर सम्बन्धित व्यक्तिहरूको अन्तरक्रियात्मक बिचार र अनुभव सम्बन्धी सूचना प्राप्त गर्न सकिन्छ । यहाँ ४ देखि ६ जना सम्मको समुह बनाई छलफल गरिएको छ । अन्तर्वार्ताबाट स्पष्ट हुन नसकेका विषयवस्तुबारे थप स्पष्ट हुन यस्तो विधि अपनाइएको हो । यहाँ घरबास सञ्चालन समितिबाट ६ जना, घरबास सञ्चालकहरूबाट ५ जना र घरबास सञ्चालन गर्नु नहुने परिवारबाट ५ जनाको समुह बनाई लक्षित समुह छलफल गरिएको छ । तीन वटा यस्ता छलफलबाट महत्वपूर्ण बिचार, तथ्याङ्क प्राप्त भएको छ ।

त्यस्तै श्रीअन्तु घरबास क्षेत्रको वर्तमान अवस्था लगायत विविध पक्षबारे जानकारी लिन शोधकर्ता मिति २०७९ पुसदेखि मिति २०८० जेठसम्म पटक-पटक अध्ययन क्षेत्र पुगी

स्थलगत अवलोकन गरी तथ्याङ्क तथा जानकारीहरू सङ्कलन गरिएको छ । यहाँका मूर्त/अर्मूत संस्कृति, सम्पदा, परम्परागत तथा आधुनिक घरहरूको निर्माण शैली, अतिथि सत्कारको अवलोकन गरी तथ्याङ्कहरू सङ्कलन गरिएको छ । स्थलगत अवलोकनका क्रममा आवश्यक सामग्री photography, videography को समेत प्रयोग गरिएको छ । अवलोकन बाहिरको (out sider) र भित्रकै ( insider) भएर गरिने भए तापनि यहाँ बाहिरकै रूपमा अवलोकन गरिएको हो । Observation is the process of gathering open-ended, firsthand information by observing people and place at a research site (Creswell, 2012, p.213) । अवलोकनमा अनुसन्धान गर्न लागिएको व्यक्ति, घटना वस्तु वा परिवेशलाई अवलोकन गरी देखिएको अवस्थाको अभिलेख राख्ने गरिन्छ यसबाट एकैपटक बहुसूचनाहरू प्राप्त गर्न सकिन्छ । श्रीअन्तु घरबासहरूको असहभागी (Non-participant observation) अवलोकन कर्ताको रूपमा महत्वपूर्ण सूचनाहरू सङ्कलन गरी फिल्ड नोट तयार गरिएको हो । अन्तरर्वाता तथा लक्षित समुह छलफलमा प्रश्नहरू असंरचित, अर्ध संरचित तथा खुल्ला बनाई तथ्याङ्क सङ्कलन गरियो । सोधिएका त्यस्ता प्रश्नावलीहरू परिशिष्टमा राखिएको छ । साथै श्रीअन्तुमा आउँने पाहुनाहरूले बेलुकी आगो बाली गर्ने नाचगान सहीत गर्ने रमाइलो र घरबास सञ्चालकहरूले पाहुनालाई गर्ने स्वागत र विदाई कार्यक्रममा प्रत्यक्ष सहभागी भई तथ्याङ्क तथा जानकारी सङ्कलन गरियो ।

**तालिका नं. २ : तथ्याङ्क सङ्कलन विधि विवरण**

| क्र.सं. | तथ्याङ्क सङ्कलन | नमूना (कति वटा) | विधि |
|---|---|---|---|
| १. | स्थलगत अवलोकन | पटक-पटक | यस क्षेत्रका विभिन्न घरबास, श्रीअन्तु डाँडा, श्रीअन्तु पोखरी, चिया बगानको अवलोकन |
| २.<br>क)<br>ख) | अन्तर्वार्ता(एकल)<br>विज्ञसँग<br>सामान्य नागरिक | १३ वटा<br>५ वटा<br>८ वटा | ▪ सम्बन्धित पालिका प्रमुख / वडाध्यक्ष ज्यूहरू<br>▪ सम्बन्धित पालिकाका प्रशासकीय अधिकृत / वडा सचिव<br>▪ स्थानीय सरोकारवाला<br>▪ घरबास सञ्चालक<br>▪ यस क्षेत्रमा बसोबास गर्ने लोपोन्मुख जाति लाप्चा |
| ३. | लक्षित समुह छलफल | ३ वटा | १ वटा घरबास सञ्चालक<br>१ वटा घरबास सञ्चालन समिति<br>१ वटा स्थानीय बासिन्दा |

त्यस्तै विश्वमा, नेपालमा पर्यटनको इतिहास, विकासक्रम, घरबासको इतिहास, इलाम तथा श्रीअन्तुसँग सम्बन्धित हालसम्म प्रकाशित पुस्तकहरू, सूर्योदय नगरपालिकाले प्रकाशन गरेका वार्षिक योजना, नीति नियमहरू, विभिन्न पत्र-पत्रिका, जर्नल, पुस्तकालय अध्ययन, सामाजिक सञ्जाललाई तथ्याङ्क सङ्कलनको द्वितीयक स्रोतको रूपमा लिइएको छ ।

### ३.५ तथ्याङ्क विश्लेषण विधि तथा मुख्य सैद्धान्तिक आधार (Major Theoretical Insights for Analyzing and Interpreting Data)

गुणात्मक अनुसन्धानमा बहु श्रोतबाट सूचनाहरू सङ्कलन गरिएको हुन्छ । माथि उल्लेखित विभिन्न विधिबाट तथ्याङ्क सङ्कलन गरी फिल्ड नोट तयार पारिएको छ । यसमा Field मा देखिएका सुनिएका घटनाहरू, सन्दर्भहरू समावेश गरिएको हुन्छ । फिल्ड नोटले सूचनाको पारदर्शिता देखाउने कारणले पनि यो महत्वपूर्ण हुन्छ । किनकि गुणात्मक अनुसन्धानको गुणस्तर दावी गर्ने प्रमुख आधार पारदर्शिता हो (Creswell, 2012, p. 216)। त्यस्तै यस्तो अध्ययनको विश्वसनियता गुणस्तर दावी गर्न त्रिकोणात्मक (Triangulation ) विधिलाई अवलम्वन गरिन्छ (Creswell, 2012, p. 259)। यसमा विभिन्न विधि अवलम्बन गर्दै, विभिन्न श्रोतबाट तथ्याङ्क लिने तथा वहुसिद्धान्तमा आधारित भई वहुदृष्टिकोणबाट सूचनाको व्याख्या, विश्लेषण गरिन्छ । यो एक सामाजिक अध्ययन भएकाले विभिन्न माध्यमबाट प्राप्त तथ्याङ्कलाई अध्ययन गरी विभिन्न शीर्षक, उपशीर्षकमा वर्गिकरण गरी नयाँ अवधारणा निर्माण गरी तथ्यहरू बिच तुलना, व्याख्या, विश्लेषण गरी आगमन विधिबाट निष्कर्षमा पुगिएको छ ।

गुणात्मक अनुसान्धानमा विभिन्न स्रोतबाट लिएका छरिएर रहेका तथ्याङ्कलाई ग्रहणीय बनाउन अनावश्यक सूचना हटाउने, सिलसिला मिलाउने कार्य गरी सूचनाको सङ्गठन (organization of the data) मिलाई सूचनाको प्रतिलिपी उतार (Transcribe the data) गरिन्छ (Creswell, 2012, p. 239)। यहाँ यही विधिबाट कार्य अघि वढाएको छ । विषयको गहिराइसम्म पुग्न सूचनालाई बारम्बार अध्ययन गर्ने, तथ्याङ्क पूर्ण नहुँदा पूर्ण वनाउन पुनरावृत्तिय प्रक्रिया अवलम्वन (Implication of iterative process) गरी पटक-पटक श्रीअन्तुको अवलोकन गरिएको साथै वहुदृष्टिकोणमा आधारित भई व्याख्यात्मक विधिबाट यो अनुसन्धान तयार पारिएको छ ।

सांस्कृतिक अध्ययन अनुसन्धानका धेरै सिद्धान्तहरू रहेका छन् । यसबारे अध्याय छ मा पनि चर्चा गरिएको छ । मुख्य रूपमा J. Steward ले प्रतिपादन गरेको सांस्कृतिक पर्यावरणवाद तथा सामाजिक संरचनाको प्रकार्यबारे कुरा गर्ने प्रकार्यवादमा आधारित भई यो अनुसन्धान कार्य सम्पन्न गरिएको छ । प्राकृतिक, सांस्कृतिक आर्कषण बिच विकसित यहाँको पर्यटन बारे Doxey ले 1975 मा प्रतिपादन गरेको Irridex model को आधारमा गरिएको छ । यहाँको पर्यावरण, संस्कृति घरबास र पर्यटन बिच रहेको अन्योन्याश्रित सम्बन्धको बारेमा अध्ययन गर्न यी सिद्धान्तहरू उपयुक्त रहेकाले यिनलाई मुख्य सैद्धान्तिक आधार वनाइएको हो ।

तथ्याङ्क विश्लेषणको क्रममा उल्लेखित कार्य गरी प्रतिलिपि उतार भइसकेका सूचनाहरू पढेर सर्वप्रथम त्यसको भाब खोज्ने कार्य गरिएको छ । दोस्रो खण्डमा तीनलाई वर्गीकरण गर्ने र त्यसबाट निष्कर्ष निकाल्ने कार्य गरिएको छ । अनुसन्धानको अन्तिम कार्यको रूपमा प्राप्तिहरूको व्याख्या (Interpretation of findings) गरी निष्कर्ष निकाली सुझाव सहीत शोधकार्य सम्पन्न गरिएको छ ।

### ३.६ नैतिक आचार (Ethical Consideration)

कुनै पनि अनुसन्धान एउटा प्राज्ञिक कार्य हो । यस्तो कार्यमा के गर्न हुन्छ , के गर्नु अनुचित हुन्छ भनी अनुसन्धान कार्यको सुरुदेखि  प्रतिवेदन लेखन, प्रकाशनसम्म सचेत हुन जरुरी हुन्छ । यो अनुसन्धान कर्ताको नैतिक आचारसँग सम्बन्धित छ । सामाजिक अनुसन्धानमा सामाजिक गतिविधिहरू, मानिसका अनुभव बिचार, अभिव्यक्ति, भाषा सांस्कृतिक अभ्यास आदि सूचनाका स्रोत हुने हुँदा तिनको व्याख्या, विश्लेषण, प्रस्तुतीकरणमा सर्तकता अपनाउनु आवश्यक हुन्छ (Creswell, 2012, p. 279)।

यो शोधकार्य गरिरहँदा निम्न लिखित आचार संहिता/नैतिक आचार पालना गरिएको छ ।

- अध्ययनको क्रममा प्राप्त स्थानीय बासिन्दा जनजातिका विविध प्रसङ्ग, गोपनियता, दिन दैनिकीका सवालहरूलाई सम्मान गर्दै उहाँहरूको संस्कार, संस्कृतिलाई खलल पुऱ्याइएको छैन ।
- सामाजिक मूल्य मान्यतामा रहेर तथा प्राज्ञिक मर्यादा कायम राखेर यो अध्ययन सम्पन्न गरिएको छ ।

- कुनै स्थान, व्यक्ति, जातिलाई होच्याउने,पूर्वाग्रह देखिने र अशोभनीय शब्दहरू प्रयोग गरिएको छैन ।
- स्थानीय भाषिक संवेदनशीलता कायम गरिएको छ ।
- प्रस्तुतीकरणमा इमान्दारिता, कृतिहरूको चोरी (Plagiarism) गरिएको छैन र तथ्याङ्क लिइएका कृति र स्रष्टालाई उचित Citation सहीत कदर (Credit) गरिएको छ ।
- तथ्याङ्क सङ्कलनको क्रममा धार्मिक, सांस्कृतिक तथा स्वास्थ्य सर्तकता अपनाइएको छ ।
- सकेसम्म सही र तथ्यपूर्ण सूचनालाई सही ढंगले प्रस्तुत गरी अनुसन्धानको नै आचार पालना गरिएको छ ।

# अध्याय चार

## श्रीअन्तुमा घरबास सुरुवातको पृष्ठभूमि (Background of Shree Antu Homestay Initiation)

पर्यटन व्यवसाय सेवामा आधारित उद्योग हो । जहाँ पर्यटकलाई प्रदान गरिएको सेवा अनुसार निश्चित शुल्क लिइन्छ । यस उद्योगमा अन्य सेवा जस्तै बासस्थान सुविधा पनि महत्वपूर्ण रहेको छ । कुनै पनि पर्यटकीय गन्तव्यमा होटल रिसोर्ट तथा घरबासमा पर्यटकलाई बासको सुविधा दिइन्छ । होटलको राम्रो विकल्पको रूपमा घरबासलाई लिइन्छ । जुन मुख्य रूपमा शहरभन्दा टाढा गाउँमा सञ्चालन गरिन्छ । व्यक्तिको घर भित्रकै एउटा सानो बासस्थान घरबास हो । घरबासमा सुन्दर शान्त वातावरण र मौलिक संस्कृति, स्थानीय परिकार हुन आवश्यक हुन्छ । जहाँ Host ले Guestलाई नजिकको सम्बन्ध राख्दै (close interaction) आफ्नो मौलिक संस्कृति र खानेकुरा पस्कन्छन् । कुनै पनि घरबास सञ्चालकका परिवारका सदस्य नै सहभागी भई घरका परिवारले नै खाने, स्थानीय खाना खुवाउनु पर्ने, सफा शौचालय तथा वातावरण कायम गर्नु पर्ने, एउटै घरमा पाहुनाको पनि सुत्ने कोठा हुनु पर्ने घरबासका सामान्य नियम भित्र पर्दछन् । पर्यटकीय गतिविधिसँगै विश्वका विभिन्न भागमा घरबासहरू सञ्चालनमा आएका थिए । पछि नेपालमा पनि यस्ता घरबासहरू सञ्चालन हुन पुगे ।

### ४.१ नेपालमा घरबास (Homestay in Nepal)

वि.स २००७ मा प्रजातन्त्र आएपछि केही हदसम्म नेपालमा पर्यटकीय गतिविधिहरू बढ्न पुगे । यो क्रम वि.स. २०४६ सालको प्रजातन्त्र प्राप्ति हुदै विश्व जनमानसमा नेपाल एउटा पर्यटकीय गन्तव्य स्थलको रूपमा चिनिए पछि बाक्लिदै गएको पर्यटकको संख्या सगै नेपालमा धमाधम होटल रिसोर्ट, घरबासहरू खुल्न थाले । नेपालको ग्रामीण समुदाय र पर्यटनको विकासको लागि घरबास नयाँ प्रयोग हो । सामान्य गाउँले परिवेश, घरबाट स्थानीय संस्कृति, परम्परा पस्कने घरबासले स्थानीय मौलिक संस्कृति, परम्पराको जगेर्ना पनि गरेको छ । साथै नेपालको ग्रामीण परिवेशको ग्रामीण महिलाको विकास, स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन तथा समग्र समुदायको विकासमा घरबासको ठुलो महत्व रेहेको छ ।

केही दशक अघिसम्म नेपाली गाउँले परिवेशमा साँझमा घरमा आउँने पाहुनालाई अतिथि देव भव : भन्ने अवधारणाका आधारमा आफ्नो घरमा नि :शुल्क बास दिने चलन थियो । जुन अहिले सबै ठाउँमा नहुन सक्दछ । नेपालका हिमश्रृङखला लगायत अन्य आर्कषणका बारेमा संसार भर जानकारी भयो र विदेशी पर्यटकहरू आउन थाले नेपालमा सहर केन्द्रित पर्यटनको विकास हुन थाल्यो (पुरी, २०५६, पृ. २०३) । पछि नेपाल सरकारले ग्रामीण पर्यटनको विकास गर्न घरबास नीति २०६७ ल्याएपछि सर्वप्रथम नेपालमा सिरुबारी र घान्द्रुङ घरबासहरू सञ्चालनमा आए । लगतै चितवन, पाल्पा, इलाम, काठमाडौं, कैलाली, कालीकोट, गोर्खा लयायत देशका धेरै स्थानमा घरबासहरू सञ्चालनमा आएका छन् ।

घरबास नीति लागुको मुख्य उद्देश्य पर्यटन (अतिथि सत्कार) मा स्थानीय समुदायको सहभागिता गराउनु हो । नेपालमा सामुदायिक र निजी गरी दुई प्रकारका घरबासहरू सञ्चालनमा रहेका छन् । चारकोठा भएको आफ्नो घरमा जो कोही व्यक्तिले घरबास सञ्चालन गर्न चाहेमा स्थानीय पालिका वा वडामा दर्ता गरी सञ्चालन गर्न सक्ने नीति रहेको छ (घरबास कार्यविधि, २०६७, पृ. १०) । दररेट स्थानीय घरबास सञ्चालन समितीले तय गर्न सक्दछ । यस नीतिमा Host र Guest दुवैका लागि आचार संहिताहरू बनाइएको छ । Guest ले Host ले स्वीकार्न सक्ने कपडा लगाउनु पर्ने निश्चित समयमा घरबासमा प्रवेश तथा निस्कने तथा drugs र narcotics बाट टाढा रहनु पर्ने नियमहरू रेहेका छन् । यही नीति अनुरूप स्याङजा जिल्लाको सिरुबारी (१७०० मिटर उचाइमा अवस्थित) नेपालको प्रख्यात घरबास हो । जुन उत्कृष्ठ अतिथि सत्कार तथा मनास्लु, धौलागिरी र अन्नपूर्ण हिमश्रृङ्गखलाको दृश्यावलोकनका लागि प्रख्यात छ । गुरुङ समुदायबाट सञ्चालित यहाँ मौलिक नेपाली घरहरूमा मौलिक नेपाली संस्कृति, परम्परा तथा खानपानको अनुभव गर्न पाइन्छ । सिरुबारी पछि घान्द्रुङ हुदै खोलिएका विभिन्न घरबासमध्ये इलामको श्रीअन्तु घरबास पनि एक हो ।

### ४.२ इलाम जिल्लाको भौगालिक अवस्थिति (Geographical Location of Ilam)

नेपाल विश्व मानचित्रमा पृथ्वीको उत्तरी गोलार्द्धको एसिया महादेशको करिव मध्यखण्डमा पर्ने एक भूपरिवेष्ठित राष्ट्र हो । यो २६$^{\circ}$१२' उत्तरदेखि ३०$^{\circ}$२७' उत्तरी अक्षाशंसम्म र ८०$^{\circ}$४' पूर्वदेखि ८८$^{\circ}$१२' पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ (दहाल, १९९४, पृ. १०) । पृथ्वीको कुल क्षेत्रफलको करिव ०.०३ प्रतिशत भू-भाग तथा एसिया

महादेशको करिव ०.३ प्रतिशत भू-भाग ओगटेको यो देश दुई विशाल राष्ट्रहरू चीन र भारत बिच अवस्थित छ । समुन्द्र सतहबाट ५८ मिटर देखि ८८४८.८६ मिटर उचाई भएको विश्वको सर्वोच्च शिखर सगरमाथा भएको नेपालमा भौगोलिक विषमता रहेको छ । अंसख्य सुन्दर हिमश्रृङ्खला, मनमोहक प्राकृतिक छटाले भरीपूर्ण यो देश हिमाल, पहाड, खोच उपत्यका तथा समथर तराई भागमा विभक्त भई पूर्व पश्चिम इटा आकारमा फैलिएर रहेको छ । सप्तकोशी, सप्तगण्डकी तथा कर्णाली जस्ता तिन मुख्य ठूला नदीद्धारा सिञ्चित नेपालको भूमि उब्जाउशील तथा रसिलो रहेको छ ।

नेपाल एउटा बहुजातिय, बहुभाषिक, बहुसांस्कृतिक तथा बहुधार्मिक राष्ट्र हो । विश्वको प्राय सबै ठाउँको हावापानी पाइने यहाँ विश्वका दुर्लभ तथा असंख्य प्रकारका पशु पक्षीहरू पाइन्छन । नेपालमा ब्राहमण, क्षेत्री, राई, लिम्बु, तामाङ्ग, गुरुङ, चेपाङ्ग, मगर, थारु, राजवंशी, धिमाल, राजपूत, यादव, सतार, मुसलमान आदि विभिन्न जन जातिहरूको बसोबास रहेकाले सबै जातको फूलवारीको रूपमा नेपाल विश्व सामु परिचित रहेको छ । महान् हिन्दु नारी सीता तथा शान्तिका अग्रदुत भगवान गौतम बुद्ध जस्ता धार्मिक व्यक्तित्वहरूको जन्म स्थल नेपालमा हिन्दु, बौद्ध, क्रिश्चियन, किरात, जैन, शिख, मुस्लिम लगायत दशभन्दा बढि धर्मालम्बीहरू बसोबास गर्दछन् ।

संघीयतासँगै राज्य पूनसंरचना भई सात प्रदेश, ७७ जिल्ला र ८५३ स्थानीय पालिकामा देश विभाजित भैसकेका छ । यिनै मध्ये कोशी प्रदेशको एक पहाडी जिल्ला इलाम हो । नेपालको मान चित्रमा २६°४०' देखि २७°८' उत्तरी अक्षांस र ८७°४०' देखि ८८°१०' सम्म पूर्वी देशान्तरमा अवस्थित मेची अञ्चलको एक पहाडी जिल्ला इलाम समुन्द्री सतहदेखि २५० मिटरदेखि ३६३६ मिटरसम्मको उचाइमा फैलिएर रहेको छ । जिल्लाको उत्तरमा पाँचथर, पश्चिममा मोरङ, धनकुटा दक्षिणमा झापा पूर्वमा भारत पश्चिम बंगालको दार्जिलिङ जिल्ला पर्दछन् (दहाल, १९९४, पृ. ५७) । महाभारत र शिवालिक पर्वत श्रृखलाको पूर्वदक्षिण काखमा अवस्थित यस जिल्लालाई प्रशासनिक दृष्टिकोणले ६ गाउँपालिका ४ नगरपालिका, चार प्रदेश र दुइ संघीय संसदीय निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । (चित्र नं. १)

भू-धरातलिय विविधताले भरिपूर्ण इलाममा चुरे, भित्री मधेस (Siwaliks), मध्य पहाड (Mid Hills) र उच्च पहाडी (High Moontains) भौगोलिक क्षेत्र रहेका छन् । श्रीअन्तु क्षेत्र मध्यपहाडमा पर्दछ । यी क्षेत्रफलभित्र रहेका स-साना थुम्का थुम्की, नदी खोलाखोल्सी,

भीर पाखा, कन्दरा, लेकबेँसी, फाँट, गल्छी, भञ्ज्याङ, देउराली, चौतारी आदिले जिल्लाको सुन्दरता बढाएका छन् । भौगोलिक विविधतासँग यहाँको हावापानीमा पनि ठुलो विविधता पाइन्छ । समष्टिगत रूपमा समशितोष्ण मन्सुनी किसिमको हावापानी यहाँ पाइन्छ । वर्गीकरणको दृष्टिकोणले उप, उष्ण, शितोष्ण तथा ३००० मिटरभन्दा उचाईका पहाडी भू-भागमा शितोष्ण एवम् चिसो लेकाली (Temperate Climate) हावापानी पाइन्छ (जिल्ला विकास समिति, २०६०, पृ. ५) । भौगोलिक विषमताका कारण जिल्लाको उत्तरपूर्वी क्षेत्रमा बढी पानी पर्ने गरेको तथा पूर्वी नेपालको पहाडी जिल्लामा बढी पानी पर्ने जिल्लाको रूपमा इलाम चिनिएको छ । प्रायः कुहिरो तथा हुस्सुले ढाकिने यो जिल्लाको औसत अधिकतम तापकम ३१ डिग्री सेल्सियस र औसत न्यूनतम तापक्रम १२ डिग्री सेल्सियस रहेको छ । त्यस्तै जिल्लाको औसत वार्षिक वर्षा १५४४.६ मि.लि सम्म हुने गरेको पाइन्छ । (ऐजन) तथापि जिल्लाबाट निस्कने विभिन्न स्रोतहरूले तापकम र वर्षाको रेकर्ड फरक-फरक रूपमा देखाएको पनि पाइन्छ ।

### ४.३ इलामको नामाकरण तथा यससँग सम्बन्धित केही रमाइला प्रसङ्गहरू (Naming of Ilam and Some Interesting Facts)

इलाम सांस्कृतिक, धार्मिक, प्राकृतिक, आर्थिक हर क्षेत्रमा चिनिएको जिल्लाको रूपमा रहेको भए तापनि यसको नाम “इलाम” नै कसरी रहन गयो भन्ने बारेमा यहाँ विभिन्न किंवदन्तिहरू पाइन्छ । जुन जातिगत र धार्मिक रूपमा फरक फरक पाइन्छ । इलाम जिल्ला स्वयम् एक हराभरा ठाउँ भएकाले यससँग सम्बन्धित केही रोचक प्रसँगहरू पनि रहेका छन् । जसले इलामलाई चिनाउन मद्दत गरेको पाइन्छ । ती कुराहरूलाई यहाँ एउटा छुटै शीर्षक अन्तर्गत राखेर चर्चा गरिदै छ ।

इलामका पुर्खाहरू लाप्चा जातिको इतिहासको खोजी गर्ने हो भने प्राचिन मानवको उत्पत्ति साथै कञ्चनजंघादेखि ओलाङचुङगोलाको हिमाली भागमा करिब पाँच हजार वर्ष भन्दा अगाडिदेखि यस जातिको बसोबास रही आएको मानिन्छ (कर्मचारी वचतकोष, २०५५, पृ. २) । लाप्चा भाषामा “इ” को अर्थ पुत्का (एक प्रकारको मौरी) र “लोम” को अर्थ पाइने ठाउँ भन्ने हुन्छ । माइपूर्वका कोल्बुङ, शान्तिपूर, इरौटार, समाल्बुङ, पञ्चकन्या, कन्याम जस्ता गाउँहरूका जंगलमा अझै पनि पुत्काको मह पाइन्छ । जसले औषधिको काम गर्दछ । यही इलोम शव्दबाट नै इलाम हुन गएको हो भन्ने लोकोक्ति लाप्चा जातिमा रहेको पाइन्छ (कार्की, २०५८, पृ. ३) ।

इलाम जिल्लाको नामाकरण यहीको अर्को आदिवासी लिम्वु भाषाबाट भएको मानिन्छ । लिम्बु भाषामा इलाम शब्दको शाब्दिक अर्थ “इ” भनेको घुमाउरो र “लाम” भनेको बाटो  अर्थात् घुमाउरो बाटो भन्ने बुझिन्छ (भट्टराई, २००२, पृ. ४७२) । वास्तवमा इलामको दक्षिणमा पर्ने झापा जिल्लाबाट इलाम प्रवेश गर्नासाथ घुमारो बाटोको सुरुबात हुन्छ । उकाली ओरालीहरूमा अनेकौ घुम्ति पार गरेर जिल्लाको सदरमुकाम पुग्न सकिन्छ । यसरी अनेकौ घुमाउरा नदीनाला तथा असंख्य उकाली ओराली इलाममा भएकाले त्यहीबाट इलाम शब्द उत्पति भई जिल्लाको नाम रहन गएको भन्ने यो भनाई अरुभन्दा यथार्थको नजिक पुग्न खोजेको देखिन्छ । इलामलाई खलगां पनि भन्ने गरिन्छ जसबारे जिल्लाको ऐतिहासिक पृष्ठभूमिमा चर्चा गरिने छ ।

इलामको प्रकृतिलाई सदा हरियाली बनाई राख्ने यहाँ लाग्ने बादल, हुस्सु, कुइरोको पनि चर्चा हुने गर्दछ । यहाँ चैत्र वैशाखदेखि  झन्डै असोज कार्तिकसम्म बादल लाग्ने गर्दछ । एउटा गाउँमा ओझेल पर्दा अर्को गाउँमा झलमल्ल घाम लाग्नु तथा भुँइकुहिरो सल्बलाईरहे तापनि एकैक्षणमा छताछुल्ल भएर आफै हराउनु यहाँको विशेषता हो । वर्खामा मेघ गर्जनका साथै पानी र असिना पर्ने गर्दछ । सन्दकपुर, छिन्टापु, तुम्लिङ, जौबारी, नयाँबजार जस्ता उच्च डाँडाहरूमा वर्षामा दुईतिन पटक हिउँ पर्ने गर्दछ । पुस माघको सुख्खा महिनामा पनि इलामको दक्षिणी भाग चुलाचुली क्षेत्रको महामाई, दानाबारी जस्ता विभिन्न गाउँहरूलाई पाठ (बादल) लागेर प्रत्येक विहान छोपी राखेको देखिन्छ । यसरी एउटी लज्जालु दुलहीले आफ्नो मुहार पछ्यौरीले छोपे झै बादलुको घुम्टोले यहाँका गाउँघर बजार छोपिने हुँदा नै इलामलाई यहाँका बासिन्दाहरू “बादल भित्रको हरियाली गाउँ” भन्न रुचाउँछन् (कार्की, २०५७, पृ. २३) । यही परिवेश र पृष्ठभूमिमा वुद्धवीर लामाले रचना गर्नु भएको, दिनेश सुब्बाले संगीत दिनु भएको तथा यम बरालले गाउनु भएको यो गीतले इलामलाई अझ चर्चामा ल्याउन सफल भएको छ ।

“बादलुको घुम्टोले इलाम बजार छोपिँदा
मैले सबलाई बिर्सेछु तिमीलाई सम्झिँदा”

त्यस्तै गरेर इलामका प्रमुख चार नदीहरू माइखोला, जोगमाई, देउमाई तथा पुवामाईको आधारमा इलामलाई चारखोला पनि भनिन्थ्यो । पछि यहाँको नामनै चारखोला हुन पुग्यो । इलामलाई सूर्योदयको जिल्लाको रूपमा पनि चिनिने गरिन्छ । सन्दकपूर,

श्रीअन्तु, सिद्धिथुम्का लगायतका यहाँका अन्य विभिन्न भागबाट सूर्योदयको मनोरम दृश्य देखिने हुनाले उक्त उपनाम मिल्दो देखिन्छ ।

इलामलाई नेपालको एउटा चियाको जिल्लाको रूपमा पनि चिनिन्छ । यहाँ प्राय हरेक डाँडाकाँडा, थुम्का थुम्की, मैदान, फाँटहरूमा हरियाली सुन्दर चिया बगानहरू लगाइएको छ । कन्याम, (चित्र नं. २) सोक्तिम, चिलिमकोट, इलाम नगरपालिका, पानीटार आदि चियाबगानहरूले साच्चै नै इलामलाई चियाको जिल्लाको रूपमा स्थापित गराएका छन् । वि.सं. १९२२ सालमा तत्कालिन वडा हाकिम कर्णेल गजराज सिंह थापाले नेपालमा नै प्रथम पटक इलामका चार स्थानमा चिया खेती सुरु गरेका थिए । १४० वर्ष अगाडि लगाइएका तिनै विरुवाले हालसम्म पनि उत्पादन दिइरहेका छन् । तिनै चियाका बोटहरूले इलामलाई विश्वमा चिनाएको छ । जुन इलामको इतिहासका पानाहरू हुन् (लामा, १९५९, पृ. ३०) ।

हाल आएर इलाम यी अरु कुराहरूभन्दा नगदे बाली अर्थात ६ "अ" को जिल्लाको रूपमा प्रख्यात हुन पुगेको छ । अदुवा (Ginger), अलैची (Cardamom), आलु (Potato), अम्लिसो (Thysanalaena), ओलन (Milk), अकवरे खोर्सानी (Red round chilly) गरेर वनेको ६ "अ" ले वास्तवमा नै इलामे बासिन्दाको आर्थिक स्थिति मजबुत बनाउन पुगेको छ ( कार्की, २०५८, पृ. ६) । साथै अंगोरा खरायो, श्रीअन्तु तथा अतिथि सत्कारका तीन "अ" थपेर नौ "अ"को जिल्ला भन्न इलामाबासहीरू रुचाउँछन् ।

## ४.४ इलाम जिल्लाको ऐतिहासिक पृष्ठभूमि (Historical Background of Ilam)

पूर्वी नेपालको पहाडी जिल्ला इलामको ऐतिहासिकता खोज्ने क्रममा नेपाल एकिकरण अगाडिसम्म पुग्न सकिन्छ । नेपाल एकिकरण पूर्व इलाम विजयपूर राज्य अन्तर्गत पल्लो किरातमा पर्दथ्यो । अरुण र कोशी पूर्वपट्टि सिंहलीला पहाडसम्म दश लिम्बुवानको बस्ती थियो । पल्लो किरातमा अरुण पूर्व टिष्टासम्मको भाग पर्दथ्यो । दश लिम्बुवान मध्ये एउटा जनपदको रूपमा इलाम (चारखोला) र फाकफोक इमेहाङको अधिनायकत्वमा रहेको र कन्काईमाई पूर्व टिष्टासम्मको भाग लाप्चाहरूको अधिनमा थियो (चेमजोङ, २०५१ , पृ. ४३) । कन्काई नदी पश्चिम लिम्बुको राज्य र पूर्व लाप्चाको राज्य भएको कुरा वि.स. १८८४ सालमा लाप्चाकाजी युक्लाथुपले पाएको पत्र र लाल मोहरमा उल्लेख भएबाट पनि यसको प्रमाण पाइन्छ (कार्की, २०५८, पृ. २) । राजा र मन्त्रीका बिच बेला वखत कलह भइरहने कारणले राज्य कमजोर भएको र लिम्बुवान पुरै आफुंगी भएकाले सत्रौँ शताब्दीमा

माईपूर्व टिष्टासम्मको भाग सिक्किमका राजा फुन्जो नामग्यालले कब्जा गरेका थिए (दहाल, २०४१, पृ. २६) ।

वि.स. १८३१ आषाढ सुदि ९ रोज १ आइतवार (१७ जुलाई १७७४ इ.सं) का दिन गोर्खाली सेनाले विजयपुर कब्जा गरेपछि सिक्किमबाट सताइएका पल्लो किराँतका सबै लिम्बु प्रमुखहरूले गोर्खाली सेनाको आधिपत्य स्वीकार गरे (कर्मचारी वचतकोष, २०५५, पृ. ४३) । फलस्वरूप नेपालको सीमाना पूर्वमा कन्काई र उत्तर च्याङथापु इष्लिम्बासम्म भयो । इष्लिम्बा च्याङथापु नेपालमा सम्मिलित भएपछि कन्काईपूर्व टिष्टापश्चिम पनि अम्वल गरिहाल भन्ने वि.स. १८३१ मा श्री पृथ्वीनारायण शाहबाट अभिमानसिंह बस्नेतलाई लेखेको पत्रमा उल्लेख भएको पाइन्छ (कार्की, २०५८, पृ. २) । वि.स १८३१ आश्विन सुदि ५ रोज १ (आइतवार २५ सेप्टेम्बर १७७४ इ.स.) का दिन भएको सम्झौताद्वारा सिक्किमले कब्जा गरेको टिष्टासम्मको भाग पनि फिर्ता गरेपछि नेपालको साँध टिष्टा सम्म हुन पुग्यो ।

इलाम जब गोर्खाको एक भाग हुन पुग्यो त्यस बखत इलाम अन्तर्गत ताप्लेजुङ, पाँचथर तथा मेचीपूर्वका टिष्टासम्मका सर्म्पूण भू-भाग पर्दथे त्यसबखत सैनिक प्रशासन सुवेदार जयन्त खत्री नागरी गढीमा सदरमुकाम स्थापना गरी शासन चलाएका थिए जुन हाल दार्जिलिङमा पर्दछ (Schwerzel, 2000, p. 20) । यो अभियानको प्रतिफल स्वरूप इलाम पनि नेपाल अधिराज्यको अभिन्न अंग हुन पुग्यो । सेन राजाको पालामा यस प्रदेशका दिवान बुद्धकर्ण राय (राई) थिए । जिल्लाको धुसेनीको आङदाङ्गमा दश लिम्वुवान मध्येका एक प्रमुख इर्मेहाङ्ग लिम्बुको गढी थियो । आङदाङ्गको छालासुका डाँडाका गोर्खाली र लिम्बुहरूको बिचमा भएको घमासान युद्धमा लिम्बुहरू पराजित भई त्यहाँ गोर्खाली फौजले गद्दी जमाएको थियो । छालासुका डाँडा आफ्ना पूर्खाहरूको रगतले भिजेको हुनाले त्यो ठाउँमा पाइला राख्न हुन्न् भन्ने मान्यता लिम्बु जातिमा आजसम्म पनि रही आएको छ (कार्की, २०५८, पृ. ४) ।

श्री ५ पृथ्वीनारायण शाहको पालादेखि सुरु भएको नेपाल एकिकरणको अभियानले महाराज गीर्वाण युद्ध विक्रम शाहको समय सम्ममा नेपालको सीमाना पश्चिम सतलजदेखि पूर्वमा टिष्टानदीसम्म कायम हुन पुगेको थियो । तर वि.स. १८७२ अर्थात सन १८१५ डिसेम्बर २ तारिकको दिन भएको सुगौली सन्धिले नेपालको पूर्वी सीमाना मेची नदी र सिंहलिला श्रृखलाको पानी ढलो साँध निर्धारित हुन पुग्यो (कर्मचारी वचतकोष, २०५५, पृ. ४३) । नेपाल भारत सीमा मेची नदी कायम भएपछि पूर्वको नागरी र नगरकोट भन्ने दुई

जिल्ला सिक्किम राज्यमा गाभिन पुगे । त्यहाँबाट ४० दिन भित्रमा नेपालको राज्य बन्दोवस्त गरी उठाई पूर्वी इलामको करफोकमा सारियो । नेपाल सरकारको तर्फबाट सुगौलीको सन्धिमा प्रतिनिधित्व गर्नेहरूमा गुरु गजराज मिश्र र चन्द्रशेखर उपाध्याय रहेका थिए ( कार्की, २०५८, पृ. ३) । त्यहाँ सन्धि अघि सुवेदार रहेका नागरी गढीका प्रशासक जयन्त खत्रीले काजीको उपाधि पाई इलाम जिल्लाको प्रथम बडा हाकिम भई दुई वर्ष (स. १८७३-७५) प्रशासन चलाए (कर्मचारी वचतकोष, २०५५, पृ. २८) ।

शत्रु पक्षको तोपको क्षेत्र नजिक करफोक रहेको हुँदा वि.स १८७५ तिर इलाम डाँडो (थुम) मा सदरमुकाम सारियो । त्यसबेलादेखि नै इलाम गौडाको नामले रहेको थियो । श्री ५ महाराज धिराज पृथ्वीनारायण शाहकै शासनकालमा गढि, गौडा, जिल्ला कायम गर्न भारदारहरू खटिएकाले काजी बालनर सिंह कुँवर, काजी भक्तवीर थापा र काजी बहादुर भण्डारी आदि का नायकत्वमा पूर्वतिर पनि गढी, गौंडा, जिल्ला कायम भए अनुसार इलाम पनि गौडाको रूपमा रहन गएको हो (दाहाल, २०४१, पृ. ३०) । आजको इलाम बजारलाई खलङ्गा पनि भनिथ्यो । करफोकमा कलात्मक ढंगले काटिएका ढुङ्गाहरू आजको माइस्थान मन्दिर जीर्णोद्धार तथा नवनिर्माण गर्दा तत्कालिन बडाहाकिम गजराजसिंह थापाले वि.स.१९२२ तिर श्रीनाथका पल्टनबाट बोकाएर ल्याउने काम गरेका थिए । हाल माइस्थान वरिपरि तथा मुल ढोकामा सिंढी सिंढी पारेर विछ्याइएका ढुङ्गाहरू तिनै हुन (कार्की, २०५८, पृ. ४) । धेरै मानिसहरू भेला भई कुराको खल अर्थात छलफल त्यही ढुङ्गा माथि वसेर गर्ने भएकाले खलंगा भनिएको र इलाम गौंडालाई त्यस बखत इलाम खलंगा भन्ने गर्दथे । (चित्र नं. ३) इलामका विभिन्न गाउँ ठाउँहरूमा इलामलाई खलंगा भन्ने चलन अध्यावधिक रहेको पाइन्छ ।

सुगौली सन्धि पश्चात निर्धारण भएको इलामको सीमाना वेला वखत थपघट भई हालसम्म कायम रहेको छ । काजी जयन्त खत्री विक्रम सम्बत् १८७३ मा प्रथम बडा हाकिम भए पनि त्यसपछिका काजी भक्तवीर थापाको पालामा मात्र करफोकको गढी गौंडा उठाई सदरमुकाम इलाममा गढी स्थापना गरियो । त्यही बेलादेखि निरन्तर रूपमा इलाम डाँडामा जिल्ला सदरमुकाम रहिआएको छ (कार्की, २०५८, पृ. १०) । माथि उल्लेखित दुई र श्री गजराज कार्की राणाकाल अगाडिका इलामका वडाहाकीमहरू हुन् । त्यसपछि वि.सं. १८७६ मा काजी हेमदल थापा प्रथम राणाकालिन वडाहाकिम बने यिनका पालामा इलामलाई माइपार, पुवापार, करफोक र इलाम गरी जम्मा चार थुममा विभक्त गरियो (

ऐजन, पृ. २९) । थापा पछि वि.स. १९२२ मा चिफ कर्णेल गजराजसिंह थापा इलामको बडाहाकिम भए जो जगं वहादुर राणाका ज्वाँइ हुन् । यिनको पालामा नै नेपालमा प्रथम पटक इलाममा चिया खेती (बगान) लगाइएको हो । उनीपछि वि.स. २००७ सम्म विभिन्न १४ वडाहाकिमहरूले शासन सत्ता चलाए । २००७ सालको क्रान्ति सफल भए पछि मुलुकका विभिन्न जिल्लाहरूमा सामुयिक सरकार गठन गरियो । यस जिल्लाको प्रशासन व्यवस्था पनि जनताको हातमा पऱ्यो र कयौं परिवर्तनहरू भए । त्यसपछि वि.स. २०२२ सम्म विभिन्न ११ वडा हाकिमहरूले यहाँ प्रशासन चलाए (कार्की, ऐजन , पृ. ९८) ।

२०१५ सालको आम निर्वाचनमा हाल पाँचथरको निबुखोला दक्षिणको भाग समेत राखी इलाम निर्वाचन क्षेत्र नं. २८ थियो । त्यस वखत मेहेलबोटेका गणेशप्रसाद रिजाल विजयी भएका थिए (कर्मचारी वचतकोष २०५५, पृ. ५६) । २०१६ सम्ममा इलामको सीमाना पूर्वमा मेचीनदी, उत्तरमा सन्दकपुर, छिन्टापु, निबुखोला, दक्षिणमा मोरङ चुलाचुली र पश्चिममा तम्मोर खोलासम्म हुन पुग्यो । त्यस्तै गरेर २०३२ सालतिर झापाको बुधबारे र अर्जुनधाराको केही भाग पनि इलाममा गाभियो तर केही पछि झापा नै फकाईयो । पछि अर्को पुनर्गठनमा मोरङको बाँझो र साकफारा इलाममा गाभियो र हालसम्म यही स्वरूप कायम रहेको छ । पछि जिल्लाको प्रशासन बडाहाकिमबाट प्रमुख जिल्ला अधिकारीले हेर्ने कानुन बनेपछि यहाँ विभिन्न प्रमुख जिल्ला अधिकारीहरूले जिल्लाको प्रशासन हालसम्म चलाउदै आएका छन् । यसरी इलाम ऐतिहासिक कालदेखि नेपालको एक महत्वपूर्ण गौंडा तथा जिल्लाको रूपमा स्थापित हुदै आएको प्रष्ट हुनजान्छ ।

लामो इतिहास बोकेको, प्राकृतिक र सांस्कृतिक रूपमा सम्पन्न इलाम जिल्ला नेपालमा पर्यटनको अवधारणा भित्रिए सँगै महत्वपूर्ण गन्तव्यको रूपमा रहदै आएको छ । सन्दकपुर, माइपोखरी, इलाम सदरमुकाम, श्रीअन्तु, सिद्धिथुम्का, कन्याम, पानीटार, टोड्के झरना जस्ता प्राकृतिक तथा गजुरमुखी, सेतीदेवी, माइस्थान, नारायणस्थान, पञ्चकन्या जस्ता धेरै सांस्कृतिक सम्पदाहरू, विभिन्न जातजातिका संस्कार संस्कृतिले भरिपूर्ण यहाँको पर्यटनको इतिहास पनि लामो रहेको छ । चिसो मौसम, हरियाली वातावरणका कारण पनि यहाँ धेरै पर्यटकहरू भित्रिने गर्दछन् । इलामको पूर्वी भेगमा अवस्थित सूर्योदय नगरपालिकामा रहेका कन्याम र श्रीअन्तुडाँडा वर्तमान समयमा पर्यटकका रोजाइका गन्तव्य बनेका छन् ।

## ४.५ सूर्योदय नगरपालिका र श्रीअन्तु क्षेत्र (Suryodaya Municipality and Shree Antu Area)

इलामा जिल्लामा अवस्थित दशवटा पालिकाहरू मध्ये क्षेत्रफल तथा जनसंख्याका आधारमा सबैभन्दा ठुलो पालिकाका रूपमा सूर्योदय नगरपालिका रहेको छ । वि.सं. २०७४ सालको राज्य पुर्नसंरचना अनुसार साविकका फिक्कल, कन्याम, पशुपतिनगर, श्रीअन्तु, लक्ष्मिपुर लगायत गाउँ विकास समितिहरू समेटेर यो नगरपालिकाको निर्माण भएको हो । यहाँको श्रीअन्तु डाँडाबाट सूर्योदय पनि देखिने हुँदा पालिकाको नाम पनि सूर्योदय नामाकरण गरियो । यस नगरपालिकाको पूर्वमा भारतको दार्जिलिङ, पश्चिममा इलाम नगरपालिका, उत्तरमा माइजोगमाई गाउँपालिका तथा दक्षिणमा रोङ गाउँपालिका र दक्षिण-पश्चिममा माई नगरपालिका पर्दछन् ।

इलाम जिल्लाको पूर्वी सीमानामा रहेको यो नगरपालिका चिया, अलैची, ओलन जस्ता कृषिजन्य उत्पादन, भारतसँगका विभिन्न व्यापारिक नाकाहरू तथा पर्यटन व्यवसायका कारण आर्थिक रूपमा सम्पन्न रहेको छ । पशुपतिनगर, छब्बिसे र मानेभञ्ज्याङ जस्ता तीन मूख्य नाकाहरू भारतसँग जोडिएका छन् । फिक्कल बजार यस पालिकाको प्रमुख व्यापारिक केन्द्र हो । इलाम-झापा तथा पशुपतिनगर हुँदै भारतसम्म पुग्ने राजमार्गहरू यही फिक्कल बजार हुँदै गएका छन् । कन्याम, पशुपतिनगर, श्रीअन्तु र फिक्कल बजारबाट छिपिटार हुँदै यो क्षेत्रमा पुग्न सकिन्छ । यस पालिकाका आकर्षक तथा राम्रो आम्दानीको स्रोतको रूपमा श्रीअन्तु क्षेत्र रहेको छ । कन्याम, फिक्कल र श्रीअन्तु त्रिकोणात्मक गन्तव्यका रूपमा रहनुले सूर्योदय नगरपालिकालाई आर्थिक रूपमा राम्रो लाभ भइरहेको छ । श्रीअन्तु क्षेत्र लगायत पालिकाका मुख्य स्थानहरूमा सडक, विद्युत, सञ्चार जस्ता विकासका पूर्वाधारहरू पुगिसकेका छन् (स्थलगत अध्ययन, पटक-पटक) प्रकृतिको देन श्रीअन्तुडाँडा यस पालिकालाई चिनाउने महत्वपूर्ण स्थलको रूपमा रहेको छ ।

## ४.६ श्रीअन्तुडाँडामा घरबास सञ्चालनका आधारहरू (Basics of Homestay Operation in Shreeantu)

इलामा जिल्लाको पूर्वी भेगमा अवस्थित श्रीअन्तु डाँडा क्षेत्रमा घरबास सञ्चालन हुनुका विभिन्न आधारहरू पहिलादेखि नै रहेका थिए, जसलाई प्राकृतिक र सांस्कृतिक गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । श्रीअन्तु डाँडा आफैमा प्रकृतिको देन हो । जुन अग्लो डाँडाबाट जस्तोसुकै दृश्यावलोकन गर्न सकिन्थ्यो । त्यस्तै यहाँको चिसो हावापानी, सुन्दर चियाबगान सहीतको हरियाली वातावरण, चिया बगानको बिचमा रहेको श्रीअन्तु पोखरी,

विभिन्न वन्यजन्तु, चराचुरुङ्गीहरू, गुफा, पाताल जस्ता प्राकृतिक सम्पदाहरूले यहाँ जो कोहीलाई आकर्षण गर्न सक्दथ्यो ।

त्यस्तै राई, लिम्बु, मगर, ब्राम्हण, क्षेत्री लगायत लोपोन्मुख जाति लाप्चाका विभिन्न मूर्त अमूर्त संस्कृति यहाँका घरबास सञ्चालनका सांस्कृतिक आधारहरू हुन् । यहाँका मादले, मारुनी नृत्य, तीनतले देवीस्थान, सिद्धधनी मन्दिर, गुप्तेश्वर महादेवको मन्दिर, पछिल्लो समयमा निर्माण गरिएका गुम्वाहरू (पौडेल, २०७८, पृ. ८५), लाप्चा भेषभूषा, संस्कृति, लाप्चा सङ्ग्राहलय यहाँका आकर्षण रहेका थिए । साथै यहाँ लागेका मेला, महोत्सवहरू, श्रीअन्तुको छिरुवा छोटी भन्सार हुँदै भारतको मिरिक, दार्जिलिङसम्म मानिसहरूको आवतजावतको क्रमले यो क्षेत्र घरबास सञ्चालनको आधार बनेको थियो । तथापि धेरै पछिमात्र यहाँ घरबासहरू सञ्चालनमा आउन पुगे ।

### ४.७ श्रीअन्तु डाँडा र घरबास सुरुवातको पृष्ठभूमि (Shreeantu Danda and Background of Homestay Initiation)

इलाम जिल्लाका १० वटा पालिका मध्ये सूर्योदय नगरपालिकाको वडा नं. ४ मा श्रीअन्तु डाँडा अवस्थित भए तापनि वडा नं. ४ र ५ मा घरबासहरू सञ्चालित छन् । इलामको पूर्वमा मेची नदी र सिद्धि खोलाबाट उठेर बनेको करिब २३२८ मिटर उचाइमा भएको थुम्कोको नाम श्रीअन्तु हो । महाभारत पहाड श्रृखला तुम्लिङबाट सोझो दक्षिण र भारत एंव नेपालको मलिलो तराई प्रदेशको उत्तरमा मेची नदीबाट सोझै पश्चिमतिर श्रीअन्तुडाँडा रहेको छ (कर्मचारी वचतकोष, २०५५, पृ. ११) । लाप्चा भाषाको “अथु कुङ” (अग्लो डाँडा) बाट वित्पत्ति भई नाम रहन गएको यो डाँडोलाई आधुनिक नाम दिपेन्द्र शिखर पनि दिएको पाइन्छ । तथापि यो पुरानै मौलिक नामबाट नै चिनिएको छ । श्रीअन्तु भनिए तापनि पहिला यो समाल्बुङ्ग गा.वि.स मा पर्दथ्यो संघीयतासँगै हाल श्रीबुङ र श्रीअन्तु गाउँ विकास समिति मिलाएर यस क्षेत्रको नाम श्रीअन्तु हुन पुगेको हो । (कार्की, २०५८, पृ. १२) दार्जिलिङको मिरिक सामुन्ने उभिएको नेपालको सीमान्त डाँडो श्रीअन्तु सूर्योदयको दृष्यावलोकन गर्ने स्थलको रूपमा प्रसिद्ध छ (चित्र नं. ४) ।

समशितोष्ण हावापानी रहेको यो क्षेत्र २६°५१'४५" देखि २६°५३'३०" उत्तरी अक्षांश र ८८°६'१५" देखि ८८°९' पूर्वी देशान्तरको बिचमा श्रीअन्तु डाँडा अवस्थित छ भने श्रीअन्तु डाँडाको तलतिर घरबासहरू रहेका छन् (पौडेल, २०७८, पृ. २) । ०° देखि ३५° सम्म तापक्रम रहने यो क्षेत्रमा करिव ८०० मि.लि. देखि १२०० मि.लि सम्म वर्षा हुन्छ । यहाँका

मुख्य बासिन्दाहरूमा राई, लिम्बु, लाप्चा, तामाङ, वाहुन, क्षेत्री, गुरुङ, घले, मगर, गिरी, दमाई, सार्की, नेवार, थामी, कामी, सुनुवार आदि पर्दछन् । (वडा नं. ४, ५ को तथ्याङ्क अनुसार) उनीहरू नेपाली तामाङ, मगर, राई, लिम्बु, लाप्चा आदि मातृभाषा वोल्ने भए तापनि मुख्य भाषाका रूपमा नेपाली नै वोल्दछन् । श्रीअन्तुमा हिन्दु, वौद्ध, र किराँत धर्म मान्ने मानिसहरूको मूख्य वसोबास रहेको छ । मुख्य पेशा कृषि नै भए तापनि हाल पर्यटन, नोकरी तथा अन्य व्यवसायमा पनि मानिसहरू लागेका छन् ।

नेपालमा सूर्योदयको पहिलो झुल्का देखिने इलाम जिल्लाको यस डाँडाबाट दार्जिलिङको टाइगर हिलबाट भन्दा पनि सुन्दर किसिमको सूर्योदयको दृश्यावलोकन गर्न सकिन्छ । पूर्वपट्टि भारत दार्जिलिङको सिंचेल डाँडा होचिदै दक्षिण तर्फ लागेको पहाडको काखमा खर्साङ सहर, गिद्धेको पहिरो, सुकुनाको जंगल र सम्पूर्ण भाग समतल मैदान पर्ने भएकाले सूर्योदयको दृश्यावलोकनको लागि यो ठाउँ प्रसिद्ध हुन पुगेको हो । सूर्य दक्षिणायन भएको असोज कार्तिक महिनाको खुल्ला दिनको विहानीपख मनमोहक विचित्र रूपमा सूर्योदाय देख्न सकिन्छ, जुन दृष्य हेर्न विहान ४ वजेतिर नै त्यहाँ पुग्नु आवश्यक हुन्छ । उत्तरमा गगनचुम्बी कञ्चनजङ्घा, पूर्वमा भारतको खर्साङ, सिलिगुडी तथा मैदानी सहर बजारहरूको बिजुलीको चमकसँगै पूर्व क्षितिज लालीमय भएर जान्छ । (स्थलगत अवलोकन, पटक-पटक) पूर्व क्षितिजमा लमतन्न वंगालको खाडी अर्थात वङगोप सागरको सामुद्रिक छाल बिचबाट अनेक परिकल्पना सँग मेल खादै सूर्य उदाउन सुरु हुँदा असाध्यै रमाइलो लाग्छ । (चित्र नं. ५) आधा समुन्द भित्र र आधा उदाइरहेको अवस्थामा छायाँसहीत दुईवटा सूर्य देखिदा एकैपटक दुईवटा सूर्य उदाउन लागेको हो कि भन्ने आभास हुन्छ ।

यद्यपी सूर्य उदय हुने कुराको संकेत उत्तरतिर हेर्ने हो भने पहिले नै थाहा पाउन सकिन्छ । विश्वको तेस्रो हिमशिखर कञ्चनजघांमा सबैभन्दा पहिले घामको किरण देखा पर्दछ । श्रीअन्तुडाँडा निस्पट अँध्यारो भएको वखत यो देख्न सकिन्छ । पूर्व क्षितिजमा सानो जगमगाउँदो सूर्योदय देखापर्दा कोकोमा नानी खेल्दै गरे जस्तो, फक्रेको च्याउ जस्तो, रथ दौडदै गरे जस्तो अनेक रूपसँगको आकारमा देखिन्छ । (प्रत्यक्ष अवलोकन) उक्त दृश्य आफ्नै मनभित्रको कल्पनाको तरंगसँगै भरपर्ने हुँदा एकअर्काको दृष्टिमा फरक पर्नजान्छ । दार्जिलिङ टाइगर हिलबाट ५ मिनेट मात्र सूर्योदयको दृष्य देख्न सकिन्छ भने यहाँबाट धुपी र सल्लाका रुखहरूमा लुकामारी गरिरहेको जस्तै गरी १०/१५ मिनेटसम्म देख्न सकिन्छ ।

त्रिकोणधारी सल्लाघारीले घेरिएर रहेको श्रीअन्तुडाँडाको थाप्लामा सूर्योदयको दृश्यावलोकन गर्न एक टावरको निमार्ण गरिएको छ । (चित्र नं. ६) यसरी यहाँबाट एउटा रमाइलो सपनाको अन्त्य सँगै विहानीपख सूर्योदयको साथै भारतको सिलिगुडी, खर्साङ सहर, दार्जिलिङ सौरेनी, मिरिक, ओकाइटी चिया बगान आदि देख्न सकिन्छ । साथै यहाँबाट पश्चिमतिर सुन्दर कन्याम चिया बगान, (चित्र नं. ७) फिक्कल बजार, दक्षिणमा समथर तराइ भू-भाग तथा उत्तरमा कन्चनजंघा तथा कुम्भकर्ण हिमाल पनि देख्न सकिन्छ । (चित्र नं. ८) प्रसिद्ध लाप्चा जातिको बासस्थान भएकाले उनीहरूको संस्कृति तथा संरक्षित सँग्रहालय पनि पैदाल यात्राबाट श्रीअन्तुसम्म पुग्ने क्रममा देख्न सकिन्छ । हाल उक्त सङ्ग्रालय सञ्चालनमा रहेको छैन् ।

यो ठाउँसम्म पुग्नको लागि चारैपट्टि विभिन्न बाटाहरू रहेका छन् । इलामको पूर्वी क्षेत्रको प्रमुख व्यापारिक केन्द्र फिक्कल बजारबाट छिपिटार सिद्धिखोला हुँदै करिब ३० मिनेटमा छिरुवा हुँदै घरबास क्षेत्र पुग्न सकिन्छ । त्यहाँ बास बसी विहानै पैदल यात्राबाट शिखरमा पुग्न सकिन्छ । त्यस्तै पशुपतिनगरबाट भारतको मिरिक सम्म गाडीमा गएर दुई घण्टाको पैदल यात्राबाट तथा पशुपतिनगरबाट हाल निर्माण भएको सडकबाट सोझै जान पनि सकिन्छ । त्यस्तै कन्याम चियावारीबाट सिद्धिखोला, गोरख हुँदै पनि यहाँ पुग्न सकिन्छ यस क्षेत्रका बासिन्दाको स्थानीय बजार भारतको मिरिक हो । विछट्टै राम्रा फूलबारीहरूले सजिएका सुन्दर घरहरू हरियाली चियाबगान तथा बाटामा पाइने आत्मीय भावले पैदल यात्रालाई रोमाञ्चक र आनन्ददायी वनाउँछ ।

श्रीअन्तु डाँडा सूर्योदयको दृष्यावलोकनका लागि प्रख्यात छ । सूर्योदयको यो अनुपम दृष्य कहिले देखि हेर्न थालियो वा सबैभन्दा पहिले कसले हेर्‍यो भन्ने तथ्य नभए तापनि यस क्षेत्रमा मानव वस्ती वसेदेखि नै यो दृष्य हेरीएको हुन सक्दछ (उत्तरदाता-१, व्यक्तिगत अन्तर्वार्ता, २०७९।११।८) । भगवान श्रीकृष्णलाई नन्दराज र यशोदाले सूर्यदर्शन गराएको प्रशंग श्रीमद्भागवत् पुराणमा उल्लेख पाइन्छ (भट्टराई, २०५२, पृ. २०६-२१०) । त्यही बेलादेखि हिन्दु धर्ममा सूर्य दर्शनको ठुलो महत्व रहेको छ । यो स्थानमा पनि सुरु-सुरुमा आध्यात्मिक चिन्तन, विश्बासका साथ अग्लो डाँडाबाट स्थानीयहरूले सूर्यको दर्शन गर्ने गर्दथे । यातायातको सुविधा नहुँदा टाढाका मानिसहरूलाई आवतजावतमा समस्या थियो । पछि सूर्योदयको दर्शन गर्ने भाकल गरेका कतिपय मानिसहरू श्रीअन्तु, समालवुङ

क्षेत्रमा आफ्ना आफन्त पहिल्याएर वा स्थानीयसँग बास मागेर विहानीपख सूर्योदयको दर्शन गरी फर्कन्थे (पौडेल, २०७८, पृ.१४१) ।

तराईको गर्मी हावापानीबाट दिक्क बनेका आन्तरिक पर्यटकहरू पहिला देखिनै इलामका कन्याम, पशुपतिनगर, सन्दकपुर, माइपोखरी, इलाम बजार, श्रीअन्तु आउने गर्दथे । तर प्रारम्भिक चरणतिर जुनवेला सूर्योदयको दृष्यभन्दा पनि आध्यात्मिक रूपमा सूर्य दर्शन गर्न साधु, सन्त लगायत भक्तजनहरू धार्मिक उद्देश्यले यहाँ आउने गर्दथे (उत्तरदाता-१, व्यक्तिगत अन्तर्वार्ता, २०७९।११।८) । विहानको झुल्कदो सूर्यको दर्शन गर्न अघिल्लो वेलुका नै त्यस क्षेत्रमा आएर बास वस्नु पर्ने हुन्थ्यो किनकि विहानै त्यहाँ पुग्न यातायातको कुनै व्यवस्था थिएन । साथै त्यहाँ बास वस्नका लागि कुनै होटलहरूको व्यवस्था पनि थिएन । जसका कारण सूर्यको दर्शन गर्न आएका भक्तजनहरू श्रीअन्तु डाँडा आसपासका गाउँ-घरहरूमा बास माग्दै आउन थालेपछि  स्थानीयहरूले सुरुमा पाहुनाको रूपमा स्वीकार गरे ( उत्तरदाता-६, व्यक्तिगत अन्तर्वार्ता, २०८०।०२।१०) । तर क्रमश पाहुनाको चाप बढ्दै गएपछि नि :शुल्क संधै यो सम्भव पनि थिएन ।

यसै क्रममा वि.स. २०५२ सालमा यस्तै उद्देश्य लिएका काठमाडौंतिरका ५ जना साधुसन्तको टोली श्रीअन्तुडाँडाको फेदीमा अवस्थित साविक समालवुङ्ग १ निबासी धनकुमार आलेको घरमा बास माग्न आइपुगे । तर उनीहरूले आफुहरूले विभिन्न सिद्धि प्रगतिको लागि सूर्योदयको दर्शन भाकल रहेको र सूर्योदयको दर्शन गर्दा पुण्य लाभ समेत हुने भएकाले कसैलाई दु :ख दिएर नि:शुल्क बास नवस्ने भनी उनीहरूले वताएपछि खान र वस्न प्रतिव्यक्ति रु ५० का दरले रकम तिरेर वस्ने सहमति भयो (उत्तरदाता-१, व्यक्तिगत अन्तर्वार्ता, २०७९।११।८) । यिनै ५ जनाको टोलीले पैसा तिरेर वस्ने श्रीअन्तु डाँडाका पहिलो पाहुना बनेसँगै धन कुमार आलेको घरमा (Paying Guest) को रूपमा उनीहरूलाई सँगै खाना खुवाएर पाहुना कोठामा सुताइयो । यो घटना नै घरबास सञ्चालनको प्रस्थान विन्दु तथा धनकुमार आले यस क्षेत्रको पहिलो घरबास सञ्चालक बन्न पुगे यो स-शुल्क रूपमा थियो । ५ जना साधकहरू पहिलो औपचारिक पाहुना बने । धनकुमार आले हाल श्रीअन्तु घरबास सञ्चालक समितिको अध्यक्ष पनि हुन् । Paying Guest को सोचलाई मान्ने हो भने नेपालको पहिलो घरबास यसलाई मान्नु पर्ने हुन्छ (चित्र नं. ९) ।

श्रीअन्तु क्षेत्रमा Paying Guest को रूपमा पाहुना व्यवस्थापनसँगै सुरुका केही वर्षमा एक/दुईवटा टोली सानो संख्यामा आउने गर्थे विस्तारै यो क्रम वढ्दै गएपछि  यस क्षेत्रका

स्थानीयले पाहुना व्यवस्थापनको लागि सोच पनि वढाउँदै लगेको देखिन्छ । यसै क्रममा वि.स. २०५७ सालमा श्रीअन्तु क्षेत्रमा पर्यटन प्रवर्द्धनको लागि इलाम जिल्लाका सम्पूर्ण कार्यालय प्रमुखहरू, राजनैतिक दलका प्रतिनिधि, प्राध्यापक, बुद्धिजीबी, पत्रकार सहीत ६३ जनाको टोली खानवस्न चिया नस्ता समेतको प्रतिव्यक्ति रु १००।- तिराएर सम्पन्न गरियो । त्यस्ता पर्यटक यहाँका विभिन्न स्थलको अवलोकन तथा स्थानीय बासहीरूसँग छलफल गरेर फर्केपछि यस क्षेत्रको पर्यटन विकासमा नयाँ आयाम सुरु हुन गयो (उत्तरदाता-१, व्यक्तिगत अन्तर्वार्ता, २०७९।११।८) । त्यस्तै वि.स २०५८ मा श्रीअन्तु पर्यटन विकास केन्द्र स्थापना भए सगैं यस क्षेत्रमा पर्यटन प्रवर्द्धन हुन पुगी पर्यटकीय गतिविधिहरू बढ्न पुगे । Paying Guest अवधारणा घर-घरमा पुग्न गयो । वि.स.२०५९ वैशाख २७ गते श्रीअन्तु पर्यटन विकास केन्द्र जिल्ला प्रशासन कार्यालय इलाममा दर्ता भएपछि सोही संस्था अन्तरगत श्रीअन्तुका गाउँघरमा विधिवत् रूपमा घरबास सञ्चालन सुरु भयो (घरबास सञ्चालकसँगको सम्वादबाट) ।

श्रीअन्तु क्षेत्रको प्रचार-प्रसार गर्न पर्यटन प्रवर्द्धन गर्ने उदेश्यले वि.स. २०६० देखि वि.स. २०६९ सम्म प्रत्येक वर्ष विभिन्न प्रर्दशनी, सांस्कृतिक कार्यक्रम, खेलकुद सहीत भव्य श्रीअन्तु महोत्सवको आयोजना गरियो । जुन महोत्सवमा जिल्लाभित्र, वाहिर तथा छिमेकी मुलुक भारतदेखि का धेरै मासिहरूको उपस्थिति रहयो । जसले श्रीअन्तु क्षेत्रको महत्व र चर्चा बढ्न गई यहाँका घरबासको विकासमा ठुलो मद्धत पुग्न गयो । यसै बिचमा नेपाल सरकारले वि.स. २०६७ चैत्र १२ गते घरबास सञ्चालन कार्यविधि जारी गरेपछि इलाम, पाल्पा, मकवानपूर, स्याङजा लगायत देशका विभिन्न ठाउमा व्यवस्थित घरबासहरू सञ्चालनमा आउन पूगे (घरबास निर्देशिका, २०६७) । वि. स. २०६८ मा काठमाडौंमा Homestay सञ्चालकहरूको राष्ट्रिय सम्मेलन सम्पन्न भयो जसले “होमस्टेको” को नेपाली शव्द “ घरबास” निर्धारण समेत गऱ्यो (पौडेल, २०७८, पृ.१४३) ।

नेपालमा वि.स. २०५४ मा स्याङ्जाको सिरुबारीमा रुद्रमान गुरुङले तथा वि.स. २०५६ मा घले गाउँमा प्रेम घलेले समुहगत रूपमा घरबास सञ्चालन गरेको तथ्याङ्क पाइन्छ । निजी स्तरबाट श्रीअन्तुमा धनकुमार आलेले सुरुवात गरेको थिए । Paying Guest लाई आधार मान्ने हो भने नेपालको पहिलो घरबास यसलाई मान्नु पर्ने हुन्छ । जुन वि.स. २०५२ मा सुरुवात भएको थियो (उत्तरदाता-१, व्यक्तिगत अन्तर्वार्ता, २०७९।११।८) । श्रीअन्तुमा यसरी सुरुवात भएको paying Guest हुदै घरबासको इतिहास करिव २८ वर्ष

लामो भइसकेको देखिन्छ । हाल यहाँ निजी र सामुदायिक गरी ७० वटा घरबासहरू सञ्चालनमा रहेका छन् ।

१० वर्ष लामो महोत्सवको क्रममा श्रीअन्तुको ख्याति धेरै बढ्यो । यो क्रममा आउने पाउनालाई सुताउन राती गाउँ-गाउँसम्म पुऱ्याइन्थ्यो । जसले घरबासको विकासमा गाउँलेहरू जागरुक बन्न पुगे । २०६७ सालसम्म आइपुग्दा पर्यटन कार्यालय काकरभिट्टामा ४३ वटा घरबासहरू दर्ता भैसकेका थिए । श्रीअन्तुका घरबासहरू अहिले पनि यही कार्यालयमा दर्ता छन् (समुह छलफल- १, २०८०।२।९) । वि.सं. २०६७ देखि वि. सं. २०७५ सम्म प्राय असोजदेखि वैशाखसम्म मात्र पाहुनाहरू आउँने गर्दथे किनकि त्यो वेला सम्म यहाँ आउने कच्चि बाटो थियो । तथापि सिमित घरबासले आउने पाहुनालाको चाप थेग्न नसक्दा गाउँमा होटल तथा कटेजहरू खुल्न पुगे । सर्वप्रथम वि.स. २०७२ मा श्रीअन्तु कटेज तथा विस्तारै वेसक्याम, भाग्य श्री जस्ता कटेजहरू खुल्दैगए (समुह छलफछ -१, २०८०।२।९) । हाल यत्रतत्र धेरै होटल तथा कटेजहरू खुलिसकेका छन् । जसले गर्दा घरबास क्षेत्रमा अस्वस्थ्य प्रतिस्पर्धा हुन पुगेको छ (स्थलगत अवलोकन, २०८०।२।१०) ।

यस बिचमा वि.स. २०७६ चैत्र देखि फैलिएको विश्वव्यापी कोरोनाको सबैभन्दा ठुलो प्रभाव पर्यटन व्यसायमा पर्न गयो । यसले गर्दा श्रीअन्तुका घरबासहरू पनि केही समय सुनसान बन्न पुगे । गत वर्षदेखि क्रमश : सहज बन्दै गएको वातावरणमा पुन यस क्षेत्रमा पुरानै शैलीमा धेरै पर्यटकहरू प्रवेश गर्न थालेका छन् । हाल यहाँ निजी, सामुदायिक गरी धेरै घरबासहरू सञ्चालमा रहेका छन् । तथापि वि.स. २०५३ देखि २०६० सम्म एउटै घरमा मात्र युरोप, अमेरिका लगायत स्थानबाट वार्षिक करिव २०० जना विदेशी पाहुना आउने गर्दथे हाल एकै जना पनि नआएको श्रीअन्तुपोखरी सामुदायिक होमस्टेका अध्यक्षज्यू बताउनु हुन्छ (उत्तरदाता - ७, व्यक्तिगत अन्तर्वार्ता, २०८०।२।१०) (चित्र नं. १०) ।

## अध्याय पाँच

## घरबासको अवस्था, अतिथि सत्कार र पर्यटन प्रवर्द्धन (Status of Homestay, Hospitality and Promotion of Tourism)

पर्यटन उद्योग आफैमा सेवामा आधारित उद्योग हो । विश्वको एक कुनाको पर्यटक यात्राको क्रममा विश्वको अर्को कुनामा पुग्न सक्दछ । तर पर्यटक जहाँ पुगे पनि सही र उचित अतिथि सत्कारबाट उसलाई प्रत्येक ठाउँमा आफ्नै घर आँगनको अनुभुति दिलाउनु पर्दछ (पूरी, २०५६, पृ. १६) । राम्रो अतिथि सत्कारबाट नै पर्यटन व्यवसाय फस्टाउन सक्दछ । विश्वका धेरै देशहरूले अतिथि सत्कारलाई विशेष महत्व दिई कार्य गरिरहेको पनि पाइन्छ ।

नेपालीहरू अतिथिहलाई भगवान् समान मान्दछन् । Guest are God अर्थात अतिथि देवो भवः भन्ने कुरा विश्वभर प्रख्यात रहेको छ । यसमा पनि गाउँले नेपाली संस्कृति, परम्परा सहीतको घरबासमा दिइने अतिथि सत्कार अझ आनन्ददायी र रोमाञ्चक हुने गर्दछ । होमस्टे कुनै पनि स्थानमा वसोबास गर्ने मानिसहरूको संस्कृति, परम्परा अनुसार उसको आ-आफ्नो गच्छे अनुसारको जिविकोपार्जन गर्ने तौरतरिकामा परिवर्तन नगरी आफैले उत्पादन गरेका खानेकुराहरू एउटै भान्सामा आफ्नै परिवारका सदस्य सरह आगन्तुक पाहुनाहरूलाई शुल्क लिएर सत्कार गरिने अवधारणा हो । जहाँ हरेक कुरा मौलिक रूपमा प्रस्तुत गरिन्छ । पर्यटन व्यवसाय भित्रका होटल, घरबास, जलयात्रा, पदयात्रा, यातायात सबैमा अतिथि सत्कारको महत्वपूर्ण भूमिका रहन्छ । First impression is last impression भने जस्तै पर्यटन व्यवसायलाई मजवुद र दिगो बनाउने अतिथि सत्कार नै हो । पर्यटकले चाहे, खोजेको सेवा- सत्कार गर्न सकिएमा एउटा पर्यटकबाट भोलि सयौं/हजारौ पर्यटकहरू भित्राउन सकिन्छ । त्यसकारण पर्यटन उद्योगमा अतिथि सत्कारको ठुलो महत्व रहेको छ ।

नेपालका घरबासहरू अतिथि सत्कारमा प्रख्यात रहेका छन् । शिष्ट वोलिचाली, पारिवारिक वातावरण, गाउँले परिवेश, स्थानीय परिकार, सर-सहयोग Guest-Host बिच हुने नजिकको सम्बन्धले ल्याउने सामिप्यता आदि अतिथि सत्कारका गहनाहरू हुन् । यस अध्यायमा श्रीअन्तुका घरबासको अवस्था, पर्यटकको आगमन, औसत वसाई, अतिथि

सत्कारको स्वरूप तथा श्रीअन्तको पर्यटन प्रवर्द्धनमा घरबासले दिएको योगदानबारे चर्चा गरिएको छ ।

## ५.१ श्रीअन्तुका घरबासको वर्तमान अवस्था (Current Situation of Shree Antu Homestay)

ढुङ्गे युगबाट सभ्यता हुदै समाज विकासका विभिन्न चरणहरू पार गरी मानिसहरूका बस्ती विकसित हुँदै गएपछि सहरीकरणको विकास हुनपुग्यो । प्राकृतिक वातावरणबाट टाढा भई कृतिमतामा बाँचेका मानिसहरूलाई गाउँवस्तीमा आफ्ना पुर्खाहरू कसरी बसेका थिए ? भन्ने जिज्ञासा एकातिर हुन गयो भने अर्कोतिर स्वच्छ हावापानीमा प्रकृतिसँग रमाउन पनि आजभोलि मानिसहरू घरबासमा जाने गर्दछन् । किनकि मानव समाज र वातावरण बिच सभ्यताको प्रारम्भिक चरणदेखि अन्योन्याश्रित सम्बन्ध रहदै आएको छ । Julian steward (1902-1927) द्वारा प्रतिपादित Cultural ecology सिद्धान्त अनुसार वातावरणसँग घुलमिल हुदै संसारका विभिन्न ठाउँमा मानव कसरी के कस्ता संस्कृतिहरूको विकास गरी आफुलाई अनुसुलन (Adjust) गर्दै अघि बढिरहेका छन् भन्ने कुरा महत्वपूर्ण रहेको छ । मानव र वातावरण बिचको अन्तरसम्बन्ध बारे अध्ययन गर्न Cultural ecology अनुसन्धान विधि अवलम्बन गर्ने गरिन्छ । समग्र Human ecology लाई दुइ भागमा बाँडेर अध्ययन गर्न सकिन्छ । (Human biological ecology) मानिसले कसरी जैविक विधिबाट अनुकरण गऱ्यो, (Human cultural ecology) संस्कृतिबाट कसरी अनुकरण गऱ्यो भनी अध्ययन गरिन्छ ।

सांस्कृतिक पर्यावरणवाद कै सिद्धान्त अनुरूप श्रीअन्तुमा वातावरण अनुकुल पाहुना भित्रने गरेका छन् । जहाँ प्रतिकुल र अनुकुल वातावरणमा पाहुनाको चाप/ अवस्था थपघट हुने गर्दछ । यहाँका प्राकृतिक सम्पदा, चिसो मौसमले झापा लगायत नेपाल भारतको तराई भू-भागका पर्यटकलाई शितलताको लागि Hill station का रूपमा आर्कषित गरिरहेको छ ( उत्तरदाता - ९ व्यक्तिगत अन्तर्वार्ता, २०८०।२।१) ।यहाँको चिसो वातावरण पनि श्रीअन्तुको घरबास प्रतिको वद्दो आर्कषणको कारण बनेको छ । Cultural ecology बारे अध्याय छमा चर्चा गरिएको छ ।

नेपालमा पूर्वी पहाडी जिल्लाहरू मध्ये चिया खेतीको लागि इलाममा मिल्दो हावापानी भएकाले वि.स. १९२० मा चिया लगाउन सुरु गरिएको थियो (लामा , १९५९, पृ.३१) । यो सँगै विस्तारै इलाममा इलाम सदरमुकाम, कन्याम, पानीटार जस्ता विभिन्न

चिया बगानको विकास हुन पूग्यो । (चित्र नं. ११) सांस्कृतिक पर्यावरणवादको सिद्धान्त अनुरूप वातावरण अनुकुल चिया बगान, चिया बगान सँगै पर्यटनको विकास र पर्यटन भित्रको एक अवयव घरबास श्रीअन्तु क्षेत्रमा विकसित हुन पुग्यो । साथै अघिल्लो अध्यायमा उल्लेख भए अनुरूप सूर्य दर्शन, सूर्योदयको दृश्यावलोकन गर्ने अग्लो श्रीअन्तु डाँडा पनि प्रकृतिकै देन हो । यिनै प्राकृतिक वातावरणमा श्रीअन्तु घरबासले लामो इतिहास वनाइ सकेको छ ।

वि.स. २०५२ सालमा एउटा घरबाट Paying Guest बाट सुरुवात भएको श्रीअन्तु घरबास क्षेत्रमा हाल अभिलेखिकरण भएका ७० र नभएका लगभग १०/१५ वटा घरबासहरू सञ्चालनमा रहेका छन् (उत्तरदाता-२, व्यक्तिगत अन्तर्वार्ता, २०७९।११।२०) । जसमा धेरै सामुदायिक थोरै निजी स्तरमा सञ्चालित छन् । सामान्य आफु बस्ने घरको पाहुना कोठामा पाहुनालाई आराम गर्न दिने, सँगै भान्साघरमा पिरा गुन्द्रिमा वसाई खाना खुवाएर सुरुवात भएको घरबासमा केहीमा वाहेक यो शैली परिवर्तन हुँदै गएको छ । यस क्षेत्रमा सञ्चालनमा आएका घरबासहरू निम्न रहेका छन् ।

१) सामुदायिक

(क) श्रीअन्तु डाँडा सामुदायिक होमस्टे

(ख) श्रीअन्तु पोखरी सामुदायिक होमस्टे

२) निजी

यहाँ सञ्चालित दुबै प्रकारका घरबासहरूको अनुगमन/नियमन र संरक्षण गर्न घरबास सञ्चालन समितिहरू पनि बनेका छन् । होमस्टे सञ्चालन कार्यविधि २०६७ तथा समितिले तोकेको मापदण्डमा घरबास चल्नु पर्दछ । होमस्टे कार्यविधिमा घरहरू नेपाली मौलिक ढाँचामा निर्माण हुनु पर्ने, कम्तिमा दुई वटा ओछ्यान भएको एउटा कोठा पाहुनाको लागि राख्नु पर्ने र एउटा घरमा चार कोठासम्म पाहुना कोठा राख्न पाउने नियम रहेको छ । (चित्र नं. १२) सफा-सुन्दर वातावरण, शौचालयको व्यवस्था, खानपानमा मौलिकता , शिष्टता हुनु पर्ने उल्लेख छ (होमस्टे कार्यविधि- २०६७, पृ. ५) । तथापि यहाँका घरबास निर्माण शैली, खानपानमा मौलिकता हराउदै गएको छ । प्रत्येक दिन थामिनस्कनु पाहुनाहरू भित्रिनाले व्यवस्थापन गर्न गाह्रो हुदै गएपछि धेरै कोठाहरू भएका ठुल्ठूला पक्की भवनहरू बन्न पुगे (चित्र नं. १३) । होमस्टेहरू कमश : होटलमा परिणत हुँदै गएको कुरा स्थलगत

अवलोकन र घरवास सञ्चालकसँगको संवादबाट जानकारी भयो (उत्तरदाता-३ व्यक्तिगत अन्तर्वार्ता, २०७९।११।२२) ।

पुराना साना-साना घरहरूले पाहुनाको चाप नथेग्ने भएपछि गाउँमा लगेर पाहुना सुताउनु पर्ने वाध्यता भयो । त्यसपछि भएका घरमा नै कोठाहरू थप्ने, पुरानो घरको छेउमा सुविधा सहीतका आधुनिक डिजाइनमा नयाँ घर थप्ने तथा होटल/कटेजहरू निर्माणको होड नै चल्न थालेको देखिन्छ । (चित्र नं. १४) (स्थलगत अवलोकन, २०८०।०२।१०) "पाहुना फर्काउनु भन्दा कोठा थप्ने, घर बनाउने तर्फ लागियो यस्तोमा मौलिकता जोगाइ राख्न गाह्रो छ" (उत्तरदाता ३, व्यक्तिगत अन्तर्वार्ता, २०७९।११।२२) ।

घरबासहरू सञ्चालन भइरहेका स्थानमा पर्यटकको अत्याधिक चाप बढेकाले बाहिरबाट आएका व्यक्तिहरूले जग्गा किनेर तथा लिजमा लिई चिया बगान समेत फडानी गरी व्यापारिक प्रयोजनका लागि विभिन्न डिजाइनमा आर्कषक कटेजहरूको निर्माण गरिएको छ । मौलिकताभन्दा आधुनिकतामा रमाउने पर्यटक युगल जोडीहरू त्यतापट्टि बास वस्न रुचाउदा रहेछन् (स्थलगत अवलोकन, २०७९।११।२६) । तथापि होमस्टेमा बास वस्ने लक्ष्य लिएका पर्यटकहरू होटल/कटेज भन्दा पारिवारीक वातावरण भएको होमस्टेमा नै छिर्ने गरेको उल्लेख गर्दै घरबासको मौलिकता भने खस्कदै गएको एक घरबास सञ्चालक स्वीकार्नु हुन्छ (उत्तरदाता - २, व्यक्तिगत अन्तर्वार्ता, २०७९।११।२०) । यहाँका घरबासहरू पर्यटन कार्यालय काकाडभिट्टामा दर्ता हुने गरेकोमा हाल स्थानीय सरकारको निर्णय वमोजिम व्यवसायिक दर्ता सम्बन्धित वडामा गर्नुपर्ने भएकाले यहाँ वडा नं. ४ को वडा कार्यालयमा ३१ वटा तथा वडा नं. ५ को वडाकार्यालयमा २९ वटा घरबासहरू दर्ता भइसकेको र अन्य दर्ता प्रकृयामा रहेका छन् (उत्तरदाता - ६, व्यक्तिगत अन्तर्वार्ता, २०८०।२।९) ।

## ५.२ पर्यटकको आगमन (Flow of Tourist)

सहरी व्यस्त दैनिकिबाट वाहिर निस्कन चाहने तथा गाँउले परिवेशमा रमाउन चाहने आन्तरिक तथा वाह्य पर्यटकहरू विश्वको चर्चित घरबासहरूमा पुग्ने गर्दछन् । नेपाल भित्रने त्यस्ता पर्यटक मध्ये केही प्रतिशत पर्यटक नेपालका चर्चित घरबासहरूमा बास वस्न र रमाउन जाने गर्दछन् । आधिकारिक तथ्याङक पाउन गाऱ्हो भए तापनि पालिका, वडाहरू, स्थानीय घरबास सञ्चालकहरूको दावी तथा स्थलगत अवलोकनका आधारमा श्रीअन्तु घरबास क्षेत्रमा असोजदेखि वैशाखसम्म धेरै पाहुनाको आगमन हुने गर्दछ ।

सुरुवाती चरणमा केही साधु-सन्त, धार्मिक मानिसहरूको मात्र आगमन हुने यस क्षेत्रमा विगतमा सञ्चालन गरिएका महोत्सवहरूको समयदेखि आन्तरिक तथा बाह्य धेरै पर्यटकहरू आउन थाले (समुह छलफल- १, २०८०।२।१०) । कोभिडको समयमा सामुहिक छलफलबाट केही समय घरबासहरू वन्द गरियो । कोभिड-१९ पछि यहाँ मुख्य सिजनमा प्रत्येक शुक्रवार लगभग ३००० देखि ३५०० सम्म पाहुना आउने गदछन् (समुह छलफल- १, २०८०।०२।१०) । श्रीअन्तु डाँडामा निर्माण गरिएको सूर्योदय दृश्यावलोकन गर्ने टावर प्रवेशद्धारमा राखिएको टिकट काउन्टरको तथ्याङ्क अनुसार पनि ३००० देखि ४००० सम्म पाहुना आउने गरेको देखिन्छ (उत्तरदाता- ८, व्यक्तिगत अन्तर्वार्ता, २०८०।२।९) । त्यस्तै अन्य दिनहरूमा पनि ५०० देखि १००० पाहुना आइरहने तथा जेठदेखि भाद्रसम्म मौसम प्रतिकुल हुने भए तापनि सफा मौसम भएको दिन एक-दुई सय पर्यटकहरू आइरहने गर्दछन् (समुह छलफल- १, २०८०।२।१०) । सूर्योदय नगरपालिका तथा ४ र ५ वडाहरूमा पाहुना प्रवेशको तथ्याङ्क राख्ने Software को भरखर तयारी भैइरहेकोले यस सम्बन्धी अनुमानीत तथ्याङ्क मात्र यहाँ समावेश गरिएको छ । तथापि उल्लेखित प्रसङ्गहरू, तथ्याङ्क सङ्कलनको Trangulation विधि, पटक-पटक गरिएका स्थलगत अवलोकनका आधारमा एउटा सानो गाउँमा अत्यन्तै धेरै पाहुनाको आगमन हुने गरेको स्पष्ट हुन्छ ।

### ५.३ औसत बसाइ (Average Stay)

पर्यटन उद्योग सेवामा आधारित उद्योग हो । जहाँ सेवा वापतको निश्चित शुल्क लिइने गर्दछ । साथै पर्यटनमा समय र बजेट तथा नजिकका गन्तव्यले पर्यटकको कुनै पनि स्थानमा रहने वसाई अवधिलाई निर्धारण गर्दछ । श्रीअन्तु घरबास क्षेत्रको प्रकृति नै वेलुका पुग्ने विहान सूर्योदयको दृश्यावलोकनसगै फर्कने रहेकोले यहाँ आउने पाहुनाको औसत बसाई एक रात हुने गरेको छ (सामुहिक छलफल - २, २०८०।२।१०) । इलामको पर्यायको रूपमा नै रहेको कन्याम चिया बगान , धार्मिक क्षेत्र पाथिभरा, व्यापारिक केन्द्र फिक्कल बजारको घुमघाम सकेपछि पर्यटनको अवधारणा अनुरूप नजिकै रहेको अर्को गन्तव्य स्थल श्रीअन्तु डाँडा पुग्ने र एक रात बास वस्ने सोच पाहुनाले राख्दछन् । वेलुका घरबासमा खानेवस्ने, नाचगान रमाइलो गर्ने विहान सर्योदयको दृश्यावलोकनसगैं श्रीअन्तु पोखरीमा वोटिङ, समिपमा रहेको चिया बगानमा फोटो खिच्ने कार्य सम्पन्न भएपछि पर्यटकहरू र्फकने गरेको देखिन्छ (स्थलगत अवलोकन, २०८०।२।१०) । केही पाहुना दुई रातसम्म बस्ने गर्दछन् । बेला-बेला यहाँ सञ्चालन गरिने तालिम, गोष्ठिहरूले भने सहभागीहरूको वसाइ

अवधि लम्याउने गर्दछन् । पर्यटकको बसाइ लामो पनि यहाँको अन्य गन्तव्य स्थलको प्रचार प्रसारमा लागेको स्थानीयहरूको भनाइ रहेको छ ।

### ५.४ अतिथि सत्कार (Hospitality)

पर्यटन उद्योगमा अतिथि सत्कारको ठुलो महत्व रहन्छ भन्ने चर्चा अगाडि परि सकेको छ । पर्यटन व्यवसायमा अतिथि सतकार कस्तो हुनु पर्छ भनेर पर्यटनका विभिन्न सिद्धान्तहरूमा चर्चा गरिएको पाइन्छ । साथै के कारणले Host र Guest बिच सम्बन्ध Irritation सम्म पुग्छ भन्ने Doxey's model लगायत अन्य धेरै सिद्धान्तहरू रहेका छन् । श्रीअन्तु घरबासमा पाहुनाहरूलाई औपचारिक रूपमा स्वागत तथा विदाई गर्ने चलन छ । ( चित्र नं. १५) श्रीअन्तु घरबास परिसरमा प्रवेश गर्ने पर्यटकलाई सम्बन्धित घरधनीले फुलमाला खदा र अविरले नमस्कार सहीत स्वागत तथा विदाई गर्ने चलन घट्दै गएको छ ( समुह छलफल-१, २०८०।२।१०) । पाहुनाको चापले यो सम्भव नभएको उहाँहरूको धारणा रहेको छ । तथापि टाढाका पाहुनालाई भने पुरानै रूपमा स्वागत तथा विदाई  गरिन्छ ।

चियाको जिल्ला समेत भएकाले तथा नेपालीहरूको प्रिय पेय पदार्थ Organic tea, Green tea द्वारा पाहुनालाई स्वागत गरिन्छ । चियाको चुस्किसँगै भलाकुसारी, कोठा व्यवस्थापनसँगै समय रहेमा छोटो बेलुकाको घुमघाम गराइन्छ । स्थानीय घरबास सञ्चालक समितिको नियमानुसार एकै समुहका पाहुनाहरूलाई भरसक वरिपरीका घरहरूमा बासको व्यवस्था मिलाइन्छ । वेलुका पाहुनालाई आफ्नै करेसा बारीमा उत्पादित खाद्यवस्तु, ताजा तरकारी खुवाइन्छ । स्थानीय सागसब्जी, लोकल कुखुराको मासु, दाल, अचारसँग झर्के थालमा स्वादिष्ट खाना खुवाइन्छ । खसीको मासु , सुगँरको मासु पनि इच्छा अनुसार प्रयोग हुन्छ (उत्तरदाता - ३ व्यक्तिगत अन्तर्वार्ता, २०८०।०२।६) । साथै फापर, कोदोको रोटी, ढिँडो, सिस्नोको दाल,गुन्द्रकको अचार जस्ता खानेकुरा भने पाहुनाले माग गरेमा मात्र खुवाइन्छ ।

पाहुनाहरू होटलमा जस्तै मेनु खोज्ने, रोस्ट मासु तथा खानाका आधुनिक परिकार, Beer, Wine, Vodka जस्ता पेय पर्दाथको माग गर्दै आउनाले यहाँका घरबासको खानाको मौलिकता पनि हराउँदै गएको छ । विदेशी र काठमाडौंका पाहुनाले भने मौलिक नेपाली खाना खोज्छन् । साथै उनीहरू कोठा पनि attach, तातोपानी आउने, wifi वाला खोज्न थालेकोले व्यवसाय टिकाउन समय अनुसार चल्नु परेको बताउनु हुन्छ (समुह छलफल- २, २०८०।०२।९) । बेलुकी आँगनको बिचमा camp firing को रूपमा आगो वाली आ-आफ्नो

इच्छा अनुसार खानपान गर्ने नाच्ने, गाउँने वातावरण बन्छ । व्यस्त दैनिकीबाट घर छाडी श्रीअन्तु पुगेका सबै उमेर समुहका मानिसहरू एकछिनलाई सबै दुःख पीर भुलेर पारिवारिक घरबासको सत्कारमा झुलिरहेका हुन्छन् । (स्थलगत अवलोकन बाट) तथापि घरभित्र गुन्द्री, खोसेलाको पिरामा अगेना वरिपरी आगो ताप्दै गरिने भलाकुसारी, गफगाफ भने समय अनुसार यसरी परिवर्तन हुँदै गएको देखिन्छ (उत्तरदाता -२, व्यक्तिगत अन्तर्वार्ता, २०८०।०२।०५) ।

पहिले-पहिले बेलुकी चोक-चोकमा यस क्षेत्रमा बसोबास गर्ने विभिन्न जात जातिका साङ्गीतिक प्रस्तुति, नृत्यहरू देखाउने चलन थियो तर हाल यस्ता कार्यकमहरू पनि घट्दै गएका छन् (समुह छलफल- १, २०८०।०२।१०) । रातको १० बजेको निश्चित नियमानुसार आ- आफ्ना कोठा अनुसार पाहुनाहरू आराम गर्न पुग्दछन् ।यस क्षेत्रमा सञ्चालित घरबासहरूमा एकरूपता ल्याउन तथा अस्वस्थ्य प्रतिस्पर्धाबाट जोगाउन त्यहाँ बनेको सञ्चालक समितिले निश्चित नियमहरू बनाई लागु गरेको छ । स्वास्थ्य, अर्गानिक खानेकुरा खुवाउनु पर्ने प्रति घर चारवटा भन्दा बढि कोठाको क्षमता बृद्धि गर्न नहुने, क्षमता अनुसार मात्र पाहुना राख्नु पर्ने , स्थानीय संस्कार संस्कृतिको जगेर्ना गनुपर्ने, पाहुनालाई बाँडेर राख्नु पर्ने समितिले तोकेको दररेट लागु गर्नु पर्ने, सरसफाई गर्नु पर्ने जस्ता नियमहरू लागु गरी समितिले बेला-बेला अनुगमन गर्ने गर्दछ (उत्तरदाता १, व्यक्तिगत अन्तर्वार्ता, २०७९/११/२३) । यहाँको अतिथि सत्कार नघटोस र दिगो रूपमा घरबासहरू चलुन भन्ने कुरामा समिति सचेत रहेको भएपनि दिन प्रतिदिन घट्दै गएको देखिन्छ ।

बिहान सवेरै उठी आफ्नु तयारी पूरा गरी घरबास क्षेत्रभन्दा केही माथि रहेको श्रीअन्तुडाँडामा सूर्योदय हुनु पूर्व पाहुनाहरू दृश्यावलोकनका लागि पुगिसक्दछन् । भ्यू टावर, वगैचा सहीत हालसालै निर्माण गरिएका पक्की संरचनाबाट (चित्र नं. १६) सूर्योदय हेर्न, तस्वीर खिच्ने मानिसहरूको भिडभाड रहन्छ (स्थलगत अवलोकनबाट, २०८०।२।६) । सूर्योदय सगैं श्रीअन्तुबासीले विहानै श्रीअन्तु डाँडामा पकाएको चिया, भक्का लगायत खाँदै रमाएर पाहुनाहरू केही तल रहेको बासस्थान फर्केर आफ्नो इच्छा अनुरूप कोही आफ्नो गन्तव्यतिर तथा कोही श्रीअन्तु पोखरी लगायत अन्य पर्यटकीय स्थलहरूको भ्रमणमा निस्कन्छन ।

पर्यटन उद्योगमा Guest लाई Host ले गर्ने व्यवहार, सत्कार सम्बन्धी धेरै Theory हरू रहेका छन् । यीमध्ये Doxey's Irridex model (1976) यहाँ लागू भएको देखिन्छ । जव

गन्तव्य स्थलमा पर्यटकको संख्या वढ्छ तव host को पर्यटकलाई हेर्ने दृष्टिकोण परिवर्तन हुन्छ । त्यहाँ Host/ Guest सम्बन्ध Euphoria (Positive emotion) बाट निश्चित तहहरू पार गरी Irritation (Negative emotion) सम्म पुग्दछ (Reisinge, 2010, p.221) । त्यहाँ प्रतिक्रिया (Reaction) बढ्न थाल्छ । पर्यटकलाई वास्ता गर्न छाडिन्छ । श्रीअन्तुका घरबासमा पनि पर्यटकको अत्याधिक चाप हुने गरेकाले अतिथि सत्कार क्रमश : घट्दै गएको देखिन्छ । सबै पर्यटकलाई ध्यान दिन र सही अतिथि सत्कार गर्न घरबास सञ्चालकलाई समय र इच्छा छैन, जुन उनीहरूको वाध्यता देखिन्छ । Irridex model मा गन्तव्यस्थलका जति पनि नराम्रा काम, प्रभावको दोष पर्यटकलाई लगाइन्छ । घरबास सञ्चालकहरू, त्यहाँबाट फर्किएका अतिथिहरू दुवै पक्षले यसलाई स्वीकारेको पाइयो । त्यस्तै Richard Butter को Tourism area life cycle Theory मा पर्यटकलाई गन्तव्यमा गरिने व्यवहार त्यहाँको हरेक प्रकारको वातावरण अनुकुल हुन्छ भन्ने प्रसङ्ग पनि श्रीअन्तु घरबासको घट्दै गएको अतिथि सत्कारमा प्रासंगिक देखिन्छ (Butler, 2006, p. 32)।

### ५.५ घरबास क्षेत्रमा होटल सञ्चालन (Hotel at Homestay Area)

प्राकृतिक सौन्दर्यता, सूर्योदय सहित तराईका फाँटहरू, भारतका विभिन्न सहर, हिम श्रृङ्खलाहरूको दृश्यावलोकनका लागि प्रख्यात श्रीअन्तु डाँडा क्षेत्रमा अगाडि उल्लेख भए बमोजिम पर्यटनको धेरै चाप हुने गर्दछ । यसकारण पहिला सामान्य घरमा दिइने बास जुन अत्यन्तै मौलिक थियो । क्रमशः घरहरूलाई पनि परिस्कृत गर्दै कोठाहरू थप्दै लगियो भने हाल घरबास क्षेत्रमा व्यवसायिक रूपमा नै धेरै होटल, कटेजहरू खुल्न गए । धेरै लगानीमा खुलेका ठूल्ल-ठूला होटलहरू व्यवसायिक रूपमा सञ्चालनमा आएकोले घरबास सञ्चालकले घरबासको भविष्य बारे चिन्ता व्यक्त गरेको पाइन्छ । (चित्र नं. १७) होटल सञ्चालकहरूले अतिथि सत्कार, गाउँमा घरबासको महत्व तथा मौलिकपनलाई ध्यान नदिँदा समस्याहरू देखिन थालेका हुन् (सामुहिक छलफल, २- २०८०।२।१०) । उनीहरूले पाहुनालाई आर्कषण गर्न होटलमा दिइने विभिन्न सेवा-सुविधा दिएर आफु खुशी दररेट कायम गर्नाले सामान्य सुविधा भएका घरबासहरूलाई असर पर्दै गएको घरबास संञ्चालकहरूसँगको संवाद तथा स्थलगत अवलोकनका क्रममा जानकारी भयो ।

होटलमा कुनै निश्चित नीति नियम नहुने, रातभरी हो-हल्ला गरेर वस्न पाइने, मिठो परिकारहरू वनाउन वाहिरका कुक ल्याएर राख्ने, सबै प्रकारका पेय पदार्थहरू वेच्ने गर्नाले परम्परागत रूपमा चलेका घरबासको एकातिर मौलिकता हराउने तथा अर्कातिर व्यवसाय

धरायसी हुने सम्भावना देखिन्छ (उत्तरदाता - ३, व्यक्तिगत अन्तर्वार्ता, २०७९।११।२२) । वि.सं. २०७४ सालमा त्यस क्षेत्रमा स्थानीय सरकारले होटल/कटेज खोल्ने अनुमति दिएपछि चियाबारी लिजमा लिएर, जग्गा किनेर ठुलो लगानी र संख्यामा होटल कटेज खोल्ने क्रम बढेको छ (स्थलगत अवलोकन, २०८०।२।५) । जसले एकातिर यहाँको चियावारी फँडानीको क्रम वढ्दै छ भने अर्कातिर पारिवारिक वातावरण र गाउले परिवेशका घरबासहरू कमजोर बन्दै जाने देखिन्छ ।

यसले गर्दा घरबास सञ्चालकले पनि होटलसँगको बढ्दो प्रतिस्पर्धाका कारण होटलकै जस्ता सुविधा सम्पन्न कोठाहरू निर्माण, खानपान दिन थाल्नाले यहाँका घरबासको अवस्था खस्कदै गएको देखिन्छ । साथै घरबासबाट फर्कदै गरेका कतिपय पाहुनाले पहिलाको पारिवारिक वातावरण प्राप्त गर्न नसकेको गुनासो पनि गरेको पाइयो (उत्तरदाता - १०, व्यक्तिगत अन्तर्वार्ता, २०८०।२।१०) । घरबास क्षेत्रमा करको लागि होटल/कटेज खोल्ने अनुमति दिनाले यहाँका घरबासको वातावरण बिग्रदै गएको हो भन्ने घरबास सञ्चालकहरूको कुरालाई खण्डन गर्दै नेपाली नागरिकले नियम/विधिसङ्गत ढङ्गमा देशको जुनसुकै ठाउँमा व्यवसाय गर्न पाउने अधिकार हनन् गर्न नसकिने बिचार सू.न.पा का नगरप्रमुख राख्नु हुन्छ (उत्तरदाता-१०, व्यक्तिगत अन्तर्वार्ता, २०८०।२।१०) । यसबाट घरबास र होटल बिच अस्वस्थ्य प्रतिस्पर्धा भएको स्पष्ट हुन्छ । यही तरिकाले गएमा अबका पाँच/सात वर्ष पछि घरबासहरू पाउन मुस्किल हुने सम्भावना देखिन्छ ।

## ५.६ घरबासले पर्यटन प्रवर्द्धनमा दिएको योगदान (Contribution of Homestay to Promote Tourisim)

विश्वका विभिन्न पर्यटकीय गन्तव्य स्थलहरूमा नेपाल पनि पर्दछ । त्यस्तै नेपाल भित्र पनि इलाम जिल्ला र त्यसभित्र कन्याम, श्रीअन्तुडाँडा भएको सूर्योदय नगरपालिका प्रमुख गनत्व्य स्थलमा पर्दछ । श्रीअन्तुका घरबास र यहाँको पर्यटन बिच नङ र मासुको जस्तो सम्वन्ध रहेको छ । सूर्योदयको दृश्यावलोकनका लागि श्रीअन्तु प्रख्यात रहेको भए तापनि यहाँको घरबासमा रमाउने उद्देश्यले पनि धेरै आन्तरिक पर्यटकहरू श्रीअन्तु भित्रने गरेका छन् । आज वढ्दो सहरीकरण, सहरी कोलाहाल, प्रदुषणका कारण सुन्दर, शान्त र स्वच्छ गाउले हावापानी, वातावरणमा रमाउन मानिसहरू घरबासहरूमा पुग्न थालेका छन् । नेपालका सिरुबारी, घान्द्रुङ हुदै इलामको श्रीअन्तु घरबास पनि त्यस्ता पर्यटकको गन्तव्य स्थल बनेका छ ।

यस क्षेत्रको पर्यटन प्रर्वद्धनमा घरबास, श्रीअन्तुडाँडा, श्रीअन्तु पोखरी, यहाँको चियाबगान तथा वातावरण सबैको योगदान रहेको सरोकारवालाहरू स्वीकार गर्नुहुन्छ । घरबास सञ्चालन समितिका अनुसार प्रकृतिको देन श्रीअन्तु डाँडामा आएका पाहुनालाई Paying Guest हुदै आज घरबासको रूपमा मिठो खाना र बेलुकी बास दिनाले यहाँको पर्यटन दिनप्रति दिन बढिरहेको छ (समुह छलफल-१, २०८०।२।१०) । तथापि मौलिकता भने घट्दै गएको छ । यहाँका घरबास र पर्यटन एक अर्काको परिपूरक रहेको उहाँहरूको धारण रहेको छ । त्यस्तै २०५२ सालदेखि  थोरै यात्रीहरूको आगमनसँगै सुरु भएको श्रीअन्तुको भ्रमणलाई क्रमश थपिदै गएका घरबासले धेरै यात्रीलाई बास दिन सक्षम भएपछि  यहाँको पर्यटन प्रवर्द्धन भएको घरबास सुरुवाती चरणदेखि हालसम्म अनुभव गरिरहनु भएका एक जेष्ठ अभिभावक वताउनु हुन्छ (उत्तरदाता - ४, व्यक्तिगत अन्तर्वार्ता, २०८०।२।११) ।

यहाँको वातावरण, प्राकृतिक सौन्दर्यतामा रमाउन आउने पाहुनाहरूलाई जे- जस्तो भए पनि राम्रो अतिथि सत्कार खानपान प्रदान गर्ने घरबासहरूको कारण यहाँको पर्यटन प्रवर्द्धन भइरहेको सू.न.पा वडा नं. ४ का  सचिवको धारणा रहेको छ (उत्तरदाता - ६, व्यक्तिगत अन्तर्वार्ता, २०८०।२।११) । त्यस्तै तराईको गर्मी छल्न, शितलतामा रमाउन आउने हजारौं पाहुनालाई गाउँमा नै सर्वसुलभ ढंगले बासको व्यवस्था मिलाउने यहाँका घरबासहरूको श्रीअन्तुको पर्यटनको विकासमा ठुलो योगदान रहेको कुरा वडा नं. ५ का वडाध्यक्ष स्वीकार गर्नुहुन्छ (उत्तरदाता -९, व्यक्तिगत अन्तर्वार्ता, २०८०।२।११) । तथापि घरबास मात्र नभएर यहाँका श्रीअन्तु डाँडा, श्रीअन्तुपोखरी, गुफा पाताल, चिया बगान, तराई र भारतको नजिक यो गन्तव्य रहनु यस क्षेत्रको समग्र पर्यटन विकासको आधार रहेको पनि उहाँको धारणा रहेको छ । एउटै पर्यटक पटक-पटक यहाँ भित्रनु घरबासका कारण मात्र नभएर यहाँको राम्रो वातवरण पनि भएकाले हो भन्ने धारणा रहेको छ ।

घरबास सञ्चालकबाट केही सांस्कृतिक र पर्यावरणीय प्रभावहरू रहे तापनि यो क्षेत्रको विकास र पर्यटन प्रवर्द्धनमा यसको ठुलो महत्व रहेको यहीँ क्षेत्रमा बसोबास गरी घरबास सञ्चालन नगर्ने समुहको  धारणा रहेको छ । (समुह छलफल-३, २०८०।२।११) स्वरोजगारको सिर्जना गर्न र प्रत्यक्ष-अप्रत्यक्ष रूपमा यस भेगमा बस्ने मानिसहरूलाई आर्थिक फाइदा पुऱ्याउन घरबासको ठुलो भुमिका रहेको उहाँहरूको धारणा रहेको छ । श्रीअन्तुमा प्रारम्भिक चरणदेखि घरबास सञ्चालन गर्नुहुने एक अभियन्ता तथा यहाँको घरबासको विज्ञको रूपमा पनि रहनु भएका एकराज घिमिरे यहाँको प्रकृतिले गर्दा घरबास

वनिएको र यी दुईको संयोजनबाट श्रीअन्तु प्रख्यात भएको हो भन्ने बिचार राख्नु हुन्छ (उत्तरदाता-१२, व्यक्तिगत अन्तर्वार्ता, २०८०।२।१४) । प्राकृतिक सुन्दरतामा रमाउन आउने पाहुनालाई मानव निर्मित घरबासहरूले बास बस्ने वातावरण मिलाइ दिएकोले यहाँको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका रहेको उहाँको बिचार रहेको छ ।

सूर्योदय नगरपालिकाका नगर प्रमुखका अनुसार सूर्योदय नगरपालिका भित्रका कन्याम, श्रीअन्तु लगायत स्थानहरूका कारण कोशी प्रदेश सरकारले यसलाई पर्यटकीय नगरी घोषण गरेपछि यस क्षेत्रको धेरै प्रचार प्रसार भयो जसबाट घरबासमा पनि धेरै पाहुनाहरू भित्रिन थाले (उत्तरदाता- १०, व्यक्तिगत अन्तर्वार्ता, २०८०।२।१०) । यसबाट यहाँको पर्यटन र घरबास एक अर्काका परिपुरक भएर अघि बढिरहेका उहाँको भर्ना रहेको छ । तथापि घरबासको मौलिकता हराउदै गएको, सञ्चालकहरूले यसलाई कायम राख्न नसकेकाले र नियमन निकाय प्रदेश सरकारले पनि अनुगमन गर्न नसकेकोले पछि गएर यो घरबासभन्दा पनि पर्यटकीय क्षेत्र वा टोलमा परिणत हुन सक्ने पनि उहाँको अनुमान रहेको छ । यो भनाईमा अन्य सरोकारवालाहरू पनि सहमत देखिनु हुन्छ ।

यसरी वि.स. २०५२ सालसम्म त्यत्रो प्रख्यात नरहेको श्रीअन्तु वि.स. २०८० सालमा आइपुग्दा पूर्वी नेपालको एक ग्रामीण पर्यटनको केन्द्र बन्न पुगेको सरोकारवालाहरूको बिचार रहेको छ । पर्यटनमा बासस्थानको ठुलो महत्व रहन्छ । यहाँका घरबासहरूले त्यो वातावरण सिर्जना गरी पर्यटन प्रवर्द्धनमा महन्वपूर्ण भूमिका खेलेको देखिन्छ । श्रीअन्तु क्षेत्रको पर्यटनलाई टेवा दिने केही अन्य गन्तव्य स्थलहरू पनि यहाँ समावेश गर्नु आवश्यक देखिन्छ । जस्तै :

### ५.६.१ श्रीअन्तु पोखरी (Antu Pokhari)

श्रीअन्तु डाँडाको फेदीमा भन्ज्याङ वजार नजिकै वरिपरि चिया बगानले घेरिएको एक सुन्दर पोखरी रहेको छ । १६६४ मिटरको उचाइमा लामो आकारमा रहेकोले यसको पुरानो नाम लामपोखरी भए तापनि हाल यो श्रीअन्तु पोखरीको नामले चिनिन्छ । वरिपरि डाँडाले घेरिएको बिचको गहिरो भागलाई धाप वा सिम भन्ने गर्दथे । जहाँ पहिला गोठालाहरूले ठाउँ-ठाउँमा डोविल्का वनाएर भैसीलाई आहाल खेलाउँथे (पौडेल, २०७८,पृ.१२१) । वि.स. २०३९ सालमा तत्कालिन जिल्ला पञ्चायतको सहयोगमा यस सिमसारको पूर्वी क्षेत्रमा पर्खाल लगाई पोखरी निर्माण तथा यात्रुको लागि श्रीअन्तुडाँडा जाने बाटोमा एउटा गेष्ट हाउस निर्माण गरिए पछि श्रीअन्तु क्षेत्रको सौन्दर्यतामा थप भएको

थियो (ऐजन) । यसै वर्ष तत्कालिन राजा विरेन्द्रबाट छोरा दिपेन्द्रको नाममा श्रीअन्तुडाँडालाई दिपेन्द्र शिखर नामाकरण गरी श्रीअन्तुडाँडा र श्रीअन्तु पोखरीलाई पर्यटन क्षेत्र घोषणा गरेका थिए (उत्तरदाता - ७, व्यक्तिगत अन्तर्वार्ता, २०८०।२।१०) ।

श्रीअन्तु घरबास नजिकै रहेको यस पोखरी वरिपरि पदमार्ग, बोटिङको व्यवस्था गरिएकोले तथा पहाडी इलाकामा सुन्दर पोखरी रहेकोले श्रीअन्तु डाँडाबाट फर्किएका पर्यटकहरू केही समय यहाँ रमाइरहेका हुन्छन । प्रदेश सरकार, सूर्योदय नगरपालिका लगायतले पोखरीको संरक्षण, वरिपरि पक्की पदमार्ग निर्माण, पानी नसुकोस भनी नजिकै पानी संचितिको लागि सानो पोखरी निमार्णमा वजेट विनियोजन गरी कार्य भइरहेको छ ( उत्तरदाता -१०, व्यक्तिगत अन्तर्वार्ता, २०८०।२।१०) । श्रीअन्तुडाँडा, घरबास र श्रीअन्तु पोखरी बिचको त्रिकोणात्मक सम्बन्धबाट यहाँको पर्यटनका विकास भइरहेको जो कोहीले अनुमान लगाउन सक्दछ । (चित्र नं. १८) सुन्दर शान्त पोखरी वरिपरि हरियाली चिया बगान र धुपी सल्लाको जंगल रहेकोमा हाल व्यापारिक प्रयोजनमा पोखरी वरिपरि ठुलो लगानीमा निर्माण गरिएका कटेज र होटलले त्यहाँको प्राकृतिक सुन्दरता भने घट्दै गएको छ । (स्थलगत अवलोकन, पटक-पटक) यस क्षेत्रको पर्यावरणीय अवस्थामा आँच आए तापनि यूवा पुस्ताको आर्कषक गन्तव्य वनेको श्रीअन्तु पोखरीले पनि यहाँको पर्यटन प्रवर्द्धनमा ठुलो भूमिका खेलेको छ । पोखरीको आसपास तथा केही तल श्रीअन्तु पोखरी सामुदायिक होमस्टे अन्तरगत ११ वटा घरबास समेत सञ्चालनमा रहेका छन् ।

# अध्याय छ

## घरबासले स्थानीय समुदायमा पारेको प्रभाव (Impact of Homestay in Local Community)

मानव विकासको प्रारम्भिक चरण जहाँ मानिसहरू खानाको खोजीमा एक ठाउँबाट अर्को ठाउँमा पुगी घुमन्ते जीवन बिताउँदथे । संस्कार, संस्कृति, पारिवारिक स्थाइ बसोबास धेरै टाडाका विषयवस्तुहरू थिए । समयक्रमसँगै रामापिथेकस, अष्टेलोपिथेकस, नियन्डरथल, होमो इरेक्टस हुदैं होमो सेपियन्ससम्म आइपुग्दा परिस्कृत बन्दै गएको उनीहरूको शारिरीक बनावट, वृद्धि हुदै गएको दिमागी क्षमताका कारण धेरै परिवर्तन हुदै गए (दहाल र खतिवडा, २०६५, पृ. ८७) । जसका कारण समाज विकासका पनि पूर्वपाषण, मध्यपाषण, हुदै नवपाषण युगहरू देखा पर्दै गए (ऐजन, पृ. १०) । सँगै मानव विकासको लाखौं वर्षको अवधिमा ढुंगे युगबाट सभ्यता हुदै मानव आधुनिक विकसित युगमा आइपुग्यो । यो अवधिमा मानवले आफ्नो जीवन जिउने क्रममा संसारका विभिन्न संस्कृतिहरूको विकास गर्न पुग्यो ।जुन संस्कृति मानवको अभिन्न अंग बन्न पूग्यो ।

संस्कृतिका विभिन्न विद्वानहरूले उद्विकासवाद, प्रकार्यवाद, सांस्कृतिक पर्यावरणवाद, प्रसारवाद जस्ता विभिन्न सिद्धान्तहरूको विकास गरी संस्कृतिको परिभाषा विश्लेषण, तुलनागरी कहाँबाट कसरी संस्कृतिको विकास र प्रसार हुनपुग्यो जस्ता विषय वस्तुहरू बाहिर ल्याए (देवकोटा र ओभ्हा, २०६६, पृ ११) । E.B. Taylor (1920) ले संस्कृतिको उत्कृष्ठ परिभाषा दिए । "Culture is that complex whole which includes knowledge, belief art, morals, law, custom and any other capabilities and habits acquired by man as a member of society " (p.10) । Taylor पछि धेरै विद्धानहरूले धेरै परिभाषाहरू गरे । यसले संस्कृति के हो ? कसरी विकसित हुँदै आयो भन्ने बारेमा ज्ञान फराकिलो वन्दै आउनुको साथै लामो खोज, अनुसन्धान पछि संस्कृतिका धेरै सिद्धान्तहरूको विकास हुन पुग्यो ।

यसै क्रममा सर्वप्रथम सन् १८४० तिर Herbert Spencer ले उद्विकासको सिद्धान्त प्रतिपादन गरेका थिए । उद्विकासलाई क्रमिक रूपमा विकसित हुने प्रक्रिया (Process of gradually developing) जुन सामान्य स्वरूपबाट विकसित हुदै जटिलमा पुग्दछ (Gradually develop form a simple from to a more complex one) भनेर परिभाषित गरिएको छ

(देवकोटा र ओझा, २०६८, पृ. ५६) । संस्कृति सामान्यबाट जटिल तर्फ विकसित हुदै अघि वढ्छ र यही प्रक्रिया अन्तरगत नै संसारका विभिन्न संस्कृतिहरूको विकास र विस्तार हुदै प्रगतितर्फ अग्रसर भएको भन्ने यस मतका Charles Darwin, E.B. Tylor, L. H. Morgan, Karl Marx, Leslie White जस्ता सिद्धान्तकारहरूले विभिन्न दृष्टिकोण र बिचार अघि सारे जस्ले संस्कृति र मानव बिचको विविध पक्षबारे उजागर गर्न सफल भए । भिन्दा भिन्दै स्थानहरूमा पनि एउटै संस्कृति पाउन सकिन्छ भने एउटै स्थानमा पनि विभिन्न सांस्कृतिक स्वरूपहरू भेटाउन सकिन्छ भन्ने यिनीहरूको धारणा रहेको छ ।

त्यस्तै बिसौं शताब्दीतिर जर्मनका Friedrich Ratzed, Frietz Graebner त्यस्तै अमेरिकाका Franz Boas, Clark Wissler  तथा वेलायतकाElliot Smith, W. J. Perry, W.H.R. Rivers जस्ता विद्धानहरूले संस्कृति मानव जातिमा रेहेको मानसिक एकता (Psychic Unity of mankind) को उपज नभएर संस्कृतिको सिर्जना एउटा निश्चित ठाउँमा भई बसाइँसराई, व्यापार, लेनदेन, विवाह, पर्यटन, सामानिक सञ्जाल, उपनिवेश, युद्ध, आन्दोलन आदिका माध्यमबाट संसारका विभिन्न ठाउमा, यसको प्रसार हुन्छ भन्ने प्रसारवादी (Diffusionism) सिद्धान्तको विकास गर्न पुगे । जसका कारण विश्वको एक ठाउँको संस्कृति अर्को ठाउँमा सरेर प्रसारित हुन्छ भन्ने मान्यताको विकास हुन पुग्यो । (अधिकारी, २०६३, पृ. - १३० - १४०) । संस्कृतिको यही प्रसारवादी अवधारण अनुसार नै युरोप, अमेरिको लुगाको फेसन, Fast food , पेय पदार्थ, सङ्गीत, नृत्य लगायत विविध प्रकारको पश्चिमा संस्कृति हाम्रो समाजमा भित्रि सकेको छ जसले कुनै न कुनै रूपमा हाम्रो संस्कृतिलाई प्रभाव पारेको छ ।

त्यस्तै बिसौं शताव्दीतिर नै Auguste Comte, Herbert Spencer, Emile Durkheim, Redcliffe-Brown, Talkott Parsons, Bronislaw Malinowski जस्ता विद्धानहरूले समाज र संस्कृतिको अध्ययनको क्रममा प्रकार्यवाद र संरचनात्मक प्रकार्यवाद (Functionalism and tructural fonctionalism) को विकास गर्न पुगे (देवकोटा र ओझा, २०६८, पृ. १२४-१५५) । उनीहरूका अनुसार समाजका विभिन्न अङ्गहरू मिलेर खास प्रकारको सामाजिक संरचनाको निर्माण भएको हुन्छ । जहाँ सामाजिक व्यवस्था निर्माणका लागि मूल्य, मान्यता, परम्परा, रीतिरिवाज, धर्म संस्कृति आदि खासखालका संरचनाहरूमा आवद्ध भएर रहेका हुन्छन् । समाजका यिनै विभिन्न अंगहरूले सिङ्गो सामाजिक वा सांस्कृतिक व्यवस्थालाई टिकाउनका लागि महत्वपूर्ण भूमिका खेल्छन् भन्ने मान्यता प्रकार्यवादले राख्दछ । जसरी काठ, इट्टाहरू,

झ्यालढोका, रड, सिमेन्ट मिलाएर एउटा घरको संरचना वनेको हुन्छ त्यसरी नै हाम्रो समाजले पनि यसका विभिन्न अंगबाट संरचित भई प्रकार्य गरिरहेको हुन्छ । श्रीअन्तु घरबास पनि समाजको एक अंग हो यो समाजशास्त्रको यही प्रकार्यवादी सिद्धान्तका आधारमा चलायमान भएको छ । यस बारे पछाडि चर्चा गरिएको छ ।

सांस्कृतिक अध्ययनमा Ecological Approaches (पर्यावरणशास्त्रीय उपागम) को विकास हुन पुग्यो । यस भित्रका विभिन्न Approache मध्ये Environmental or geographical determinisim र Cultural ecology संस्कृतिको अध्ययनमा निकै महत्वपूर्ण मानिन्छ । वातावरण र संस्कृतिको सम्बन्धबारे अध्ययन प्राचिन कालमा सर्वप्रथम अरस्तु (Aristotle, 384-323 B.C ) तथा अठारौं शताब्दीको आरम्भमा मन्टेस्क्यू (Montesquieu) ले गरेका थिए । जसलाई Plato र Aristotle पछि आफ्नो अध्ययनमा जोडेका थिए । बिसौं शताब्दीमा भूगोलविद् Huntington ले यस बिचारधारालाई स्थापित गराउन महत्वपूर्ण भूमिका खेलेका थिए (देवकोटा, २०६८, पृ. २१८-२२५) ।

वातावरणीय वा भौगोलिक निर्धारणवादको मुख्य मान्यता भनेको नै वातावरणले संस्कृतिलाई निर्धारण (Environmental Determinisim) गर्छ भन्ने हो । कुनै पनि ठाउँको प्राकृतिक हावापानी, भौगोलिक स्थिति र परिवेश जस्तो छ त्यस्तै खालको संस्कृतिको त्यहाँ विकास हुने गर्दछ । कुनै पनि ठाउँमा संस्कृतिभन्दा पहिले वातावरण अस्तित्व रहेको हुन्छ । जसले गर्दा सोही अनुरूपको संस्कृति समायोजन हुने हो । इलामको चिसो मौसम अनुसार श्रीअन्तु कन्याम लगायतमा चिया खेतीसँगै पर्यटनको आगमनलाई व्यवस्थित गर्न घरबासहरू खोलिन पुगे । त्यस्तै Julian steward ले बिसौं शताब्दीतिर एकरेखीय उद्‌विकासवादको ढाँचा प्रति असहमति जनाउँदै विशिष्ट सांस्कृतिक वातावरणीय अवस्थामा विभिन्न रेखाहरूमा संस्कृतिको उद्‌विकास हुन्छ भनी बहुरेखीय उद्‌विकासवाद (Multilinear EvouLtionism) को अवधारणाको विकास गरे (देवकोटा, २०६८, पृ. २२७-२३०) । सांस्कृतिक पर्यावरणवाद (Cultural ecology) को रूपमा प्रख्यात यस मतले वातावरण र मानिसहरूका बिचमा खास खालको सम्बन्ध हुने हुँदा यसले सांस्कृतिक विविधताहरू देखिने उल्लेख गर्दै वातावरण र संस्कृति दुवै अन्तरनिर्भर र अन्तरसम्बन्धित हुन्छन भन्ने मान्यता राख्दछ ।

संस्कृतिका विभिन्न सिद्धान्तहरू मध्ये यस शोध कार्यमा श्रीअन्तुको वातावरण, समाज, संस्कृति र पर्यटन तथा त्यसका उपज घरबासको अवस्थाबारे चर्चा गर्न प्रकार्यवाद

र सांस्कृतिक पर्यावरणवादका अवधारणा र मान्यतालाई यहाँ अनुशुलन गरिएको छ। यहाँका प्राकृतिक सम्पदा र वातावरण अनुसार पर्यटकको चहलपहलले खोलिएर परिस्कृत, परिवर्तित र विकसित हुँदै गएको घरबासहरूले यहाँको सांस्कृतिक, आर्थिक, पर्यावरणीय अवस्थामा पारेको प्रभावबारे यहाँ अध्ययन गरिएको छ। यहाँ स्थानीय समुदाय भन्नाले अगाडी श्रीअन्तु डाँडा र घरबास सुरुवातको पृष्ठभूमि शीर्षकमा उल्लेखित बासिन्दाहरू पर्दछन्।

## ६.१ आर्थिक प्रभाव (Economic Impact)

पर्यटन उद्योग विश्वको सबैभन्दा ठुलो र दिन - प्रतिदिन बढेर गइरहेको उद्योग हो। पर्यटन उद्योग भित्रका विभिन्न अवयव जस्तै यातायात, होटल सुविधा , पर्यटक पथ प्रर्दशक लगायत विभिन्न सेवा प्रदायक व्यवसायबाट ठुलो मात्रामा आय-आर्जन गर्नुको साथै लाखौं मानिसहरूलाई प्रत्यक्ष - अप्रत्यक्ष रूपमा रोजगारी दिइरहेको छ। पर्यटनको माध्यमबाट विश्वका धेरै देशहरूले आफ्नो अर्थतन्त्र मजवुत बनाएको पाइन्छ। नेपालले राष्ट्रिय आम्दानीको ठुलो हिस्सा पर्यटन उद्योगबाट प्राप्त गरिरहेको छ। यसै क्रममा ग्रामीण गरिबी हटाउन तथा असन्तुलित बसाइँ सराई कम गर्न घरबासहरूको ठुलो योगदान रहेको छ। ग्रामीण भेगमा बसोबास गर्ने मानिसहरूको आफ्नै मौलिक घर र सानो पूँजी परिचालनबाट राम्रो आय-आर्जनको बाटो हाम्रा गाउँ-घरमा खोलिएका घरबासहरूले प्रदान गरेका छन्। श्रीअन्तुका घरबासहरूले यहाँको मानिसहरूको जीवनस्तर सुधार गरी आर्थिक अवस्था सवल बनाउन ठुलो योगदान गरेका छन्।

घरबासको सोचाई आई पर्यटकहरूको आगमन सुरु हुनु पूर्व श्रीअन्तु डाँडा आसपासका गाउँहरू इलामका इलामका अन्य गाउँघरहरू जस्तै सामान्य नै थियो। यहाँ कुनै त्यस्तो विकास निर्माण तथा ठुलो आर्थिक गतिविधि नहुने कुरा स्थानीय जेष्ठ व्यक्तित्वहरू बाट जानकारी भयो (उत्तरदाता- ४, व्यक्तिगत अन्तर्वार्ता, २०८०।२।८)। यातायात, विद्युत, संञ्चार जस्ता पूर्वाधारहरूको विकास भएको थिएन। कृषि पशुपालन, चिया खेती यहाँका बासिन्दाका आय-आर्जनका स्रोतहरू थिए। घरबास सञ्चालन नगर्ने परिवारहरूका अहिले पनि आम्दानी स्रोतहरू यिनै हुन। घरहरू, मानिसका लवाइ-खवाइ वालवच्चाको शिक्षा, पालनपोषण सामान्य अन्य गाउँले परिवेश सरह नै थियो। गाउँमा कुनै त्यस्तो चहलपहल, आर्थिक गतिविधि, जग्गाको किनवेच , घरहरू, आधुनिक शौचालय निर्माण आदि थिएन। उत्तरदाता-१२, व्यक्तिगत अन्तर्वार्ता, २०८०।२।८) ।

तर श्रीअन्तु डाँडामा वि.स. २०५९ देखि सामान्य र वि.सं. २०६८ सालमा होमस्टे कार्यविधि आएपछि खुलेका घरबासहरूसँगै बढ्दै गएको पर्यटकको चापले क्रमश : यस क्षेत्रमा आर्थिक गतिविधि बढ्न गयो । जसले स्थानीयहरूको आय आर्जनमा वृद्धि भई विस्तारै जीवनशैली परिवर्तन हुदै गयो । अगाडि उल्लेख भएको पाहुँनाको आगमन संख्या र औसत वसाइको आधारमा हाल प्रति घरबासले प्रति वर्ष न्युनतम रु. चार लाख सम्म आम्दानी गर्न थालेका छन् (समुह छलफल-१, २०८०।०२।९) । जसबाट परम्परागत घरहरूलाई मर्मत संहार गर्ने नयाँ घरहरू बनाउने, टाइल कम्वोर्ट सहीतका Bathroom, Toiletहरू निर्माण गर्ने क्रम बढ्न पुग्यो (स्थलगत अवलोकन, २०८०।२।८) । घरबासको सञ्चालन बाट यस क्षेत्रमा सबैभन्दा ठुलो प्रभाव आर्थिक जीवनमा नै परेको देखिन्छ । घरका प्राय सदस्यहरू स्वरोजगार बन्न पुगी कमाई गर्न बाहिर जानु पर्ने बाध्यता हराउदै गएको देखिन्छ । वाल-वच्चाहरूलाई इलामभित्र तथा झापाको विर्तामोड र काठमाडौंसम्म लगेर राम्रा विद्यालयमा पढाउन सक्ने हैसियत घरबासले प्रदान गरेको छ (समुह छलफल-१, २०८०।२।८) ।

यस क्षेत्रमा पुग्न फिक्कलको छिपीटारदेखि कालोपत्रे सडक निर्माणसँगै यातायतको सुविधामा सहजता, विजुली सञ्चार, खानेपानी जस्ता पुर्वाधारहरूको विकास भएको छ । ( स्थलगत अवलोकन पटक-पटक) स्थानीय पशु-कृषिजन्य उत्पादनका वृद्धि तथा वेचविखनमा समस्या नहुनु यहाँको जग्गा जमिनको भाउ तथा बिक्री बढ्नु, मानिसहरूको लवाइ-खवाइमा परिवर्तन भई परम्परागत जीवनशैली आधुनिकीकरणतर्फ उन्मुख हुनु, यहाँका घरबासको आर्थिक प्रभाव भित्र पर्दछन् गरिबी निवारण, आय- आर्जनमा वृद्धि ,स्वरोजगार बन्नु आफ्नो बारीमा उत्पादन भएको खाद्यन्न, सब्जी फलफूलले बजार मूल्य पाउनु पशुपंक्षीबाट उत्पादन हुने मासु दुधको खपत हुनु पूजी प्रवाहमा वृद्धि स्थानीय अर्गानिक चिया, हस्तकला, घरेलु उद्योगबाट उत्पादित सामग्रीले बजार पाउनु, समग्रमा श्रीअन्तु क्षेत्रमा घरबासले पारेका सकरात्मक आर्थिक प्रभावहरू हुन जुन घरबास सञ्चालन नहुँदै त्यति सम्भव थिएनन् ( समुह छलफल-२, २०८०।२।०९) ।

श्रीअन्तु डाँडाको फेदीमा सुन्दर बजार रहेको छ । भञ्ज्याङ्ग वजार भनिने यसको पुरानो नाम लाप्चे भञ्ज्याङ्ग हो । जसको अर्थ विसाउनी भन्ने हुन्छ । यहाँ विसाएर उकालो लाग्दा श्रीअन्तु डाँडा पुगिन्थ्यो (पौडेल, २०७८, पृ.१२७) । यो ठाउँ, श्रीअन्तु डाँडा आसपास बुकी फुल्ने नाङ्गा डाँडाहरू थिए । वि.सं. २०४० सालमा सर्वप्रथम यहाँ घडेरी बिक्री

भएको थियो । स्थानीय टेक बहादुर आलेले घर बनाएर पसल खोलेको थिए (पौडेल, ऐजन) । पछि घरबासको सञ्चानलबाट यो क्षेत्रको कायापलट भई सुन्दर बजारमा परिणत हुन पुग्यो । वि.सं. २०६७ सालमा रोपनीको २ लाख थियो भने हाल सालाखाला रोपनीको ४० लाख पुगेको छ । तर प्रति रोपनी ८० लाख सम्ममा विक्री भयो । कतिपय ठाउँमा जग्गासम्म नपाइने स्थानीयहरू बताउनु हुन्छ (समूह छलफल-१, २०८०।०२।०९) । घरबासको कारण पहिला मेला पात जानेहरूले राम्रो घर बनाए, घरमा २, ३ वटासम्म महँगा बाइक राखेका छन् । यसबाट व्यक्तिको कति प्रगति भयो अनुमान हुन्छ (उत्तरदाता - १२, व्यक्तिगत अन्तर्वार्ता २०८०/२/१४) । पर्यटन उद्योग भित्रका विभिन्न क्रियाकलापहरूबाट प्रशस्त आय-आर्जन भई समग्र अर्थतन्त्र नै चलायमान हुन्छ । तर सँगसँगै यसका नकारात्मक प्रभावहरू पनि परिरहेका हुन्छन् ।

श्रीअन्तु घरबासका कारण स्थानीयहरूले राम्रो आय-आर्जन गरिरहेका भए तापनि पैसाका कारण समाजमा नराम्रा कुराहरू क्रमश देखा पर्दै गएका छन् । घरबासलाई प्रशस्त आम्दानीको स्रोतदेखि भित्र तथा बाहिरका मानिसहरू यसमा व्यवसायिक रूपमा लाग्नाले घरहरूको मौलिकता निर्माण शैली, खानपान बदलिँदा भोलि गएर घरबासका ठाउँमा ठुल्ठुला आधुनिक होटल र कटेजहरू मात्र हुने हुन् कि भन्ने बिचार केही स्थानीयहरू राख्नु हुन्छ ( उत्तरदाता - ५, व्यक्तिगत अन्तर्वार्ता, २०८०/२/९) । जाँड रक्सि सेवन, दुर्व्यसन, छोरा छोरीहरूले महँगा बाइक किनि माग्ने तथा आर्थिक मजबुदीको प्रभावले यहाँ सामाजिक विकृति र विसङ्गतिहरू बढ्ने चिन्ता पनि त्यतिकै रहेको छ । आर्थिक सँग जोडिएका सांस्कृतिक, पर्यावरणीय पक्षबारे अन्य शीर्षकमा चर्चा गरिएको छ ।

यहाँका मानिसहरूले अन्य कुरा छाडेर आय आर्जनलाई मात्र प्राथमिकता दिएको स्थानीय पालिका प्रमुखको धारणा रहेको छ । भोलि गएर यहाँको घरबासको मौलिकता र संस्कृति जोगाउन ठुलो कठिनाई भई यो केवल पर्यटकीय ग्राममा परिणत नहोला भन्न सकिन्न भन्ने उहाँको बिचार रहेको छ (उत्तरदाता-९, व्यक्तिगत अन्तर्वार्ता, २०८०।०२।१०) । घरैमा प्रत्येक दिन राम्रो कमाई हुन थालेपछि बालबच्चा र ठुलै मानिसमा खर्च गर्ने बानी बढेपछि मितव्ययिता घटेर गएको छ । साथै कसरी कमाउनु भन्ने तनाव नहुँदा भोलिका दिनमा समस्या पर्छ कि भन्ने चिन्ता पनि सञ्चालकहरूमा रहेको छ । घरबासले समग्र गाउँलाई फाइदा देखिए पनि वडा नं. ४ का ११ वटा टोल मध्ये श्रीअन्तु डाँडा पट्टिका १-२

वटा टोलले मात्र फाइदा लिइरहेको, तल्लो टोलहरूमा पाहुना नपुग्ने हुँदा त्यहाँको मानिसहरू कृषि, पशुपालनजन्य कार्यमा नै लागेको वडा नं. ४ का वडाध्यक्ष बताउनु हुन्छ ।

घरबासले यो गाउँ/डाँडाको विकासलाई सहयोग गरे पनि सबै सञ्चालकलाई फाइदा भएको छैन । गाउँको तल्लो भेगमा मौलिक रूपमा घरबास चलाउनेको घरमा पाहुना नै पुग्दैनन्। सिजनमा माथिल्लो गाउँमा अटेनन् भने मात्र फाटफुट्ट तल आउने गर्दछन् । पाहुनाहरूलाई बाहिरबाट आएका मानिसले खोलेका होटल कटेजवालाले रोक्ने हुँदा यसको फाइदा स्थानीयले भन्दा बाहिरका लिएको एक सञ्चालकको धारणा रहेको छ (उत्तर दाता ७, व्यक्तिगत अन्तर्वार्ता, २०८०/२/११) । यो यहाँको नकरात्मक प्रभाव भएकाले राज्य वा पालिकाले लिजलाई निरुत्साहित पारी बाहिरका मानिसले नपाउने कानुन बनाई यसमा लगाम लगाउनु पर्ने उहाँको धारणा रहेको छ । त्यस्तै अर्का घरबास सञ्चालक, अभियन्ता प्रसस्त आय आर्जन सँगै मानिसहरूमा पारस्परिक सहयोग घटेर गएको जसले सामाजिक सद्भावमा असर पुगेको बताउनु हुन्छ (उत्तरदाता - १२ व्यक्तिगत अन्तर्वार्ता, २०८०/२/१४) । पैसाले गर्दा अर्कोलाई बेवास्ता गर्न थालेको, पारिवारिक तनावहरू पनि बढ्न पुगेको, फोहोर मैला व्यवस्थापनमा ध्यान नदीएको जस्ता नकरात्मक प्रभावहरू भएको उहाँको धारणा रहेको छ । यसरी विभिन्न व्यक्तिहरूको धारणा, अनुभवको विश्लेषण गर्दा आर्थिक रूपमा कायापलटसँगै गाउँ-घर समाजमा घरबासका नकरात्मक प्रभावहरू पनि पर्दै गएको देखिन्छ ।

## ६.२ सांस्कृतिक प्रभाव (Cultural Impact)

पर्यटन उद्योगले कुनै पनि देश स्थानको आर्थिक पक्ष मजबुद बनाउने जति सकरात्मक योगदान गरिरहेको हुन्छ, सामाजिक सांस्कृतिक मूल्य, मान्यता, संरचना भत्काउन, बिर्गान त्यतिनै नकरात्मक प्रभाव पार्दछ । तथापि यसलाई सकरात्मक स्पमा लिने हो भने समाज परिवर्तन, राष्ट्रिय, अन्तराष्ट्रिय भाइचारामा अभिवृद्धि, सांस्कृतिक आदान प्रदान, अन्तरवैयक्तिक क्षमतामा अभिवुद्धि , राम्रो जीवनशैलीको अनुकरण जस्ता कुरामा पर्यटनले सकरात्मक प्रभाव पारेको हुन्छ । घरबास पर्यटन भित्रको नै एउटा महत्वपूर्ण पक्ष हो । जहाँ स्थानीय परिवेश, संस्कृतिभन्दा भिन्न स्थानको पाहुनाहरूको दिनहु आगमन र प्रस्थान भइरहेको हुन्छ । पाहुनाहरूले त्यस ठाउँको अतिथि सत्कार, कला, संस्कृति परम्परा हेरेर, भोगेर मख्ख पर्ने, रमाउने पुलकित हुने त हुदैछ भोलि फर्कदा उनीहरूका केही नराम्रा बानी ब्यहोँराका प्रभाव पनि त्यस समाजका लागि नराम्रो बन्न सक्दछन् । घरबासमा

आएका मानिसहरूसँग बढ्ने निकटता आपसी सर - सहयोग विश्वासले सांस्कृतिक आदान-प्रदान, नयाँ सोचाइ, दृष्टिकोणमा परिवर्तन ल्याउन पनि सहयोग पुऱ्याउदछ ।

सूर्योदय नगरपालिका वडा नं.४ र ५ जहाँ श्रीअन्तुघरबासहरू रहेका छुन् त्यहाँ राई , लिम्बु, लाप्चा, तामाङ्ग लगायत विभिन्न जात जातिका मानिसहरू वसोबास गर्दछन् । आ-आफ्नो मातृ भाषा सहीत नेपाली भाषालाई नै बोलिचालीको भाषा बनाउदै बसोबास गर्ने उनीहरू हिन्दु, बौद्ध, किरात र छिटपुट इसाइ धर्म मान्दछन्  (स्रोत वडाबाट) । आफ्नो धर्म, संस्कृति अनुसार परापूर्व कालदेखि नै उनीहरू जीवनयापन गर्दै आएका छन् । इलामको एकिकरण अघिको इतिहाससँगै भारतको सीमानामा रहेको श्रीअन्तु डाँडाँको चर्चा शोधकार्यको इतिहास खण्डमा गरिसकिएको छ । यहाँका घरहरूको निर्माण, घर छेउमा सुन्दर बगैंचा, शिष्ट बोली, साना गाउँले घरहरू भए तापनि भित्र सजाइएका कोठाहरू, मिठो अतिथि सत्कारमा कुनै न कुनै रूपमा छिमेकी मुलुकको सकरात्मक प्रभाव अगाडि देखि नै परेको छ (उत्तरदाता -५, व्यक्तिगत अन्तर्वार्ता, २०८०/२/९) । एक या दुई तले कतै खर तथा टिनको छाना भएका ससाना घरहरू नजिकै गाईगोठ, बारीमा चिया बगान सागसब्जी तथा अन्य खेतीपाती कहि बाक्लो, कहिँ पातलो ग्रामीण बस्तीभित्र अगेना , परम्परागत दाउरा प्रयोग हुने चुल्हो, बिहान - बेलुकी अगेना वरिपरि बसेर चिया खादै दुःख सुखका पारिवारिक गफ,गाफ, गाउँले खाना घरबास सञ्चालन पूर्व यस गाउँका विशेषताहरू हुन् (उत्तरदाता - ३, व्यक्तिगत अन्तर्वार्ता, २०८०/२/८) ।

समाजका प्रत्येक अंगहरूको सामूहिक सहकार्य, प्रकार्यबाट समाजलाई चलयमान बनाउने संस्कृतिको प्रकार्यवादी सिद्धान्त अनुसार नै यहाँको समाज सधै क्रियाशिल रहन गयो । चिसो हुस्सु लाग्ने डाँडा प्रकृतिले दिएको गाउँको सिरानमा सूर्योदय र सूर्यास्त हेर्न सकिने अग्लो श्रीअन्तुडाँडा, वातावरण अनुकुल चिया खेतीले र संकृतिले सजिएको गाउँ सांस्कृतिक पर्यावरणवादको उदाहरण नै बन्न पुग्यो । फलस्वरूप पर्यटकीय गन्तव्यको रूपमा चिनिदै गएको श्रीअन्तुमा paying guest हुदै धेरै घरबास भएको आजको अवस्थामा आइपुग्दा यहाँको सामाजिक सांस्कृतिक जीवनमा धेरै परिवर्तनहरू भइरहेका हुन् (स्थलगत अवलोकन २०८०/२/१०) । घरबास सञ्चालन पछि  आय - आर्जनमा वृद्धिसँगै स्थानीयको जीवन शैली क्रमश सुधार उन्मुख र राम्रो बन्दै गएको छ । यस ठाउँमा आवत जावत बढ्दा यो ठाउँको महत्व दिन प्रतिदिन बढ्दै गएको छ । साथै यहाँ राष्ट्रिय तथा स्थानीय स्तरका तालिम गोष्ठी, सेमिनार हुने गर्नाले पनि अझ यसको प्रचार प्रसार भइरहेको छ । यहाँको

धर्म, संस्कृति, जात्रा पर्व तथा लोपोन्मुख जाति लाप्चामा घरबासको के कस्तो प्रभाव परेको छ यहाँ चर्चा गरिएको छ ।

### ६.२.१ श्रीअन्तुमा मूर्त-अमूर्त संस्कृति र घरबास (Tangible and Intangible Culture and Homestay)

प्राकृतिक रूपमा सम्पन्न श्रीअन्तु डाँडाँमा मठ - मन्दिर, मूर्तिहरू खासै रहेका छैनन् । तथापि यहाँका मानिसहरूमा धार्मिक आस्था विश्बास भने रहेको छ । विभिन्न धर्म मान्ने मानिसहरू धार्मिक सहीष्णु भावना सहीत मिलेर बसेको देखिन्छ । त्यस्तै एउटै गाउँमा दश भन्दा बढी जाति-जनजातिहरू मिश्रित सामाजिक परम्परा रीतिरिवाज लिएर बसोबास गर्नु राम्रो पक्ष हो । यसरी आ- आफ्ना जातिय परम्परा धर्म अनुसारका मूर्त - अमूर्त संस्कृति यहाँको धरोहर हुन्, जसले यहाँको पर्यटन, घरबासको प्रवर्द्धनमा महत्वपूर्ण प्रभाव पारेका छन् भने घरबासले पनि संस्कृतिमा प्रभाव पारेको छ । सुरु -सुरुमा भन्ज्याङ्ग बजार क्षेत्रमा यहाँ मेला लाग्ने गर्दथ्यो भने २०५९ सालदेखि  प्रत्येक वर्ष १० वर्षसम्म यहाँ भव्य महोत्सवहरू भए । जहाँ आफ्ना जातिय झाँकी, नृत्य, परिकारहरू पस्कने गरिन्थ्यो । जसले श्रीअन्तु प्रति पर्यटकलाई आर्कषण गऱ्यो र घरबासहरू चल्न पुगे (समूह छलफल १, २०८०/२/१०) ।

यो क्षेत्रमा विं स. २०५१ सम्म मादले नृत्य हुने गर्दथ्यो । १६ ताले मादल हुन्थ्यो । मादले नृत्य, मारुनी नृत्य एक देखि  तीन महिनासम्म हुने गर्दथ्यो जुन अहिले हराउँदै गयो । अहिले आउने पाहुना नयाँ गीत, नृत्यमा रमाउने थाले भनेर ८३ वर्षीय एक अभिभावक तथा घरबास सञ्चालक आफ्ना पुराना अनुभव बताउनु हुन्छ । बेलुकाको हो-हल्लाले असर गरेपनि कहिलेकाहीँ धार्मिक भावना लिएर आएका पाहुनासँग धार्मिक भजन, गीतमा स्थानीय बुडापाकाहरू समेत रमाइलो गर्ने गरेको उहाँ बताउनु हुन्छ (उत्तरदाता ३, व्यक्तिगत अन्तर्वार्ता, २०८०/२/९) । पुरानो दिन सम्झदा बिस्तारै धार्मिक, सांस्कृतिक संस्कार, संस्कृति, भाषा हराउँदै गएको, लाप्चा, राई, लिम्बु लगायतले आफ्नो संस्कृति जगेर्नामा सचेत बन्नुको सट्टा नयाँ कुरामा नै रमाउन थालेको उहाँको दुखेसो रहेको छ ।

घरबासले यहाँका कतिपय संस्कृति जगेर्ना गर्न मद्दत पनि गरेको छ । कहिलेकाहीँ पाहुनाको इच्छा अनुसार फाल्टु रकम तिर्न तयार रहँदा स्थानीय लाप्चा, राई, लिम्बुका नृत्यहरू देखाउने चलन पनि रहेको छ । त्यस्तै पुरानो संस्कृति जगेर्ना गर्नुपर्छ भन्ने उद्देश्यले प्रदेश सरकारको सहयोगमा श्रीअन्तु पोखरी पर्यटन विकास तथा संरक्षण समितिले एक

रोपनी जग्गा खरिद गरी श्रीअन्तु पोखरी नजिकै एक सामुदायिक सांस्कृतिक भवन निर्माण कार्य अघि बढेको छ (उत्तरदाता-१२, व्यक्तिगत अन्तर्वार्ता, २०८०/२/१४) । जहाँ यहाँका मुख्य दश जनजातिका वाजा-गाजा भेषभूषा राखिनेछ । नजिकको गाउँबाट नृत्यमा इच्छा भएका मानिसहरू तालिम तथा निश्चित शुल्क दिएर पाहुनाको चाहना अनुरूप निश्चित समयमा यस भवनमा जातिय नृत्यहरू प्रस्तुत गर्ने उहाँहरूको योजना रहेको छ । जसले यहाँको मौलिक सङ्गीत, नृत्य, भेषभुषा पनि संरक्षण हुने घरबास प्रति आकर्षक पनि बढ्ने उहाँहरूको बुझाइ रहेको छ ।

त्यस्तै स्थानीय घरबास सञ्चालन समितिले यसका घरबासहरूको मौलिकतालाई जोगाई यसका घरबासहरूको मौलिकताले जोगाइ राख्न विभिन्न पहल सुरुवात गरेको छ । पाहुनाको सत्कारको लागि घरका मान्छे सबै खट्नु पर्ने भएकाले नजिकै गाउँबाट सहयोग मागेर भएपनि सांस्कृतिक कार्यक्रम गर्ने, सकिएमा सबै पक्षलाई फाइदा हुने उहाँकाको सोच छ (समुह छलफल-१, २०८०/२/१) । स्थानीय बाजागाजाको जगेर्ना तथा प्रत्येक जातिले आफ्ना जातिय कुरा देखाउने अवधारणा अघि बढाइदैछ । त्यस्तै प्रत्येक घरबास सञ्चालकले कम्तिमा १/२ कोठा खरको छानो भएको पूरानो शैलीको बनाउनु पर्ने, गाउँले जीवन, फुलबारी, माछा गाई पालनको व्यवस्था गर्नुपर्ने जस्ता योजनाहरू रहेको वार्ताको क्रममा थाहा भयो । केही जातिहरूले जातिय भेषभूषा बनाएर लगाउन सुरु पनि गरेका छन् ।

घरबासले यहाँको सांस्कृतिक जीवनमा केही नकारात्मक प्रभावहरू पनि पारेका छ । हुन त यहाँ पहिला पनि त्यति धेरै जात्रा, पर्व, नृत्यहरू नभएको र हाल पनि तिनमा त्यत्रो ठुलो प्रभाव नपरेको स्थानीय मानिसहरूको भनाई रहेको छ । सिरुबारी र घान्द्रुकमा चलाइएका घरबासक्षेत्रहरू निश्चित जातिहरू जस्तै मगर, गुरुङहरूले चलाएको हुनाले त्यहाँ उनीहरूको मौलिक परम्परा र संस्कृतिको जर्गेना भइरहेको छ, तर श्रीअन्तुमा चलाइएका घरबासहरूमा मिश्रित जातिहरूले घरबास चलाइरहेका हुनाले उनीहरूले एक-अर्काको बाटो हेर्दा-हेर्दै बाहिरी कुराको बढी असर पर्दै गएको र स्थानीय मौलिक परम्परा र संस्कृति ओझेलमा पर्दै गएको देखिन्छ ।

### ६.२.२ स्थानीय लोपोन्मूख आदिबासी जनजाति लाप्चा र घरबास (Endangered Nationalities Lapcha and Homestay)

लाप्चा जाति इलामको आदिबासी हुन् । प्राचीन समयमा यस जातिको बसोबास कञ्चनजङ्घा पर्वतको फेदीमा थियो त्यहीँबाट क्रमश तलतिरको भुमिमा सर्दै गए । यसै क्रममा सिक्किम, दार्जिलिङ, इलाममा एकैपल्ट बसोबास गर्न थाले भन्ने इतिहास पाइन्छ । तथापि किरात, लिम्बुहरूसँगको युद्धमा हार भएपछि सिक्किम, भुटानतिर लागेका लाप्चाहरू नेपालको एकिकरण पछि भूटानबाट फर्किएर इलाममा बसोबास गर्न थालेको इतिहास पाइन्छ (Jeffery, 2000, p. 7) । हाल मूलतः इलाम जिल्लामा लाप्चाको मूख्य बसोबास भए पनि यहाँका कोल्बुङ्ग, श्रीअन्तु र इरौटारमा बसोबास गर्दछन् । नेपाल सरकारले यो जातिलाई लोपोन्मूख जातिमा सूचिकृत गरेको छ । ऐतिहासिक, सांस्कृतिक र सामाजिक महत्व भएको यो जातिको आर्थिक विकास भने तुलनात्मक र अपेक्षित रूपमा हुन सकेको छैन । श्रीअन्तु लाप्चा भाषाको अथुबाट व्युत्पत्ति भएको हो । यहाँ हाल घरबासहरू रहेका छन् ।

यस क्षेत्रमा महोत्सवको आयोजना गर्ने क्रममा सल्लाहकारको रूपमा रहनु भएका लाप्चा समुदायका अभियन्ता स्व. जगत ब. लाप्चाले लामो समयसम्म श्रीअन्तु गाउँ पञ्चायतको प्रधानपञ्च भई ठुलो योगदान गर्नु भएको थियो (उत्तरदाता -११, व्यक्तिगत अन्तर्वार्ता, २०७९/११/८) । (चित्र नं. २०) उहाँको अगुवाईमा वि.सं. २०६३ मा यहाँको श्रीअन्तु पोखरी टोलमा लाप्चा सङ्ग्राहलय भवन वनाउन सुरुवात गरी निर्माण सम्पन्न भए तापनि लाप्चा जातिसँग सम्बन्धित सामग्रीहरू राखी अझै सञ्चालनमा आउन सकेको छैन (पौडेल, २०७८, पृ. १३०) । लाप्चा जातिका लुगा-कपडा, गर-गहना, बाजाहरू, ऐतिहासिक दस्तावेजहरू, तरवार, धनुकाँड, भाँडाकुडा लगायत सामग्री राखी यस क्षेत्रमा प्रवेश गर्नु हुने पाहुनाहरूलाई जातिय पहिचान झल्काउने र संस्कृतिको जगेर्ना गर्ने पहल भइरहेको स्व. जगत ब. लाप्चा (चित्र नं. २६) का छोरा उमेश काजी लाप्चा बताउनु हुन्छ (उत्तरदाता-५, व्यक्तिगत अन्तर्वार्ता, २०७९/१०/५) ।

तपाईहरूको इलाकामा सञ्चालन भइरहेका घरबासहरूमा लाप्चाहरूको सहभागीता देखिएन के कारणले होला ? भन्ने प्रश्नमा चेतनाको कमी, कोठा-घरहरू बनाउन नसक्नु, श्रीअन्तुडाँडाभन्दा केही तल मात्र लाप्चा बस्ती भएकाले भौगोलिक अवस्थितिको प्रभावले तथा स्थानीय निकायले पनि उत्प्रेरित नगरेकोले यस्तो भएको हो भन्ने उमेश लाप्चाको भनाइ रहेको छ (उत्तरदाता-११, व्यक्तिगत अन्तर्वार्ता, २०७९/११/८) । श्रीअन्तुक्षेत्रमा २००

तथा समालबुङमा ३५० सम्म जनसङ्ख्या रहेको लाप्चाहरूको मौलिक घरबास सञ्चालन गरेर फाइदा लिनु पर्ने तर लिन नसकेको देखिन्छ । आय-आर्जनको राम्रो बाटो भए तापनि त्यो फाइदा बाहिरबाट आएर श्रीअन्तुमा जग्गा खरिद र लिजमा लिएर होटल/कटेज सञ्चालन गर्नेले लिएको देखिन्छ । जुन दुखद कुरा हो । उमेश लाप्चाका अनुसार आफ्ना लोक नृत्य, सहीत संस्कृति झल्कने घरबास सञ्चालनको प्रयास भइरहेको भए तापनि नयाँ पुस्तामा यसप्रति चासो र इच्छा नभएकाले मूर्त रूप लिन गाह्रो भएको छ ।

मासिक रूपमा राज्यबाट पाउने भत्ताका कारण अन्य काम गर्न इच्छा नगरेको भन्ने अन्य गाउलेको आरोपलाई अर्का स्थानीय अदिप लाप्चा खण्डन गर्नु हुन्छ । पाहुना माथिल्लो क्षेत्रमा जाने भएकाले तथा दर्ता प्रकृयामा लाप्चालाई समेट्न नखोज्दा इच्छा भए तापनि घरबास सञ्चालन गर्न नसकिएको तर्क रहेको छ (उत्तरदाता-१३, व्यक्तिगत अन्तर्वार्ता, २०७९/११/८) । घरबासबाट लाप्चा समुदायले कुनै फाइदा नलिएको तथा लाप्चा संस्कृति जगेर्नामा पनि यसको सहयोग नभएको उहाँको धारणा रहेको छ । घरबास क्षेत्रमा कहिले काहीँ लाप्चा नृत्य भने देखाउने गरिएको तथा घरबासले लाप्चाको सांस्कृतिक जीवनमा कुनै प्रभाव नपरेको पनि अदिप लाप्चा वताउनु हुन्छ । लाप्चा लामा र तामाङ लामामार्फत् नयाँ पुस्तालाई आफ्नो भाषा, संस्कृति, भेषभूषा बारे सिकाउने गरेको अन्तर्वार्ताको क्रममा जानकारी भयो । यसरी हालसम्म यो समुदायको यस क्षेत्रमा एउटा पनि घरबास नभएको र आर्थिक फाइदा नलिइएको पनि अनुसन्धानको क्रममा स्पष्ट हुन पुग्यो ।

सानो गाउँमा विभिन्न जाति, धर्म, संस्कृति पालना गर्ने मानिसहरूको प्रवेशले स्थानीय संस्कृतिमा प्रभाव पर्न गयो । मादलको स्थान, गितार, ड्रमसेट तथा लोकगीत नृत्यको स्थान क्रमश, हिन्दी अङ्ग्रेजी र आधुनिक गीतले लिदै गएको देखिन्छ (स्थलगत अवलोकन, पटक-पटक) । जाँड, रक्सी, चुरोट  सामान्य बन्दै गएको छ । खरको छानो भएका साना घरहरू ठुला र पक्की घरमा परिणत हुँदै गएका छन् । छिमेकमा मराउ, बिरामी हुँदा पल्लो घरमा गीत बजाएर मानिसहरू नाचिरहनुले सामाजिक सद्भाव कमजोर बन्दै गएको छ । विविध ठाउँबाट विभिन्न पहिरनमा गाउँमा पाहुना भित्रदा Fashionable कपडाको माग बढ्ने तथा युगल जोडीका क्रियाकलापहरूले यहाँको नानी बाबुहरूले नराम्रा कामहरू सिक्ने र विकृति फैलने डर पनि त्यतिकै रहेको स्थानीयको भनाई रहेको छ (समूह छलफल -३, २०८०/२/१०) । स्थानीय लोपोन्मुख जाति लाप्चा भाषा, लिपीमा धनि भए तापनि उनीहरू ओझेलमा परिरहेका छन् ।

## ६.३ पर्यावरणीय प्रभाव (Ecological Impact)

पर्यटन उद्योगले अर्थतन्त्रलाई चलायमान बनाउने, सामाजिक विकास, गतिशिलता प्रदान गर्ने भए तापनि वातावरणमा गम्भीर र दुरगामी प्रभावहरू पारिरहेको हुन्छ । प्राकृतिक सुन्दरताले भरिपूर्ण स्थानहरू, शान्त र स्वच्छ वातावरण विश्वभरी बढ्दो क्रममा रहेको पर्यटकीय गतिविधिले प्रदुषित र कोलाहलपूर्ण बन्दै गएको छ । पर्यटकीय स्थलहरूमा सडक, भवन जस्ता पूर्वाधारको निर्माण, वनजंगल फडानी, फोहोर मैला, यातायात, उद्योगबाट निस्कने धुवा, ध्वनीले विकाससँगै पर्यावरणीय विनास निम्ताइरहेको छ । Cultural Ecology को सिद्धान्त अनुरूप यो शोधकार्य सम्पन्न गरिएको छ । पर्यावरण र समाज अन्योन्याश्रित पक्षहरू हुन् । प्राकृतिक सौन्दर्यता र उचित पर्यावरणमा पर्यटन बिस्तारित हुने गर्दछ । यसले विनाश पनि ल्याइरहेको हुन्छ । गन्तव्य स्थलहरूमा पर्यटकहरूको बढ्दो संख्याले प्राकृतिक स्रोतहरूमाथि अधिक चाप बढ्न जाने, वनजंगल जस्ता क्षेत्रमाथि अतिक्रमण बढ्ने, अनेक जीवजन्तुहरू लोप हुने, शान्त वातावरणमा रमाउने जीवहरू होहल्लाले तर्सने, भाग्ने हुन सक्दछ ।  साथै कतिपय अवस्थामा जीव तथा वनस्पतिको सिकार तथा पैठारी समेत हुने गर्दछ । जसले दुर्लभ जीव र जैविक विविधता संरक्षणमा समस्या र चुनौती ल्याइरहेको छ (भट्टराई, २०६६, पृ. १८४) ।

नेपालको सगरमाथा आधार शिविरमा फ्यालिएका फोहोर, मैला, ट्रेकिङको क्रममा गरिने जंगल फडानी, Camp firing, काठमाडौं पोखरा, चितवन जस्ता महत्वपूर्ण स्थलमा भएको प्रदुषण, फोहोर मैला, वातावरणमा पर्यटनले पारेका प्रभावका केही उदाहरण हुन् । श्रीअन्तु घरबास क्षेत्रमा पनि धेरै पर्यटकको आगमन हुने हुँदा विस्तारै यहाँको पर्यावरणमा असर हुनुको साथै वातावरण दुषित बन्दै गएको छ (उत्तरदाता-३, व्यक्तिगत अन्तर्वार्ता, २०८०।०२।११) । पर्यटकको चापलाई धान्न थपिदै गएका घरहरू, ठुल्ठुला होटल, चिया बगान फडानी गरी निर्माण गरिएका कटेजहरूले यहाँ चुनौति थप्दै लगेको देखिन्छ (स्थलगत अवलोकन, २०८०/०२/१०) (चित्र नं. २१) ।

पर्यटनको विकाससँगै गन्तव्य क्षेत्रका प्राकृतिक सम्पदा, स्रोत-साधन पर्यटकको सेवा र सुविधामा प्रयोग हुन थाल्दछन् जसले स्वभाविक रूपमा वनस्पति प्राणी र सिङ्गो वातावरण प्रभावित हुन्छ (कार्की, २०६४, पृ. ५२) । राती अबेरसम्म प्रत्येक घरमा ठुलो Volume मा बजाइने आधुनिक, हिन्दी गीतबाट हुने ध्वनी प्रदुषणले एकातिर वृद्ध, रोगी, विद्यार्थीलाई असर पारिरहेको छ भनी अर्कातिर जंगली जनावर, चराचुरुङ्गी भाग्ने, लोप हुने अवस्था छ (

उत्तरदाता-५, व्यक्तिगत अन्तर्वार्ता, २०८०/२/१०) । सारा गाउँ नै सङ्गीतमा चुर्लम्म डुब्दा घरबास सञ्चालन नगर्ने छरछिमेकीसँग सम्बन्ध विग्रनेमात्र नभएर निद्रा नपर्दा धेरै मानिसहरूमा चिडचिडाहट तथा अन्य स्वास्थ्य समस्याहरू आउन थालेका छन् (स्थालगत अवलोकन, २०८०।०२।०९) । घर गृहणीको स्वास्थ्यमा ठुलो असर पुगिरहेको छ । बेलुकी प्रत्येक घरमा विभिन्न जनावारको मासुको सेकुवा बनाउँदा वातावरण प्रदुषित हुने गरेको जसले मासु नखाने पाहुना तथा स्थानीयलाई नराम्रो असर पुगिरहेको छ (समूह छलफल-३, २०८०।०२।१०) । फोहोर मैला व्यवस्थापन नहुनु, यत्रतत्र बोतलहरू फालिनु, सार्वजनिक शौचालय नहुनु, सुँगुरको खोरहरू बनाइनुले वातावरण प्रदुषित बन्दै गएको छ (समूह छलफल-३, २०८०।०२।१०) ।

यस क्षेत्रमा पाइने स्याल, घोरल, खरायो, मृग, कालिज, ढुकुर, भंगेरा, रूपी जस्ता वन्यजन्तु र चराहरू लोप हुँदै गएका छन्, (उत्तरदाता-१२, व्यक्तिगत अन्तर्वार्ता, २०८०/२/९) । रातो टिनको छानोमा (चित्र नं. २२) चराहरू नआउने नबस्ने भनाई रहेको छ भने सिसामा ठोक्किएर चराहरू मर्ने गरेका छन् (उत्तरदाता-१२, व्यक्तिगत अन्तर्वार्ता, २०८०/२/९) । घरबासले यस क्षेत्रको ब्यापक उन्नति भयो तर सांस्कृतिक र पर्यावरणीय क्षति पनि हुँदै गएको छ । घर, होटलहरू र कटेज निर्माण गर्न (चित्र नं. २३) जथाभावी डोजर लगाउनाले भू-क्षय गरेको एक स्थानीय बताउनुहुन्छ (उत्तरदाता-५, व्यक्तिगत अन्तर्वार्ता, २०८०।०२।१४) । केही वर्ष अघिसम्म आएर दुध दोएको, मही पारेको हेरेर, खाएर रमाउने बाह्य पर्यटकहरू ध्वनि प्रदुषण र मौलिकताको अभावले आउन छाडेको अन्तु पोखरी भन्दा तलको गाउँको एक घरबास सञ्चालक बताउनु हुन्छ (उत्तरदाता-७, व्यक्तिगत अन्तर्वार्ता -२०८०/२/११) । पर्यावरणीय प्रभाव रहेकोले नै अन्तु पोखरी, चिया बगान सङ्रक्षण लगायतका अभियान लिएर नगरपालिका लागि परेको सू.न.पा. का नगर प्रमुख बताउनु हुन्छ (चित्र नं. २७) ।

सानो गाउँमा धेरै मानिसहरूको प्रवेशले श्रीअन्तुमा पर्यावरणीय प्रभाव परेको सबैले स्वीकार्नु हुन्छ । तथापि पाहुना आउने हुँदा यहाँ अर्गानिक खेतीको सुरुवात, बारीमा नियमित सागसब्जी रोप्ने, घर वरिपरि सुन्दर फूलबारी बनाउने, धुपी, सल्ला, गुराँस जस्ता विरुवाहरू लगाई आफ्नो क्षेत्र हरियाली र राम्रो बनाउने कार्य पनि हुँदै आएको छ (समूह छलफल-१, २०८०।०२।११) । घरबास अगाडि सानो क्षेत्रमा चिया रहेकोमा हाल जतातत‌ै चिया बगान लगाउनुले पनि यहाँको वातावरण संरक्षणमा सकारात्मक प्रभाव परेको छ ।

**तालिका नं ३ : घरबासले पारेका प्रभावहरू (बुँदागत रूपमा)**

| | | |
|---|---|---|
| १ | आर्थिक प्रभाव | • घरबास सञ्चालन पूर्व यो गाउँ पनि अन्य सरह सामान्य नै रहेको ।<br>• घरबास सञ्चालकहरू स्वरोजगार बन्नु<br>• जीवनस्तरमा सुधार<br>• प्रत्यक्ष-अप्रत्यक्ष रोजगारीको सिर्जना<br>• पूर्वाधारहरूको विकास हुनु<br>• ग्रामिण गरिबी हटाउन तथा असन्तुलित बसाइसराइ कम गर्न सहयोग<br>• स्थानीय जग्गा जमिनको भाउ तथा विक्री बढ्नु<br>• स्थानीय कृषिजन्य उत्पादनले बजार पाउनु<br>• परम्परागत जीवनशैली आधुनिकतातर्फ उन्मुख हुनु<br>• आय-आर्जनमा वृद्धि-प्रतिघरबासले वार्षिक न्युनतम रु. चार लाखसम्म आम्दानी ।<br>• बालबच्चालाई राम्रो विद्यालयमा पठन-पाठन गराउनु<br>• पारस्परिक सहयोग, सामाजिक सद्भाव घटेको, पारिवारिक तनाव बढेको ।<br>• प्रशस्त आम्दानी हुने देखेर खोलिएका होटल र घरबासबिच अस्वस्थ प्रतिस्पर्धा हुनु ।<br>• बालबच्चामा खर्च गर्ने बानी बढ्नु ।<br>• समग्र गाउँभन्दा पनि अन्तुडाँडा आसपासका १/२ टोलले मात्र फाइदा लिनु ।<br>• स्थानीय जनजातिलाई नसमेट्दा बाहिरका जग्गा लिजवालाले फाइदा लिनु लाप्चाहरूको एउटा पनि घरबास नहनु । |
| २. | सांस्कृतिक प्रभाव | • सामान्य गाउँले परिवेश परिवर्तन हुँदै गएको ।<br>• एक अर्काको संस्कृति बुझ्ने अवसर प्राप्त<br>• स्थानीय संस्कृति जगेर्ना गर्नुपर्न भन्ने सोच आउनु<br>• सांस्कृतिक आदान प्रदान<br>• नयाँ सोचाइ, जीवनशैली, दृष्टिकोणमा परिवर्तन<br>• घरबासको मौलिकता, अतिथि सत्कार खस्कँदै जानु<br>• आधुनिक संस्कृति भित्रिनु-मारुनी, मादले नृत्यहरू |

| | | |
|---|---|---|
| | | हराउनु<br>● स्थानीय लोपोन्मुख लाप्चा लगायत अन्य जनजातिहरूलाई घरबास सञ्चालनमा सरिक नगराउँदा घरबासको मौलिकता खस्कँदै जानु<br>● सांस्कृतिक मूल्य, मान्यता, भत्कदै जानु<br>● मूर्तअमूर्त संस्कृतिमा प्रभाव पर्नु ।<br>● चुल्हो, अगेना, पिरा, गुन्द्री Camp Firing टेवल कुर्सीमा परिणत हुनु ।<br>● घरबासहरू क्रमशः होटलमा, घरबास क्षेत्र पर्यटकीय गाउँमा परिणत हुँदै जानु । |
| ३. | पर्यावरणीय प्रभाव | ● पर्यावरण र समाज अन्योन्याश्रित पक्षहरू हुन्<br>● प्राकृतिक सौन्दर्यता र उचीत पर्यावरणमा पर्यटन विस्तारित हुने गर्दछ । सँगै यसले विनाश पनि ल्याइ रहेको हुन्छ ।<br>● घरवरिपरि फूल तथा बोटविरुवाहरू रोप्नु<br>● चिया बगान विस्तार<br>● सानो गाउँमा दैनिक हजारौं मानिसको प्रवेशले पर्यावरणमा ठुलो प्रभाव परेको ।<br>● अर्गानिक खेतीको सुरुवात्<br>● वातावरण प्रदुषित बन्दै जानु<br>● चिया बगान, जंगल फडानी हुनु, पाहुनाको चाप धान्न ठुल्ठुला होटल, कटेज, घरहरू निर्माण हुनु ।<br>● कतिपय बन्यजन्तु हराउँदै जानु<br>● फोहोरमैला व्यवस्थापन, सार्वजनिक शौचालय नहुनु<br>● बेलुकी होहल्ला पूर्ण वातावरण बन्नु, छरछिमेकसँग सम्बन्ध बिग्रनु<br>● घरगृहिणी, वृद्ध, बालबच्चाको स्वास्थ्य, पठन पाठनमा असर पुग्नु |

# अध्याय सात

## सारांश, निष्कर्ष र सैद्धान्तीकरण (Summary, Conclusion and Theorization)

### ७.१ सारांश (Summary)

मानव विकासको प्रारम्भिक चरण जुन बेला मानिसहरू घुमन्ते जीवन बिताउदथे जीवन सरल र सामान्य थियो । खानाको खोजीमा मानिसहरू एक ठाउबाट अर्को ठाउँमा पुग्थे र जे भेट्यो त्यही काँचै खाएर उतै बास बस्दथे । बसाइमा स्थायित्व थिएन । जानी-नजानी वा आवश्यकताले मानिसको एक प्रकारको यात्रा ढुंगे युगबाट नै सुरुवात हुनपुग्यो । समयक्रमसँगै पुरापाषण, मध्यपाषण हुदै नवपाषण युग सम्म आइपुग्दा मानिसले खेतीपाती गरी क्रमश सभ्यता र संकृतिको विकास गर्दै गयो । यसै क्रममा कुनै अदृश्य शक्तिको परिकल्पना गरी ईश्वर वा देवी देवताको स्तुती, पूजा-उपसना सुरु गर्‍यो । ऊ बिस्तारै धार्मिक स्थलहरूको भ्रमण गर्न थाल्यो । मेसोपोटोमिया, इजिप्ट, सिन्धुघाँटी, वेविलोनीया, फोनिसिया जस्ता अनेक सभ्यताको विकाससँगै थोर वहुत व्यापार लगायत अन्य प्रयोजनमा पनि मानिसहरू यात्रा गर्न थाले । खाद्यन्नको खोजीमा मात्र सिमित यात्रा बिस्तारै परिस्कृत हुँदै धार्मिक, व्यापारिक तथा रोमबासहीरू आनन्दको प्रयोजनको लागि पनि हिड्न थाले ।

मध्यकालतिर आउँदा विशेष गरी युरोपका विभिन्न व्यक्तिहरूले यात्रा गरी विश्वका विभिन्न ठाउँहरूको खोजी गरी यात्रा विवरणहरू तयार पारे । जसले मानिसहरूमा नयाँ-नयाँ भौगोलिक स्थान, हावापानी प्रति उत्साह थपिदै गयो । चौधौं शताव्दीमा युरोपमा आएको पुर्नजागरण अभियानले मानिसको सोचाइ, गराइमा आएको परिवर्तनले यात्राका उद्देश्यहरू बढ्न पूगे । पानीजहाज, हवाइजहाज, मोटरगाडीको आविष्कार हुँदै गए । जसले मानिसका घुम्ने इच्छालाई सहज वनाइदियो । बिसौँ शताव्दीसम्म आइपुग्दा विभिन्न उद्देश्य राखी मानिस विश्वको एक कुनाबाट अर्को कुनामा पुग्न थाल्यो । यात्रालाई व्यवस्थित वनाउन विभिन्न Travel, Trekking Agency हरू खुल्न पुगे । सञ्चार र यातायतका साधनका विकासले विश्व global village को रूपमा परिणत हुन पुग्यो । ठाउँ-ठाउँमा विभिन्न सेवा सुविधा सहीतका होटल, रेष्टुरेन्ट तथा घरबासहरू सञ्चालनमा आउन पुगे । यात्रासँग सम्वन्धित यी सबै कुरालाई व्यवस्थित गर्न विश्वमा पर्यटन उद्योग स्थापित हुन पुग्यो ।

विश्वका विभिन्न स्थानका प्राकृतिक सांस्कृतिक, धार्मिक स्थलहरू, जातिय भेषभुषा, कला, वास्तुकला जस्ता आकर्षणले मानिसलाई घुम्न जान उत्प्रेरणा जगाउने गर्दछ । आफ्नो व्यस्त दैनिकीमा उत्साह, उमङ्ग थप्न, आज मानिसहरू विश्वका विभिन्न गन्तव्यमा आन्तरिक वा वाह्य पर्यटकको रूपमा पुग्ने गरेका छन् । यस्ता गन्तव्य मध्ये नेपाल पनि एक हो । प्राकृतिक, सांस्कृतिक, धार्मिक दृष्टिकोणले सुन्दर नेपालका काठमाडौं, पोखरा, चितवन, लुम्बिनी मुस्ताङ लगायत इलाम पनि एक हो । प्रस्तुत शोध कार्य यही पर्यटकीय गन्तव्य स्थल इलामको श्रीअन्तुमा सञ्चालित घरबासका विविध पक्षबारे सम्बन्धित भएर गरिएको हो ।

नेपाल एकिकरण पूर्वदेखि नै ऐतिहासिक महत्व बोकेको पूर्वी नेपालको पहाडी जिल्ला इलाम एक पर्यटकीय स्थल हो । यहाँ कन्याम, सन्दकपुर, श्रीअन्तु , माइपोखरी, इलाम बजार जस्ता गन्तव्य स्थलहरू रहेका छन् । चिया तथा सूर्योदयको जिल्लाको रूपमा चिनिने यहाँका विभिन्न स्थानबाट सूर्योदयको दृष्यावलोकन गर्न सकिन्छ । विभिन्न चिया बगानहरू यहाँका आर्कषणका केन्द्र हुन् । विभिन्न धार्मिक स्थलहरू, सांस्कृतिक विविधता, हरियाली डाँडापाखा, रेड पाण्डा लगायत विभिन्न जिवजन्तु, अदुवा, अलैंची, ओलन, अकबरे, अम्लिसो जस्ता "अ" बाट सुरुवात भएका विभिन्न नगदे बालीहरू, हुस्सु लागेको चिसो मौसमका कारण इलाम पर्यटकीय गन्तव्यका लागि प्रख्यात हुन पुगेको छ । यहाँ भ्रमणमा आउने पाहुनाहरूका लागि विभिन्न सुविधा सहीतका राम्रा तथा ठिकैका होटलहरू खोलिएका छन् । त्यस्तै ग्रामीण पर्यटनलाई लक्षित गरी यहाँका कन्याम, श्रीअन्तु, बालन गाउँ लगायत स्थानमा घरबासहरू खोलिएका छन् ।

पर्यटकको बासस्थानको रूपमा रहेको घरबास सञ्चालनका निश्चित मापदण्ड, आचारसंहिताहरू विश्वव्यापी रूपमा रहेका छन् । तिनैलाई टेकेर नेपाल सरकारले पनि घरबास सञ्चालन कार्यविधि २०६७ जारी गरेको छ । शोधकार्यको शीर्षक तथा उद्देश्य अनुसार श्रीअन्तुका घरबासहरूको स्थलगत अवलोकन, सरोकारवाला विभिन्न व्यक्तित्वहरू, सञ्चालकसँगको अर्न्तवार्ता छलफलबाट विभिन्न कुराहरू प्राप्त भएको छ ।

पर्यटन उद्योग सेवामा आधारित उद्योग हो । पर्यटकीय गन्तव्य स्थलको आकर्षणले पर्यटकलाई त्यस स्थानसम्म पुऱ्याउछ । घुम्न निस्किएका यात्रीलाई गन्तव्य स्थलको रसस्वादन जति हुन्छ त्यति नै महत्व त्यहाँको बेलुकीको बासस्थान र अतिथि सत्कारको हुन्छ । विश्वमा मानिसहरू घुम्न निस्किन थाले सँगै त्यस्ता गन्तव्य स्थलहरूमा विभिन्न तह

र प्रकारका असंख्य ठुला-साना होटल, रिर्सोटहरू खुल्न पुगे । जहाँ पर्यटनको रुची इच्छा अनुसारका सेवा प्रदान गरिन्छ । पछिल्ला दिनहरूमा मानिसहरू सहरी क्षेत्रको मात्र नभएर ग्रामीण क्षेत्रको पनि भ्रमणमा निस्कन थाले । त्यस्ता स्थान जहाँ होटल, रिर्सोटहरू थिएनन् र छैनन् त्यहाँ त्यही भएका गाउँले घरहरूमा पर्यटकलाई बासको व्यवस्था गर्न थालियो । त्यसपछि क्रमशः होटल, रिर्सोट जस्तै घरबासहरू विश्वभर खुल्दै गए । त्यसैको परिणाम स्वरूप नेपालका पनि ग्रामीण संस्कृति, परिवेश, खानपान अनुरूप विभिन्न घरबासहरू खुले । घलेगाउँ, सिरुबारी, घान्द्रुङ, श्रीअन्तु यसका उदाहरण हुन् ।

नेपालीहरू अतिथिलाई भगवान् मान्दछन् । पर्यटन व्यवसायमा सेवा अनुसारको मेवा पाइने र यहाँ Package मा होटल, घरबास, यातायतका साधनको सुविधा बिक्री गर्ने गरिन्छ । जुन विश्वसनिय, भरपर्दो र पर्यटकको मन जित्ने खालको हुन आवश्यक छ । पर्यटन व्यवसायमा यहाँका सेवा प्रदायक संस्थाहरूको अतिथि सत्कारमा महत्वपूर्ण भूमिका रहन्छ । First impression is last impression भने जस्तै कुनै पनि गन्तव्य स्थलमा पर्यटकले चाहे, खोजेको सेवा, सत्कार प्रदान गर्न सकिएमा एउटा पर्यटकबाट भोलि सयौँ/हजारौँ पर्यटकहरू भित्राउन सकिन्छ ।

विश्वमा समयक्रमसँगै फस्टाउदै र बढ्दै गएको पर्यटन व्यवसायलाई व्यवस्थित बनाउन जति सेवा प्रदायक संस्थाहरू खुल्दै गए, तिनलाई नियमन, अनुगमन र व्यवस्थित गर्न त्यति नै नीतिनियमहरू पनि बन्दै गए । सोही बमोजिम घरबास सञ्चालनका पनि निश्चित नियमहरू बने । नेपालमा पनि देशका विभिन्न स्थानमा अगाडि देखिनै होमस्टे(पछि घरबासहरू) सञ्चालनमा आए पनि वि.स. २०६७ सालमा मात्र नेपाल सरकारले घरबास सञ्चालन कार्यविधि जारी गऱ्यो । जसमा घर कस्तो हुनुपर्ने, कति र कस्ता कोठा पाहुनाका लागि राख्न पाइने, पाहुनालाई स्वागत र बिदाई कसरी गर्ने, स्थानीय खानपान, लोक संस्कृति तथा मौलिकतालाई कसरी प्रस्तुत र जगेर्ना गर्ने विषयवस्तुहरू समेटिएका छन् । नेपालमा विभिन्न ठाउँमा खोलिएका यस्ता घरबासहरूमा घरबास सञ्चालन कार्यविधिले निर्दीष्ट गरिएका सेवा-सुविधा तथा ग्रामीण मौलिक परम्परा र संस्कृतिको अनुभुति गर्न वाह्य तथा आन्तरिक पर्यटकहरू पुग्ने गर्दछन् र त्यहाँको अतिथि सत्कारमा रमाउदछन् ।

पर्यटन व्यवसायका विभिन्न A6 मध्ये Accommodation अन्तगर्त घरबास पनि पर्दछ । नेपाल जस्तो विकासोन्मुख देश जहाँ प्राकृतिक सुन्दरता र सांस्कृतिक सम्पन्नताका कारण पर्यटन उद्योगको प्रचुर सम्भावना छ तर आवश्यक पूर्वाधारहरूको विकास भै

नसकेको अवस्थामा गन्तव्य स्थलहरूमा घरबासको ठुलो महत्व रहन्छ । गाउँले परिवेशमा रमाउने कम पैसा भएका पर्यटकलाई लक्षित गरी घरबासहरू खोलिन्छ । पर्यटकले घसबासबाट First Hand Knowledge र बाह्य पर्यटकले स्थानीय जीवनशैली, नृत्य, संगीत, सामाजिक व्यवहार बुझ्ने मौका पाउदछन् । स्थानीय गाउँ-ठाउँमा उब्जाएको साग सब्जी, दुध, मासु बिक्ने हुँदा घरबास सञ्चालन भएका आसपासका क्षेत्रहरू समेत लाभान्वित बन्दछन् । नेपालका चितवन, कास्की, स्याङजा, इलाम लगायत घरबास सञ्चालन भएका स्थानका जनताको जीवशैली नै परिवर्तन हुन पुगेको छ । प्रस्तुत शोधकार्यले श्रीअन्तु घरबाससँग सम्बन्धित अध्ययनको उद्देश्य अनुरूपका विषयवस्तुहरू बारे थप र नयाँ ज्ञान उजागर गर्न सफल भएको छ ।

**७.२ छलफल र निष्कर्ष (Discussion & Conclusion)**

पर्यटकीय जिल्ला इलामको सूर्योदय नगरपालिका वडा नं. ४ र ५ मा सञ्चालित घरबास कसरी सुरुवात भए । यिनको इतिहास के रहेको छ भन्ने विषयमा अध्ययन गर्दा यहाँ अवस्थित अग्लो डाँडा श्रीअन्तुसँग नै सबै कुरा जोडिएको देखिन्छ । सामान्यतय कुनै स्थानको अग्लो डाँडा वा ठाउँमा मानिसहरू जान चाहन्छन् । किनकि त्यहाँबाट वरिपरि तथा टाढासम्म हेर्न सहज हुन्छ । श्रीअन्तु पनि एक अग्लो डाँडा हो । जहाँबाट वरिपरिको दृष्य वाहेक सूर्योदयको पनि दृश्यावलोकन गर्न सकिन्छ । यस क्षेत्रमा मानव बस्ती बसेदेखि नै यो डाँडोमा सूर्य दर्शन गर्न मानिसहरू जाने गर्दथे । हिन्दु धर्मका विभिन्न ग्रन्थमा सूर्य दर्शनको महत्व दर्साइएको छ । सोही बमोजिम हिन्दु धर्ममा आस्थावान, धार्मिक व्यक्तित्वहरू, साधु सन्तहरू सूर्य दर्शनका लागि यस क्षेत्रमा आउन थाले । सूर्यदर्शन गर्न बेलुकी नै यस क्षेत्रमा आएर बास बस्नु पर्दथ्यो । सुरुवाती चरणमा श्रीअन्तुडाँडाको तलतिर गाउँमा बास मागी त्यस्ता यात्रीहरू बस्ने गर्दथे । जुन निशुल्क हुन्थ्यो । समयक्रमसँगै आध्यात्मिक भावनाले सूर्य दर्शन गर्न आउने मान्छे मात्र नभएर पछिल्लो समयमा सूर्योदयको दृश्यावलोकनका लागि पनि इलाम, झापा लगायत स्थानबाट मानिसहरू आउने क्रम बढ्न पुग्यो । फलस्वरूप यस्ता पाहुनालाई व्यवस्थापन गर्न वि.सं. २०५२ सालदेखि आफ्नो घरको पाहुना कोठामा Paying Guest को रूपमा बास दिन थालियो ।

श्रीअन्तु क्षेत्रमा गरिएका महोत्सवहरू, यस क्षेत्रको व्यापक प्रचार प्रसारसगैं बढ्दै गएका पाहुनको चापले यहाँका गाउँका प्रत्येक घरमा Paying Guest को अवधारणा पुग्यो । केही रकम आर्जन हुन थाल्यो । बिस्तारै स्थानीयहरूले आफ्ना घरका कोठाहरूमा

पाहुनालाई बास दिई घरबासको सुरुवात गर्न पुगे । यो कार्यलाई वि. सं. २०५८ मा स्थापित श्रीअन्तु पर्यटन विकास केन्द्र, वि.सं. २०५९ मा जिल्ला प्रशासन कार्यालय इलाममा घरबासहरू दर्ता र नेपाल सरकारको वि.सं. २०६७ सालको घरबास सञ्चालन कार्यविधिले सहज बनाइदियो र त्यही अग्लो डाँडा श्रीअन्तुको सूर्य दर्शन, सूर्य दृष्यावलोकनसँगै यहाँ घरबासको सुरुवात हुन पुग्यो । पछिल्लो समय गन्तव्य स्थलका आर्कषणमा यहाँको चिसो मौसम, Hill Station, श्रीअन्तुपोखरी, मौलिक खानपान, शान्त वातावरण, हरियाली चियाबगानले पर्यटकीय गतिविधि बढ्न पुगी श्रीअन्तु अझ प्रख्यात बन्न पुग्यो । पर्यटनमा समय, बजेट, र गन्तव्य स्थलको महत्व रहन्छ । कुनै स्थानमा पुग्न लाग्ने समय, खर्चसँगै नजिकै रहेको अर्को गन्तव्य स्थलको सामिप्यताले ठुलो भूमिका खेलिरहेको हुन्छ । इलामको पाथीभरा, कन्याम, फिक्कलबाट श्रीअन्तु डाँडा पनि नजिकै भएकाले अन्यत्र घुमि सकेर बेलुकी बास बस्न श्रीअन्तु जाने चलनले यहाँका घरबासको महत्व बढ्न पुग्यो । त्यही कारण यहाँ छोटो समयमा पर्यटकीय चहल-पहल सँगै पाहुनाको चाप बढ्न पुग्यो र श्रीअन्तु घरबास क्षेत्रको रूपमा चिनियो ।

इलामको चिसो मौसम अनुसार श्रीअन्तु , कन्याम लगायत स्थानमा चिया खेती गरियो । अन्य कुराहरूसँगै सुन्दर चिया बगानहरूले पनि पर्यटकलाई आर्कषण गर्न पुग्यो र पर्यटकको चाप बढे सँगै श्रीअन्तु क्षेत्रमा घरबासहरू सञ्चालनमा आए र लामो इतिहास बन्न पुग्यो । कुनै पनि ठाउँमा संस्कृतिभन्दा पहिले वातावरण अस्थित्वमा रहेको हुन्छ र पछि सोही अनुरूपको संस्कृति समायोजन हुने हो भन्ने सांस्कृतिक पर्यावरणवादको अवधारणा श्रीअन्तु घरबासमा पनि लागु भएको देखिन्छ । प्रकृति, वातावरण, संस्कृति र मानिसहरू बिचमा खास प्रकारको सम्बन्ध हुने हुँदा संस्कृति र वातावरण दुवै अन्तर्निभर र अन्तर सम्बन्धित हुन्छन् भन्ने मान्यता यसले राख्दछ । त्यसकारण श्रीअन्तुडाँडा, उचित वातावरणमा लगाइएको चिया बगानहरू र सोहि अनुरूपको गाउँले संस्कृति श्रीअन्तु घरबासका जननी हुन् । वि.स. २०५२ सालदेखि विभिन्न नाममा यस्ता घरबास सञ्चालनमा आउन पुगे ।

पर्यटन उद्योगमा अतिथि सत्कारको ठुलो महत्व रहेको हुन्छ । कुनै पनि गन्तव्य स्थलको आर्कषण पछि त्यहाँको सेवा, सत्कारले नै भोलिको पर्यटनको भविष्य निर्धारण गरिरहेको हुन्छ । किनकि आजको एउटा पर्यटकको हेराइ, बुझाइ, ब्याख्या, विश्लेषणले भोलि त्यस ठाउँमा अन्य हजारौँ पाहुनाहरू जाने/नजाने निर्धारण गर्न सक्दछ । त्यसकारण पर्यटन

उद्योगमा यसले निर्धारण गरेका नीतिनियम, आचारसंहिताका आधारमा सेवा-सुविधा, सेवाको मूल्य, दररेट कायम गरी उचित अतिथि सत्कार गर्नु आवश्यक हुन्छ । घरबास पनि पर्यटनको एक बासस्थानको सेवा प्रदायक अंग हो । यसका निश्चित नीति नियमहरू हुन्छन् । करिव २८ वर्षको इतिहास बनाइसकेको श्रीअन्तु घरबासको अवस्था र अतिथि सत्कार र यहाँको पर्यटन प्रवर्द्धनमा यिनले खेलेको भूमिकाको अध्ययबाट पनि ठोस कुराहरू उजागर भएका छन् ।

सूर्योदय नगरपालिका वडा नं. ४ र ५ मा अवस्थित घरबासलाई श्रीअन्तु घरबास भनेर गरिएको अध्ययनबाट यहाँ सामुदायिक र निजी दुई प्रकारका घरबासहरू गरी अभिलेखिकरण भएका ७० र नभएका लगभग १०/१५ वटा घरबासहरू सञ्चालनमा रहेको तथ्याङ्क प्राप्त भएको छ । यहाँका घरबासको प्रारम्भिक चरण जुन वेला सानो संख्यामा पर्यटकहरू आउने गर्थे उनीहरूलाई सानो गाउँले घरभित्र त्यहीँको परिवेश अनुरूप खुवाउने सुताउने गरी सत्कार गरिन्थ्यो । पिरा गुन्द्रिमा राखी स्थानीय खाना खुवाइन्थ्यो पछि सुरुवात भएको Paying Guest अवधारणा हुदै वि.सं. २०७०/७१ सम्म यहाँ भित्रने पाहुनालाई राम्रै स्वागत-सत्कार गर्ने गरिन्थ्यो । पाहुनालाई फूलका माला, अविर खादाले स्वागत, विदाई गर्ने स्थानीय मौलिक खानाहरू खुवाउने चलन थियो ।

Irridex model अनुसार जव-जव गन्तब्यमा पाहुनाको चाप बढ्दै जान्छ तव त्यहाँ Irritationबढ्छ । पाहुनालाई वास्ता गर्न छाडिन्छ । श्रीअन्तुमा पनि प्रत्येक दिन हजारौं पाहुनाहरू प्रवेश गर्न थालेपछि अतिथि सत्कारका पुराना तौर-तरिका, घरबास सञ्चालन कार्यविधिले निर्दीष्ट गरेका कुराहरू क्रमश : खस्कदै गएको देखिन्छ । नजिकबाट आएका पर्यटकहरूलाई स्वागतका खासै कार्यक्रमहरू नगर्नु, भारत लगायत नेपालका अलि टाढाका पाहुना भएमा कही-कही स्वागत र विदाइमा फूल, माला, खादा, अविरको प्रयोग गर्नु आधुनिक खानाहरू खुवाइनुले यसलाई पुष्टि गर्दछ । पुराना घरहरू परिवर्तन गर्दै घरको छेउमा आधुनिक पक्की भवन बन्नु, घरबास क्षेत्रमा असंख्य कटेज, होटलहरू खुल्नुले तिनीहरूसँग प्रतिस्पर्धा गर्न घरबास सञ्चालकहरू पनि समयको माग भन्दै दौडिन पुग्दा यहाँको हरेक कुराको मौलिकता दिन-प्रतिदिन खस्कदै गएको देखिन्छ ।

पाहुनाहरूले नै attach room , तातो पानी खोज्ने, कोदो, फापरको रोटी, सिस्नोको तरकारीको माग गर्नुको सट्टा आधुनिक खानालाई जोड गर्ने, आधुनिक गीतहरूमा रमाउन थालेकोले यहाँको वातावरण फरक बन्दै गएको छ । त्यस्तै सँगैका होटलहरूले दिइने

सुविधाका कारण पाहुनाहरू त्यतातिर आर्कषित हुन थालेकोले समयानुसार चल्नु परेकोले यहाँका घरबासको मौलिकता र अतिथि सत्कार खस्कदै गएको घरबास सञ्चालकहरू स्वीकार गर्नुहुन्छ । यो अध्ययनको क्रममा गरिएको नीतिगत समीक्षामा गरिएका कतिपय कुराहरु श्रीअन्तुमा घरबास सञ्चालन गर्दा अवलम्बन गरिएको देखिदैन । घरबास सञ्चालन कार्यविधिलाई बेवास्ता गरेको देखिन्छ ।

त्यस्तै श्रीअन्तुक्षेत्र, सूर्योदय नगरपालिका तथा समग्र इलामको नै पर्यटन प्रवर्द्धनमा यहाँका घरबासले राम्रो भूमिका खेलेको पनि अध्ययनबाट पुष्टि भएको छ । कन्याम, पाथिभरा र श्रीअन्तुडाँडा त्रिकोणात्मक पर्यटकीय गन्तव्य स्थल आसपासमा रहेका घरबासहरूले यहाँ आइपुग्ने धेरै पाहुनाहरूलाई बास दिइरहेका छन् । तथापि प्रकृतिको देन श्रीअन्तुडाँडा, श्रीअन्तु पोखरी, चिया बगानहरू, चिसो मौसम, घरबासले श्रीअन्तुक्षेत्र प्रख्यात भएको हो । प्राकृतिक सुन्दरता, सूर्योदयको दृष्यावलोकनमा रमाउन आउने पाहुनालाई मानव निर्मित घरबासहरूले बास बस्ने वातावरण मिलाइ दिएकाले यहाँको पर्यटन प्रवर्द्धनमा यिनीहरूको महत्वपूर्ण भूमिका रहेको छ । तराईको गर्मी छली शितलतामा रमाउन आउने पाहुनालाई गाउँमा नै बासको व्यवस्था घरबासले मिलाएका छन् । तथापि आजभोलि घरबाससँगै खोलिएका धेरै होटलहरूले पनि यो सुविधा भने दिदै आएका छन् । पर्यटनको सिद्धान्तहरू अनुसार नेपाल लगायत भारतका सिलगुडी, मिरिक, दार्जिलिङ जस्ता प्रख्यात पर्यटकीय गन्तव्यहरूका नजिकै श्रीअन्तु डाँडा रहेकोले र वातावरण पनि पर्यटक अनुकुल भएकाले यहाँको पर्यटन थप बलियो भएको देखिन्छ। घरबासले मात्र भएको भन्न सकिन्न ।

मानव विकासको प्रारम्भिक चरण जहाँ मानिसहरू खानाको खोजीमा घुमन्ते जीवन बिताउदथे । संस्कार, सस्कृति, पारिवारीक रूपमा स्थाई बसोबास टाढाका विषयवस्तुहरू थिए समयक्रममा मानिसको दिमागी क्षमताको विकाससँगैं उनीहरू सभ्यताका युगहरू पार गर्दै अघि बढ्ने क्रममा आधुनिक युग सम्म आउन सफल भए । यस बिचमा नरवानर स्वरूपका मानिसको शारीरिक बनावट मात्र परिवर्तन भएन उसले विकास गरेका संस्कार, संस्कृति, भाषा, धर्म, लवाइखवाइ लगायतले अन्य प्राणीभन्दा परिस्कृत र सामाजिक प्राणी बन्न पुग्यो । संस्कृतिका उदविकासवाद, संस्कृतिको प्रसारको व्याख्या गर्ने प्रसारवाद, समाजका प्रत्येक अंगहरूले कसरी कार्य गर्छन भन्ने प्रकार्यवाद तथा वातावरण अनुकुल मानिसले कसरी संस्कृति र सभ्यताको विकास गरी अनुसुलन गर्दछ भन्ने सास्कृतिक पर्यावरणवाद जस्ता सिद्धान्तहरूको विकास हुन पुग्यो ।

ढुंगे युगको मानिस कसरी, कस्ता चरण र प्रक्रियाहरू पुरा गरेर यहाँसम्म आइपुग्यो उसको सांस्कृतिक जीवनलाई वातावरण प्रकृतिले के प्रभाव पाऱ्यो भन्ने जस्ता सारा कुराहरूको अध्ययन यी सिद्धान्तहरूका आधारमा सम्भव हुन पुग्यो । यो अध्ययन पनि विशेष गरी सांस्कृतिक पर्यावरणवाद सिद्धान्तका आधारमा गरिएको हो । वातावरण अनुकुल चिया खेती, चिया खेती बगानहरूसँगै फस्टाएको इलामको पर्यटन व्यवसाय तथा तिनै चिया बगान आसपास खोलिएका घरबासहरू यसका अध्ययनका विषयवस्तुहरू थिए । यस्ता घरबासले श्रीअन्तुको पर्यटन प्रवर्द्धनमा राम्रो भूमिका खेलेको प्रमाणहरू सहीत पुष्टि गरी सकिएको छ । यिनको सांस्कृतिक, आर्थिक र पर्यावरणीय प्रभाव पनि परेको छ ।

पर्यटन क्षेत्र आफैमा आर्थिक गतिविधिसँग सम्बन्धित उद्योग हो । पर्यटन कै माध्यमबाट आज विश्वका धेरै देशको अर्थतन्त्र मजबुद बनेको छ । पर्यटन उद्योगबाट वार्षिक ठुलो अंकमा त्यस्ता देशहरू आम्दानी गरिरहेका छन् । नेपाल पनि पर्यटन, कृषि र जलविद्युतका क्षेत्रका सम्भावना बोकेको देश हो । विश्वका प्रमुख गन्तव्य स्थलहरूमा नेपाल पनि पर्दछ । पर्यटनलाई व्यवस्थित बनाउन, कोरोना काल पछि सुधारिएको अनुकुल वातावरणमा बढि भन्दा बढि वाह्य पर्यटक भित्राउन नेपाल सरकारले विभिन्न योजनाहरू घोषणा गरिरहेको छ । नेपालको अर्थतन्त्र पनि आन्तरिक तथा बाह्य पर्यटकको माध्यमबाट चलायमान र मजवुद बन्न सक्छ । यस उद्योगबाट त्यस्ता पर्यटकीय गन्तव्य स्थलका जनता, होटल, घरबास सञ्चालकहरू तथा स्थानीय वडा र पालिकाले पनि प्रशस्त आय आर्जन गर्न सक्दछन् र गरिरहेका पनि छन् ।

प्रस्तुत शोधकार्यको भौगोलिक सीमाभित्र रहेको श्रीअन्तु घरबास क्षेत्रका मानिसहरूले पनि प्रशस्त आय-आर्जन गरिरहेको अध्ययनबाट स्पष्ट हुनपुग्यो । सामान्य गाउँले परिवेशमा न्युन आय-आर्जन भएका मानिसहरूको जीवनस्तर पहिलेको तुलनामा धेरै माथि पुगिसकेको छ । यहाँका मानिसको जीवनशैली, घर होटलहरू निर्माणमा लगानी, रोजगारीको सिर्जना, जग्गा जमिनको भाउबिक्री बढ्नु, प्रत्येक दिन घरमै बसी बसी आम्दानी गर्नु,, भोलिको चिन्ता त्यति नहुनु, नानीबाबुहरूलाई राम्रो विद्यालयमा पढाउन पाउनुले घरबास सञ्चालकहरू गदगद देखिन्छन् । घरबासकै कारण बाटो, विजुली सञ्चार जस्ता पूर्वाधरको विकासले व्यापार व्यवसायमा वृद्धि, कृषिजन्य उत्पादनको बिक्री तथा खपत, चिया बगानमा वृद्धि तथा प्रशोधनका लागि यही क्षेत्रमा धेरै चिया कारखानाहरू

खोलिनु आर्थिक उपार्जन कै उपजहरू हुन् । समग्रमा यो क्षेत्रको नै आर्थिक रूपमा कायापलवट भएको देखिन्छ ।

यहाँका माथिल्लो क्षेत्रका व्यक्तिहरू जो घरबास सञ्चालक छन्, उनीहरूले मात्र फाइदा लिइरहेको अध्ययनबाट देखिएको छ । स्थानीय लाप्चाहरू यसबाट बेखबर रहेको देखिन्छ । यहाँ बसोबास गर्ने लाप्चा बाहेक मगर, लिम्बु , गुरुङहरूभन्दा जग्गा लिजमा लिएर होटल/कटेज खोल्नेहरूले धेरै फाइदा लिइरहेका छन् । दैनिक हजारौँ मानिसको भिड देख्दा बाहिरका मानिसहरूले घर, जग्गा, होटलमा ठुलो लगानी गर्न थालेकोले यहाँका मौलिक घरबासहरूको भविष्य सुनिश्चित देखिदैन । स्थानीय समुदायलाई उपेक्षा गरेर अघि बढ्नाले यो अवस्था आउन थालेको देखिन्छ । परम्परागत घरहरूका ठाउँमा सहरमा जस्तै ठु-ठुला भवनहरू बनिनु, अस्वस्थ्य प्रतिस्पर्धा हुनु, पैसाका कारण यहाँका मानिसको जीवनशैली आधुनिकीकरणतर्फ उन्मुख हुनु, सामाजिक सहयोग, सद्भाव घट्दै जानु नराम्रा पक्षहरू हुन् । संस्कार, संस्कृति, अतिथि सत्कारभन्दा पैसालाई महत्व दिनाले दिन प्रतिदिन पुराना कुराहरू इतिहास बन्ने खतरा त्यतिकै रहेको देखिन्छ । त्यस्तै सिमित सञ्चालकले मात्र यसबाट फाइदा लिइरहेको र गाउँका तल्लो भेगका मानिसहरू अझै कृषि, पशुपालन व्यवसायमा नै लागिरहेको देखिन्छ । मितव्ययीता घट्दै जानुले बालबच्चामा यसको प्रभाव परेको छ । यसरी यहाँका घरबासबाट पक्कै पनि आर्थिक क्षेत्रमा ठुलो फाइदा भएको छ । गाउँ-घर, समाजमा यसका नकरात्मक प्रभावहरू पनि पर्दै गएका छन् ।

पर्यटन उद्योगले कुनै पनि देश, स्थानको आर्थिक पक्ष मजवुद बनाउन जति सकरात्मक योगदान गरिरहेको हुन्छ सामाजिक, सांस्कृतिक मूल्य मान्यता, संरचना भत्काउन, बिर्गान पनि त्यति नै नकरात्मक प्रभाव पारिरहेको हुन्छ । आयआर्जनलाई मात्र ध्यान दिँदा सांस्कृतिक बिचलन हुने, सामाजिक सद्भाव भत्कने, मुल्यमान्यता, परम्परा, धर्ममा खलल पुग्ने गर्दछ । यस प्रति होसियार भएर पर्यटकीय गतिविधिहरू सञ्चालन गर्न आवश्यक हुन्छ । श्रीअन्तु घरबासमा पनि सांस्कृतिक रूपमा दुवै खालका प्रभावहरू परेका छन् । घरबास भन्ने बितिकै स्थानीय मौलिक संस्कार, संस्कृति जोडिन्छ । यहाँको विविध जात-जातिका संस्कृति परम्पराले पनि पर्यटकलाई लोभ्याइरहेको हुन्छ । श्रीअन्तुमा पनि विगतमा मादले, मारुनी, लाप्चा, राई, लिम्बुका नृत्यहरू हुने गर्दथे । हाल पाहुनाको इच्छा भएमा मात्र कहिलेकाहीँ गर्ने गरिएको छ । यहाँ जात्रा, पर्व, मठ मन्दिर जस्ता मूर्त, अमूर्त

सांस्कृतिक सम्पदाहरू कम नै रहेको र तिनमा पर्यटन घरबासले त्यत्रो ठुलो नकारात्मक प्रभाव पोरेको देखिदैन ।

पर्यटकको लवाइ, खवाइ, आधुनिक गीत, नृत्य प्रस्तुतिले पक्कै पनि स्थानीय बालकदेखि-वृद्धसम्म लाई प्रभाव पारेकै छ । साना फुसका छाना भएका चिटिक्क गाउँले घरहरूको ठाउँमा पक्की सहरको विकास भइरहेको छ । घर भित्रका कोठा, खाना खाने पिरा, गुन्द्री, टेवल-कुर्सीमा, भर्के थाल बटुका, कप प्लेटमा, चुल्हो अगेनो, ग्याँस र आँगनमा camp firing मा तथा गाउँले चर्पीहरू Attach bathroom toilet मा परिवर्तन भएका छन् । त्यस्तै घरबासहरू होटल र समग्र घरबास क्षेत्र क्रमश : पर्यटकीय गाउँमा परिणत हुनेतर्फ लागेको देखिन्छ । यस्तै तरिकाले जाने हो भने केही वर्ष पछि श्रीअन्तु घरबास क्षेत्र नाममा मात्र सीमित नरहला भन्न सकिन्न ।

यद्यपि आफ्नो संस्कृति जोगाउनु पर्छ भन्ने ज्ञान स्थानीयमा आइसकेको भने देखिन्छ । तर पाहुनाको चापले उहाँहरू पाहुना व्यवस्थापनमा नै व्यस्त हुनु राम्रो भने हैन । तथापि घरबास सञ्चालनबाट अर्को स्थान परिवेशका मान्छेहरूको संस्कृतिका विविध आयामहरू बुझ्ने अवसर पनि स्थानीयले पाएका छन् । सांस्कृतिक आदान-प्रदान, निकटता बढाउन समाज परिवर्तन, भाइचारामा अभिवृद्धि, नयाँ सोचाइ, दृष्टिकोणमा परिवर्तन ल्याउन भने घरबासहरूले सहयोग गरिरहेका नै छन् । मिश्रित जातिको बासस्थान रहेकोले जातिय, धार्मिक सहअस्थित्वमा स्थानीयहरू रमाउनु एकले अर्काको संस्कृतिलाई सम्मान, जगेर्ना गर्न सहयोग गर्नु राम्रो पक्ष हो । लोपोन्मुख जाति लाप्चाहरू घरबास सञ्चालनमा विविध कारणले सरिक नभए तापनि उहाँहरूका सांस्कृतिक सम्पदा जगेर्ना गर्न, पाहुनाहरूलाई नृत्यहरू देखाउन वातावरण मिलाइदिने कार्यमा अन्यले पनि सहयोग गर्नु राम्रो कार्य हो । त्यस्तै घरबासमा आउने पाहुनालाई त्यहाँ जातिय भेषभुषा, अन्य सामग्री, नृत्य देखाउनु पर्छ जसले संस्कृति संरक्षण र सम्वर्द्धनमा मद्दत पुग्छ भनी सांस्कृतिक सामुदायिक भवन निर्माणमा अघि बढ्नु राम्रो पक्ष हो । तथापि श्रीअन्तुको मौलिक पहिचान भने दिनप्रतिदिन खस्कँदै गएको देखिन्छ ।

यस क्षेत्रमा सञ्चालित घरबासहरूले यहाँको पर्यावरणलाई पनि प्रभाव पारिरहेको छ । हुनत सांस्कृतिक पर्यावरणवादको सिद्धान्त अनुरूप यहाँको प्रकृति, वातावरणले गर्दा नै यहाँ विकसित सांस्कृतिक धरोहरमा रमाउन पाहुनाहरू आउने गर्दछन् । जसले घरबासहरू चलिरहेका छन् । घरलाई सुन्दर बनाउन बोट बिरुवा, फूलहरू रोप्ने, चिया बगान बिस्तार

गर्ने कार्यले वातावरणलाई सुन्दर स्वच्छ बनाइ रहेको पनि छ । घर, होटल र कटेज निर्माणले चियाबगान लगायत वनजंगल फडानी, वन्यजन्तुहरू जस्ता प्राकृतिक स्रोत माथि अधिक चाप बढ्ने, फोहोर मैला व्यवस्थापन नहुँदा प्रदूषण बढ्ने कार्य हुनु राम्रो कुरा होइन । यसमा सरोकारवालाहरूले ध्यान दिएको देखिन्न । धेरै गृहिणी, वृद्धको स्वास्थ्य, तथा हो-हल्ला सङ्गीतको धुनले बालबच्चाको पठनपाठनमा असर पुग्नु दुरगामी प्रभावका कुराहरू हुन् । घरबास क्षेत्रमा सार्वजनिक शौचालय नहुँदा वातावरण दुर्घन्दित भएको, फुसको छानाको ठाउँमा जंगलको बिच बिचमा रातो, निलो टिनका असंख्य घर, टहराहरू निर्माणले चराचुरुङ्गीलाई असर लगायत पर्यावरणीय प्रभाव परेको स्थानीयहरूको गुनासो रहेको देखिन्छ ।

अन्त्यमा श्रीअन्तु डाँडाका कारण सुरुवात् भएको श्रीअन्तु घरबास हाल पूर्वी नेपालको एक पर्यटकीय गन्तव्य स्थल बनि सकेको छ । अगाडिदेखि नै मानिसहरूको आवत-जावत हुने भए तापनि घरबास को सामान्य सोच हुदै अहिलेको भिडभाड पूर्ण र चिनिएको अवस्थासम्म आइपुग्दा यो क्षेत्रले २८ वर्षको इतिहास बनाइसकेको अध्ययनबाट स्पष्ट हुन्छ । श्रीअन्तु डाँडालाई चिनाउन, श्रीअन्तु क्षेत्रलाई विकसित गराउन यहाँका प्राकृतिक सम्पदासँगै जे जस्तो अवस्थामा भए पनि यहाँका घरबासको पनि ठुलो योगदान रहेको देखिन्छ । इलाम भन्ने बितिकै कन्याम र श्रीअन्तु डाँडाको नाम आउनुलाई पनि यसले पुष्टि गर्दछ । इलामको पर्यटन प्रवर्द्धनमा घरबासले राम्रो योगदान गरेको देखिन्छ । श्रीअन्तुडाँडा र घरबास बिच नङ र मासुको जस्तो सम्बन्ध रही यहाँको पर्यटन प्रवर्द्धनमा ठूलो योगदान दिएको छ । घरबासले पाहुनालाई चिसो मौसममा बास बस्ने वातावरण मात्र नदीएर सूर्योदय नगरपालिका तथा स्थानीयको आय-आर्जनमा पनि ठुलो योगदान गरेका छन् । सांस्कृतिक र पर्यावरणीय क्षेत्रमा नकरात्मक प्रभावहरू परे पनि केही सकरात्मक प्रभावहरू पनि रहेका छन् । यी दुई क्षेत्रमा परेका प्रभावहरूलाई न्युनिकरण गर्दै घरबासको मौलिकतालाई जोगाइराख्न भने सरोकार वाला सबै लाग्नु पर्ने देखिन्छ ।

श्रीअन्तु डाँडासँग जोडिएको यहाँको घरबासमा हुनुपर्ने जुन अतिथि सत्कार, मौलिकता, दिन प्रतिदिन खस्कँदै जानुमा यहाँ राई, लिम्बु, मगर, ब्राम्हण, क्षत्री तथा लोपोन्मुख जाति लाप्चाहरूको मिश्रित बसोबास रहनु रहेको छ । यहाँका बासिन्दाहरूले मिश्रित समाज भएको हुनाले घलेगाउँ, घान्द्रुङ जस्तो आफ्नो मौलिक संस्कार र संस्कृति जगेर्नामा अलमलिनु तथा सरोकारवाला र स्थानीय सरकारले पनि लाप्चा लगायत यस्ता

सबै समूदायलाई घरबास सञ्चालन प्रक्रियामा समावेश नगर्नु, नगराउनुले यस क्षेत्र तथा यहाँका घरबासको मौलिक वातावरण  खस्कँदै आधुनिकतातर्फ उन्मुख भएको अध्ययनको निष्कर्ष रहेको छ ।

### ७.३ अध्ययनको सैद्धान्तीकरण (Theorization of the Study)

अध्ययनको निष्कर्ष अनुसार संसारका कुनै पनि स्थानमा बसोबास गर्ने जनजातिहरूलाई पर्यटनमा समावेश नगराउँदा त्यहाँको पर्यटन असफल हुन पुग्दछ र त्यो दिगो हुन सक्दैन । बाहिरबाट व्यापारिक उद्देश्य बोकेर आएका मानिसहरूलाई भन्दा स्थानीय समुदायलाई नै यस्ता कार्यहरूमा सरिक गराउन सकेमा स्थानीय संस्कृति र मौलिकता कायम रहने देखिन्छ । प्राकृतिक सम्पदा र संस्कृतिको संयोजनबाट आर्कषक गन्तव्य स्थल बनेको श्रीअन्तु क्षेत्रमा घरबास सञ्चालन हुनुमा सांस्कृतिक पर्यावरणवादको सिद्धान्त लागु भएको देखिन्छ । साथै अतिथि सत्कार, मौलिकता खस्कदै जानुमा भने Doxey's को Irridex model लागु भएको देखिन्छ । यिनै सिद्धान्तमा आधारित भई तथ्यहरूको विश्लेषणबाट अनुसन्धान रिक्ततामा उल्लेख भएको ज्ञान प्राप्त भएको छ । यहाँका घरबासहरूमा मौलिकपन कायम राख्न, पर्यावरण र संस्कृति जगेर्ना गर्न स्थानीय सरकार, सरोकारवाला बेलैमा लाग्नु जरुरी छ । अन्यथा अध्ययनको निष्कर्ष अनुसार केही वर्षपछि  यो घरबास क्षेत्रभन्दा पनि पर्यटकीय ग्राम/गाउँमा परिणत नहोला भन्न सकिन्न ।

### ७.४ अध्ययनको योगदान (Contribution of the Study)

घरबासमा हुनुपर्ने आधारभूत मान्यताहरूको विश्लेषण सहीत इलामका श्रीअन्तुमा सञ्चालित घरबासका विविध पक्षबारे ज्ञानको उजागर गरी यस अध्ययनले समाजलाई केही योगदान गरेको छ । यसले श्रीअन्तुमा सञ्चालित घरबासहरूको इतिहास, पर्यटन प्रवर्द्धनमा यसको भूमिका तथा स्थानीय समुदायमा पारेको प्रभाव पहिल्याएको छ । श्रीअन्तुका घरबासबारे अध्ययन गर्न चाहने जिज्ञासुलाई यसले पक्कै पनि मद्दत गर्नेछ । सूर्योदय नगरपालिकाले पर्यटन र श्रीअन्तु क्षेत्रको विकासबारे नीतिगत निर्णयहरू गर्ने क्रममा यस अध्ययनको निष्कर्षले सहयोग गर्ने छ । घरबास, होटलहरूलाई नियमन गर्न आवश्यक कानुन निर्माणमा सहयोग गर्ने छ । साथै श्रीअन्तुका घरबासमा आउने पाहुनाहरूको चापबाट आन्तरिक तथा ग्रामीण पर्यटनलाई कसरी व्यवस्थापन गर्नु पर्ने रहेछ भन्ने ज्ञान यसले दिएको छ । स्थानीय जनजाति, लोपोन्मुख लाप्चा लगायतलाई घरबास लगायत पर्यटनका विभिन्न गतिविधिमा सामेल नगराउदा घरबासको मौलिकता र अतिथि सत्कार

खस्कँदै जाने रहेछ भन्ने ज्ञान यसले दिएको छ । श्रीअन्तुमा घरबासको कस्तो अभ्यास भइरहेको छ ? घरबासहरू कसरी आधुनिकतातर्फ मोडिइरहेका छन् ? र समाजमा यसको प्रभाव न्युनीकरण गर्दै मौलिकता जोगाउन के गर्नुपर्ने रहेछ भने कुराको यसले प्राज्ञिक अनुसन्धान गरेको छ । यो एक सामाजिक अध्ययन भएकाले यहाँका घरबासबारे छुटेका विषयवस्तुबारे भविष्यमा अनुसन्धान गर्न चाहने अनुसन्धानकर्तालाई पनि यसले सहजता प्रदान गरेको छ ।

## सन्दर्भग्रन्थ सूची (References)


कर्मचारी बचत कोष जिविसको कार्यालय इलाम, *हरियाली दर्पण,* (वि.सं. २०५५) ।

कर्मचारी बचत कोष जिविसको कार्यालय इलाम, *चियाबारी दर्पण,* (वि.सं. २०६२) ।

कार्की, रनबहादुर (वि.सं. २०५८), *इलाम दर्शन,* श्रीमती डिल्ली कुमारी कार्की ।

कार्की, सिंह, गोविन्दमान, (वि.सं. २०६४), *साँस्कृतिक पर्यटन,* एम.के पब्लिसर्स एण्ड डष्ट्रीब्यूटर्स ।

गौतम, धरणीप्रसाद, (वि.सं. २०६५), *इलाम र इलामको साहित्य,* भोलुङ्ग बहुउद्देश्यीय कम्पनी प्रा.लि ।

चेमजोङ, इमानसिंह, (वि.सं. २०५१), *किरात इतिहास र संस्कृति,* (नेपाली अनुवाद शेर बहादुर ईङनाम पापो लिम्बु), प्रकाशन मण्डल ।

जिल्ला विकास समितिको कार्यालय इलाम, *जिल्ला पार्श्वचित्र,* (वि.सं. २०७०) ।

जिल्ला विकास समितिको कार्यालय, *इलाम विकास समाचार र दृष्टिकोण,* (वि.सं. २०७०), विशेष बुलेटिन ।

दहाल, धरणीधर, (वि.सं. २०४१), *सिक्किमको राजनैतिक इतिहास, भाग-१,* सुब्बा प्रकाशन ।

दाहाल, पेशल र खतिवडा, सोमप्रसाद, (वि.स.ं२०६५), *पुरातत्वको परिचय,* एम.के. पब्लिशर्स एण्ड डिष्ट्रीब्यूटर्स ।

दाहाल, पेशल र खतिवडा, सोमप्रसाद, (वि.सं. २०७७), *अनुसन्धान पद्धती,* पैरवी बुक हाउस ।

देवकोटा, पदमलाल र ओझा, नेत्रकुमार, (वि.सं. २०६८), *मानवशास्त्रमा सैद्धान्तिक दृष्टीकोणहरू,* एकेडेमिक बुक सेन्टर ।

नेपाल सरकार सस्कुति पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय, *होमस्टे सञ्चालन कार्य विधि-२०६७*।

*नेपालको संविधान -२०७२,* नेपाल सरकार, कानुन, न्याय तथा संसदीय मामिला मंत्रालय ।

पुरी, उद्धव, (वि.सं. २०५६), *पर्यटन र विकास,* तलेजु प्रकाशन ।

पौडेल, रमेशकिरण, (वि.सं. २०७८), *विश्वशिशामहल श्रीअन्तु,* के के प्रिन्टर्स ।

भट्टराई, ज्ञानेश्वर, (२००२), *बृहत ज्ञानकोष,* आशिष पुस्तक भण्डार ।

भट्टराई, घनश्याम, (वि.सं. २०६६), *Travel and tourism,* प्रधान बुक हाउस ।

भट्टराई, बासुदेव, (वि.स.ं २०५२, अनु- दोस्रो), *श्रीमद्भागवत् महापुराण,* साझा प्रकाशन ।

रावल, करण कुमार, (वि.सं. २०४५), *चिया हेर्दा सूनजस्तो,* एसिया पब्लिकेशन प्रा.लि. ।

लामा, सन्तवीर, (१९५९), *इलाम दर्पण,* सुकिया पोखरी पो.आ. ।

सूर्योदय नगरपालिका इलाम, *सूर्योदय नगरपालिका आवधिक विकास योजना,* (वि.सं. २०७०) ।

Adhikari, R. R. & Khatri, B. (2063 BS). *Theoretical perspectives on sociology / anthropology*. Vidyarthi Pustak Bhandar.

Baden, M. S., & Major, C.H. (eds.) (2010). *New approaches to qualitative research wisdom and uncertainty*. Routledge

Berman, J., & Smyth, R. (2015). *Conceptual frameworks in the doctoral research process: A pedalogical model.* Innovations in education and teaching International

Bhatia, A. K. (2002). *Tourism development*: *Principles and practices*. Sterling Publisher Pvt. Ltd.

Butler, R. (2006). *The tourism area life cycle vol-2.* Channel View Publications.

Creswell, J. W. (2012). *Educational research: Planning, conducting and evaluating quantitative and qualitative research.* PHI learning Pvt. Ltd.

Creswell, J. W. (2009). *Research design: Qualitative, quantitative and mixed method approaches* (3rd ed.). Sage Publications India Pvt. Ltd.

Creswell. J. W. (2011). *Research design ः Qualitative, quantitative and mixed methods approaches*. Sage Publication India Pvt. Ltd.

*District and VDC Profile of Nepal* (2020). Intensive study and research center Pvt. Ltd.

Guba, E. G., & Lincoln, Y. S. (1998). *Fourth generation evaluation.* Sage Publication.

Hargrove, M. C. (2017). *Cultural heritage tourism.* International Kindle Paper White

Jayapalan. N. (2001). *An introduction to tourism*. Atlantic Publishers and Distributors.

Johnson, J. B. & Joslyn, R. A. (1989). *Poltical science research methods*. Prentice Hall of India

Kinni, T. (2011). *Be our guest perfecting the art of customer service.* Disney Editions

Kothari, C. R. (1985). *Research methodology*. Wiswa Prakashan.

Kothari, C. R. (1995). *Research methodology,* (2nd ed.), Wishwa prakashan.

Kneller, G.F. (1971). *Introduction to the philosophy of education.* Macmillan.

Kunwar, R. R. (1997). *Tourism and development*. Author.

Reisinger, Y. (2010). *International tourism*. Taylor and Francis

Robison, P., & Luck, M. (2020). *Tourism.* CABI

Schwerzel, J. (2000). *The Lapcha of  Nepal*. Udaya Books.

Solomon, M. (2016). *The heart of hospitality*. Select Book, Inc.

Tyalor, E. B. (1920). *Primitive culture. Vol-1. John Murray*. Albemarle Street.


## परिशिष्टहरू (Appendices)

### परिशिष्ट क) श्रीअन्तु घरबाससँग सम्बन्धित केही तस्वीरहरू




चित्र नं. १ - नेपालको नक्सामा इलाम जिल्ला र श्रीअन्तु घरवास क्षेत्र ।

स्रोत : गुगल




*घरबास क्षेत्रको जिपिएस लोकेसन म्याप*

स्रोत : गुगल



*चित्र नं. २ - कन्याम चिया बगान ।*

स्रोत : शोधकर्ता आफै



*चित्र नं. ३ - ऐतिहासिक महत्व बोकेको इलाम सदरमुकाममा रहेको माइस्थान मन्दिर ।*

स्रोत : शोधकर्ता आफै



*चित्र नं. ४ - श्रीअन्तु डाँडा ।*

स्रोत : शोधकर्ता आफै



*चित्र नं ५ - सूर्योदयको दृश्य ।*

स्रोत : शोधकर्ता आफै



*चित्र नं ६ - सूर्योदयको दृश्यावलोकनका लागि निर्माण गरिएको टावर ।*

स्रोत : शोधकर्ता आफै



*चित्र नं. ७ - अन्तु डाँडाबाट देखिने कन्याम लगायत गाउँ ।*

स्रोत : शोधकर्ता आफै



*चित्र नं ८ - अन्तुबाट देखिने इलामको उत्तरी भूभाग तथा कञ्चनजङ्गा लगायत हिमालहरू ।*

स्रोत : शोधकर्ता आफै



*चित्र नं ९ - Paying Guest को रूपमा सुरुवात् गरिएको धन कुमार आलेको घर, जुन अहिलेपनि पहिलाको अवस्थामानै रहेको छ ।*

स्रोत : शोधकर्ता आफै



*चित्र नं १०- अन्तु पोखरी सामुदायिक घरबास क्षेत्र ।*

स्रोत : शोधकर्ता आफै



*चित्र नं ११- नेपालको पहिलो चिया बगानसँगै रहेको ऐतिहासिक चिया कारखाना ।*

स्रोत : शोधकर्ता आफै



*चित्र नं १२- घरबास सञ्चालन भएको एक मौलिक घर ।*

स्रोत : शोधकर्ता आफै




*चित्र नं १३ - यही क्षेत्रमा निर्माण भई रहेको आधुनिक घर ।*

स्रोत : शोधकर्ता आफै



*चित्र नं १४ - पूरानो घरछेउमा थपिएका नयाँ घरहरू*

स्रोत : शोधकर्ता आफै



*चित्र नं १५ - घरबासबाट पाहुनालाई विदाई गरिएको दृश्य ।*

स्रोत : शोधकर्ता आफै



*चित्र नं १६ - अन्तु डाँडामा निर्माण गरिएको पक्कि संरचना ।*

स्रोत : शोधकर्ता आफै



*चित्र नं १७ - घरबास क्षेत्रमा खोलिएको होटल ।*

स्रोत : शोधकर्ता आफै



*चित्र नं १८ - अन्तु पोखरी क्षेत्र ।*

स्रोत : शोधकर्ता आफै



*चित्र नं १९ - ८३ वर्षीय एक घरबास सञ्चालक ।*

स्रोत : शोधकर्ता आफै



*चित्र नं २० - लाप्चा सङ्ग्रालय भवन ।*

स्रोत : शोधकर्ता आफै





*चित्र नं २१ - चियाबारी क्षेत्रमा बनाइएका कटेज ।*

स्रोत : शोधकर्ता आफै





*चित्र नं २२ - अन्तु क्षेत्रबाट देखिने निलो / रातो छाना भएका घरहरू ।*

स्रोत : शोधकर्ता आफै



*चित्र नं २३ - कटेज निर्माणका लागि फँडानी गरिएको चिया बगान ।*

स्रोत : शोधकर्ता आफै




*चित्र नं २४ - घरबासको आर्थिक प्रभाव ।*

स्रोत : शोधकर्ता आफै



*चित्र नं २५ - पर्यटकीय नगरीको फिक्कल बजार र छुर्पी व्यवसाय ।*

स्रोत : शोधकर्ता आफै



*चित्र नं २६ - स्वर्गीय जगत ब. लाप्चा ।*

स्रोत : शोधकर्ता आफै



*चित्र नं २७ - सू.न.पा.का नगर प्रमुख तथा उप-प्रमुख सँग तथ्याङ्क संकलनको क्रममा ।*

स्रोत : शोधकर्ता आफै



*चित्र नं. २८ - घरबास सञ्चालन समितिसँग सामुहिक छलफल*

स्रोत : शोधकर्ता आफै



*चित्र नं. २९ - घरबास सञ्चालकसँग सामुहिक छलफल*

स्रोत : शोधकर्ता आफै



*चित्र नं. ३० - घरबास सञ्चालन नगर्ने परिवारसँग छलफल*

स्रोत : शोधकर्ता आफै

# परिशिष्ट-ख चित्र सूची

चित्र नं. १ - नेपालको नक्सामा इलाम जिल्ला ।

चित्र नं. २ - कन्याम चिया बगान ।

चित्र नं. ३ - ऐतिहासिक महत्व बोकेको इलाम सदरमुकाममा रहेको माइस्थान मन्दिर ।

चित्र नं. ४ - श्रीअन्तु डाँडा ।

चित्र नं ५ - सूर्योदयको दृश्य ।

चित्र नं ६ - सूर्योदयको दृश्यावलोकनका लागि निर्माण गरिएको टावर ।

चित्र नं. ७ - श्रीअन्तु डाँडाबाट देखिने कन्याम लगायत गाउँ ।

चित्र नं ८ - श्रीअन्तुबाट देखिने इलामको उत्तरी भूभाग तथा कञ्चनजङ्गा लगायत हिमालहरू ।

चित्र नं ९ - Paying Guest को रूपमा सुरुवात् गरिएको धन कुमार आलेको घर ।

चित्र नं १०- श्रीअन्तु पोखरी सामुदायिक घरबास क्षेत्र ।

चित्र नं ११- नेपालको पहिलो चिया बगानसँगै रहेको ऐतिहासिक चिया कारखाना ।

चित्र नं १२- घरबास सञ्चालन भएको एक मौलिक घर ।

चित्र नं १३ - यही क्षेत्रमा निर्माण भई रहेको आधुनिक घर ।

चित्र नं १४ - पूरानो घरछेउमा थपिएका नयाँ घरहरू

चित्र नं १५ - घरबासबाट पाहुनालाई विदाई गरिएको दृश्य ।

चित्र नं १६ - श्रीअन्तु डाँडामा निर्माण गरिएका पक्कि संरचना ।

चित्र नं १७ - घरबास क्षेत्रमा खोलिएको होटल ।

चित्र नं १८ - श्रीअन्तु पोखरी क्षेत्र ।

चित्र नं १९ - ८३ वर्षीय एक घरबास सञ्चालक ।

चित्र नं २० - लाप्चा सङ्ग्रालय भवन ।

चित्र नं २१ - चियाबारी क्षेत्रमा बनाइएका कटेज ।

चित्र नं २२ - श्रीअन्तु क्षेत्रबाट देखिने निलो / रातो छाना भएका घरहरू ।

चित्र नं २३ - कटेज निर्माणका लागि फँडानी गरिएको चिया बगान ।

चित्र नं २४ - घरबासको आर्थिक प्रभाव ।

चित्र नं २५ - पर्यटकीय नगरीको फिक्कल बजार र छुर्पी व्यवसाय ।

चित्र नं २६ - स्वर्गीय जगत ब. लाप्चा ।

चित्र नं २७ - सू.न.पा.का नगर प्रमुख तथा उप-प्रमुख सँग तथ्याङ्क सङ्कलनको क्रममा ।

चित्र नं. २८ - घरबास सञ्चालन समितिसँग सामूहिक छलफल

चित्र नं. २९ - घरबास सञ्चालकसँग सामुहिक छलफल

चित्र नं. ३० - घरबास सञ्चालन नगर्ने परिवारसँग छलफल

## परिशिष्ट- ग अन्तर्वार्तामा सामेल उत्तरदाताहरू

उत्तरदाता-१ - धन कुमार आले, अध्यक्ष, श्रीअन्तु डाँडा, घरबास सञ्चालन समिति

उत्तरदाता-२ - टेकु पुलामी, घरबास सञ्चालक

उत्तरदाता-३ - राम प्रसाद घिमिरे, सञ्चालक

उत्तरदाता-४ - कर्ण बहादुर आले, सञ्चालक

उत्तरदाता-५ - कैलाश प्रधान- सचिव, श्रीअन्तु डाँडा, घरबास सञ्चालन समिति

उत्तरदाता-६ - तिर्थराज घिमिरे, वडा सचिव, वडा नं. ४, सू.न.पा.

उत्तरदाता-७ - शिवराज घिमिरे, अध्यक्ष, श्रीअन्तु पोखरी, सामुदायिक होमस्टे, श्रीअन्तु

उत्तरदाता-८ - राम बहादुर राई, श्रीअन्तुटावर प्रवेशद्वार टिकट काउन्टरमा कार्यरत कर्मचारी

उत्तरदाता-९ - उर्गेन बम्जन, वडाध्यक्ष, वडा नं ५, सू.न.पा.

उत्तरदता-१० - रण बहादुर राई, नगर प्रमुख, सू.न.पा.

उत्तरदाता-११- उमेश काजी लाप्चा, लाप्चा समुदायका अभियन्ता, स्व. जगत बहादुर लाप्चाका छोरा

उत्तरदाता- १२ - एकराज घिमिरे, घरबास सञ्चालक, विज्ञ, अभियन्ता

उत्तरदाता- १३ - अदिप लाप्चा- लाप्चा समुदायका एक युवा अभियन्ता

## परिशिष्ट- घ) लक्षित समुह छलफलमा सहभागीहरूको विवरण

### लक्षित समुह छलफल - १ (श्रीअन्तु डाँडा सामुदायिक घरबास सञ्चालन समिति)

| **क.स.** | **नाम** | **लिङ्ग** | **उमेर** |
|---|---|---|---|
| १. | कैलाश प्रधान | पु. | ४५ |
| २. | देव प्रसाद श्रेष्ठ | पु. | ५८ |
| ३. | टेक बहादुर आले | पु. | ६० |
| ४. | लक्ष्मि घिमिरे | म. | ४४ |
| ५. | राजु बमजन | पु. | ५२ |
| ६. | उज्वल घिमिरे | पु. | २२ |

### लक्षित समुह छलफल- २ (घरबास सञ्चालकहरू, आले गाउँ, श्रीअन्तु)

| **क.स.** | **नाम** | **उमेर** | **लिङ्ग** | **होमस्टेको नाम** |
|---|---|---|---|---|
| १. | दिपेन्द्र आले | ४८ | पु. | दिपेन्द्र सामुदायिक होमस्टे |
| २. | करिस्मा राई | २७ | म. | विशाल होमस्टे |
| ३. | अनु आले | ३२ | म. | शिवन्य होमस्टे |
| ४. | कर्ण ब. आले | ८३ | पु. | कृषा होमस्टे |
| ५. | दिनेश आले | ४२ | पु. | दिनेश होमस्टे |

### लक्षित समुह छलफल- ३ (घरबास क्षेत्रमा बसोबास भएपनि घरबास सञ्चालन गर्नु नहुने परिवारहरू)

| क.स. | नाम | उमेर | लिङ्ग |
|---|---|---|---|
| १. | नारद खड्का | ५१ | पु. |
| २. | गञ्ज क्षेत्री | ४५ | पु. |
| ३. | बबिता क्षेत्री | ४४ | म. |
| ४. | विष्णु काफ्ले | ४० | पु. |
| ५. | सानु के.सी | ३७ | म. |

## परिशिष्ट ङ) उत्तरदातालाई सोधिएका प्रश्नावलिहरू

### क) एकल अन्तर्वार्तामा सोधिएका प्रश्नावलीहरू

१. घरबास कहिले देखि सञ्चालन गर्नु भयो ?

.............................................................

२. आगन्तुकको चाप कस्तो रहेको छ ?

.............................................................

३. अतिथि सत्कार कसरी गर्नु हुन्छ ?

.............................................................

४. खानपान कस्तो गराउनु हुन्छ ?

.............................................................

५. पूर्वाधारहरूको अवस्था के रहेको छ ?

.............................................................

६. घरबास सञ्चालनबाट आय आर्जनमा कस्तो सहयोग मिलेको छ ?

.............................................................

७. घरबासको सांस्कृतिक प्रभाव के र कस्तो रहेको छ ?

.............................................................

८. यहाँका बालबच्चा, वृद्ध, रोगी र विद्यार्थीलाई कस्तो प्रभाव पारेको छ ?

.............................................................

९. घरबासको पर्यावरणीय प्रभाव छ कि छैन ? भएमा के रहेको छ ?

.............................................................

१०. घरबासको मौलिकता हराउँदै गएको हो कि भन्ने लाग्छ तपाईलाई कस्तो लाग्छ ?

.............................................................

११. मौलिकताको जगेर्ना गर्न के र कस्ता नीतिहरू अवलम्वन गर्नु भएको छ ?

...........................................................

१२. घरबासले पर्यटन प्रवर्द्धनमा कस्तो भूमिका खेलेको छ ?

...........................................................

१३. यहाँको घरबासको इतिहास बारे तपाईलाई के थाहा छ ?

...........................................................

१४. कहिलेदेखि घरबास सञ्चालनमा आए ?

...........................................................

१५. घरबास सञ्चालनमा पालिकाबाट कस्तो सहयोग पाउनु भएको छ ?

...........................................................

१६. स्थानीय लाप्चाहरूले किन घरबास सञ्चालन नगरेका होलान् ?

...........................................................

१७. यहाँ दुई वटा सामुदायिक घरबास सञ्चालन समिति रहेछन् के कारणले होला ?

**खं घरबास सञ्चालन समिति तथा सञ्चालकहरूलाई लक्षित समूह छलफलमा सोधिएका प्रश्नावलीहरू**

१. यहाँ कति घरबासहरू सञ्चालनमा रहेका छन् ?

...........................................................

२. अतिथि सत्कारमा यहाँ के पृथक गर्नु हुन्छ ?

...........................................................

३. अतिथि सत्कार र मौलिकता खच्चकदै गएकोमा के भन्नु हुन्छ ?

...........................................................

५. यहाँका घरबासको क्षमता कति हो ?

...........................................................

६. यहाँ पर्यटकको दैनिक आगमन र औसत बसाई कति रहेको छ ?

..............................................................

७. घरबास सञ्चालन कार्यविधिलाई पालना गर्नु भएको छ कि छैन ?

..............................................................

८. वार्षिक आय कति हुन्छ ?

..............................................................

९. घरबासले यहाँको आर्थिक, सांस्कृतिक र पर्यावरणीय क्षेत्रमा कस्तो प्रभाव पारेको छ ?

..............................................................

१०. घरबासले यहाँको पर्यटन प्रवर्द्धनमा कस्तो भूमिका खेलेका छन् ?

..............................................................

११. यहाँका होटलहरूसँग तपाइहरूको कस्तो सम्बन्ध रहेको छ ?

..............................................................

१२. घरबास क्षेत्रमा जग्गा लिजमा लिएर होटल / कटेज खोलिएकोमा तपाइको के धारणा रहेको छ ?

..............................................................

१३. श्री श्रीअन्तुमा मौलिक घरबास छन् भन्ने जानकारी गराउन के गर्नु पर्ला ?

..............................................................

१४. यो क्षेत्रमा जात्रा, महोत्सव तथा संस्कृति परम्परा के थिए र अहिले कुन रूपमा छन् ? वा लोप भए, हुँदैछन् ? जगेर्नामा के र कस्तो पहल हुँदैछ ?

..............................................................

१५. किन पुरानो घरको छेउमा आधुनिक घर थप्नु भएछ नी ?

..............................................................

१६. घरबासका चुनौतीहरू के देख्नुहुन्छ ?

............................................................

१८. पालिका लगायत सम्बन्धित निकायबाट के अपेक्षा राख्नु हुन्छ ?

............................................................

**ग) स्थानीय लोपोन्मुख जाति लाप्चाबारे दुइजना लाप्चा उत्थान अभियन्तालाई सोधिएका प्रश्नावलीहरू**

१. यहाँ कति घर धुरी लाप्चाहरू हुनुहुन्छ ?

............................................................

२. के कस्तो आय आर्जनमा लाग्नु भएको छ ?

............................................................

३. बाहिरका मानिसहरूले आम्दानी लिइ सके किन तपाईहरू घरबास सञ्चालनमा सरिक हुन सक्नु भएन ?

............................................................

४. घरबासबाट तपाइहरूलाई केही फाइदा छ ?

............................................................

५. घरबासले तपाइको संस्कृतिलाई केही प्रभाव पारेको छ ?

............................................................

६. घरबासवालाहरूको अनुरोधमा तपाइहरूले आफ्ना नृत्य, संगीत प्रस्तुत गर्ने गर्नुभएको छ ?

............................................................

७. घरबास सञ्चालनमा स्थानीय सरकारले उत्प्रेरणा जगाएन ? कि हेर्दै हेरेन ?

............................................................

८. पूर्वाधारको अभाव छ कि ?

..............................................................

९. लाप्चा सङ्ग्रालय, संस्कृतिबारे के गर्दै हुनुहुन्छ ?

..............................................................

१०. तपाइहरूको नयाँ पुस्ता के गर्दै छ ?

..............................................................

११. घरबासबाट प्रत्यक्ष / अप्रत्यक्ष रूपमा तपाइहरूलाई केही फाइदा भएको छ ?

..............................................................

१२. लाप्चा सङ्ग्रालय कहिले सञ्चालन गर्नुहुन्छ ?

..............................................................

१३. लाप्चा संस्कृति झल्कने घरबास सञ्चालन होला नहोला ?

..............................................................

१४. अन्य स्थानीयले तपाइहरूलाई लगाएको आरोप बारे के भन्नुहुन्छ ?

..............................................................

**घ) घरबास क्षेत्र (भञ्ज्याङ्ग बजार) मा बसोबास गरेता पनि घरबास सञ्चालन नगर्ने घर-परिवारलाई सोधिएका प्रश्नावलीहरू**

१. घरबासबारे केही थाहा छ ?

..............................................................

२. किन घरबास सञ्चालन गर्नु भएन ?

..............................................................

३. भोलि घरबास चलाउने योजनामा हुनुहुन्छ ?

..............................................................

४. घरबासबाट अप्रत्यक्ष रूपमा तपाइलाई केही फाइदा छ कि छैन ?

.............................................................

५. घरबासले यो समाजलाई सकारात्मक / नकरात्मक कस्ता प्रभाव पारेका छन् ?

.............................................................

६. घरबासबाट निश्चित व्यक्तिले मात्र आय आर्जन गरिरहेका छन् कि यो ठाउँको विकासमा नै सहयोग पुऱ्याइरहेका छन् ?

.............................................................

७. घरबासबाट कुनै ध्वनी लगायत वातावरणीय प्रदुषण भएको छ ?

.............................................................

८. घरबासबाट समाजमा कुनै विकृति, विसँगती बढेको देख्नु भएको छ ?

.............................................................

९. घरबास सञ्चालकलाई तपाइको केही सुझाव छ ?

.............................................................

१०. स्थानीय सरकारले घरबास सञ्चालनमा केही गरिदिए हुन्थ्यो भन्ने लागेको छ ?

.............................................................

**ङ) सूर्योदय नगरपालिकाका नगर प्रमुख तथा सम्बन्धित वडाध्यक्षहरूलाई सोधिएका प्रश्नावलीहरू**

१. तपाइका पालिकामा सञ्चालित घरबासबारे कतिको जानकार हुनुहुन्छ ?

.............................................................

२. जम्मा कति घरबासहरू सञ्चालनमा रहेका छन् ?

.............................................................

३. श्रीअन्तु क्षेत्रमा प्रवेश गर्ने पर्यटकको कसरी रेकर्ड राख्नु भएको छ ?

.............................................................

४. दैनिक पर्यटकको आगमन संख्या कति रहेको छ ?

.............................................................

५. पालिका / वडामा घरबासबारे नीतिहरू निर्माण गर्नु भएको छ ?

.............................................................

७. घरबासका समस्या र तिनका समाधानका लागि सरोकार वालाहरूसँग छलफल गर्नु भएको छ ?

.............................................................

८. पूर्वाधारको अवस्था के रहेको छ ?

.............................................................

९. घरबासको मौलिकता हराउँदै गएकोमा के भन्नुहुन्छ ?

.............................................................

१०. चिया बगान फडानी गरी होटल / कटेजहरू निर्माण भइरहेकोमा यहाँको के धारणा रहेको छ ?

.............................................................

११. वडा नं. ४ र ५ को सांस्कृतिक सम्पदामा घरबासले केही प्रभाव पारेको छ कि ?

.............................................................

१२. घरबासहरूलाई व्यवस्थित र मौलिक रूपमा सञ्चालन गर्न, गराउन स्थानीय सरकारका के कस्ता योजनाहरू रहेका छन् ?

.............................................................

१३. स्थानीय लाप्चा लगायतले भन्दा बाहिरकोले बढी फाइदा लिएको देखिन्छ ? के भन्नु हुन्छ ?

.............................................................

१४. श्री श्रीअन्तुमा मौलिक घरबास छन् भन्ने जानकारी गराउनु के गर्नु पर्ला ?

.............................................................

१५. पालिकाले करको मात्र कुरा गर्छ भन्ने सञ्चालकहरूको कुरालाई कसरी सम्बोधन गर्नु हुन्छ ?

...........................................................

१६. सू.न.पा.को पर्यटन प्रवर्द्धनमा यिनको के योगदान रहेको छ ?

...........................................................

१७. श्रीअन्तुलाई Homestay Zone बनाउने तर्फ के सोच्नु भएको छ ?

...........................................................

१८. होटल र कटेजले यहाँका घरबासलाई असर गरिरहेका छन् भन्ने स्थानीयहरूको दुखेसो रहेको देखियो । यसबारे पालिकाको के धारणा रहेको छ ?

...........................................................

१९. यहाँको पर्यावरण संरक्षणमा कस्ता योजना बनाउनु भएको छ ?

...........................................................

२०. यहाँको घरबासहरूलाई नेपाल सरकारले जारी गरेको घरबास सञ्चालन कार्यविधि-२०६७ अनुसार सञ्चालन गराउने तर्फ के योजना रहेको छ ?